मङ्सिर – २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क १६ | २०७५, मङ्सिर १६-२९ | पूर्णाङ्क ६३४

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत	**- अध्यक्ष**
मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय	**- सदस्य**
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	**- सदस्य**
वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री रामप्रसाद पौडेल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मन्दिरा शाही
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

पूर्ण इजलास	१	इजलास नं. १०	५
संयुक्त इजलास	१४	इजलास नं. ११	२
इजलास नं. १	३	इजलास नं. १२	२
इजलास नं. २	६	इजलास नं. १३	३
इजलास नं. ३	४	इजलास नं. १४	१२
इजलास नं. ४	५	इजलास नं. १७	१
इजलास नं. ५	३	इजलास नं. १८	२
इजलास नं. ६	२	एकल इजलास	२
इजलास नं. ७	१५		
इजलास नं. ८	७		
इजलास नं. ९	३		
जम्मा	६३	जम्मा	२९

कूल जम्मा ६३ + २९ = ९२

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७५, मङ्सिर – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

Toll Free Number

१६६०–०१–३३३–५५

वा

इमेल ठेगाना

cjs@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.२०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
पूर्ण इजलास			**१ - ३**
१.	बन्दी प्रत्यक्षीकरण	अधिवक्ता गणेश श्रेष्ठ वि. कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंसमेत	
संयुक्त इजलास			**३ - १०**
२.	बहुविवाह	नेपाल सरकार वि. लिलाबहादुर गिरीसमेत	
३.	निषेधाज्ञा	समिर कर्माचार्य वि. जिल्ला प्रशासन कार्यालय, मानभवन ललितपुरसमेत	
४.	उत्प्रेषण	शिव शंकर राय वि. विनोद कुमार अधिकारी	
५.	निषेधाज्ञा	मेनकादेवी श्रेष्ठ वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत	
६.	कर्तव्य ज्यान	लिलावती चिमरियासमेत वि. नेपाल सरकार	
७.	कर्तव्य ज्यान	सुरेश रैका मगर वि. नेपाल सरकार	
८.	उत्प्रेषण / परमादेश	विरेन्द्र राउत वि. जिल्ला विकास समितिको कार्यालय, बारासमेत	
९.	भ्रष्टाचार (हानि नोक्सानी)	नेपाल सरकार वि. टंक आङबुहाङ लिम्बूसमेत	
१०.	अवैधरूपमा गैंडाको चोरी शिकार तथा आखेटो पहार निकासी पैठारी	ठकुरी रानासमेत वि. नेपाल सरकार	
११.	सरकारी छाप दस्तखत किर्ते	नेपाल सरकार वि. आकाश भन्ने प्रकाश मोक्तान लामासमेत	
१२.	उत्प्रेषण	राजनप्रसाद गुप्ता वि. जिल्ला प्रहरी कार्यालय, वीरगञ्जसमेत	
१३.	उत्प्रेषण / परमादेश	अमरसिंह वली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	
१४.	उत्प्रेषण	भरतराज सिवाकोटी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	
इजलास नं. १			**११**
१५.	भ्रष्टाचार	नेपाल सरकार वि. कमलप्रसाद जैसवारसमेत	
इजलास नं. २			**११ - १३**
१६.	बन्दी प्रत्यक्षीकरण	मनोजबहादुर भन्ने अनुपकुमार सिंह वि. उच्च अदालत, पाटनसमेत	

१७.	अंश चलन	कान्छी घिमिरे वि. शिवप्रसाद घिमिरेसमेत	
इजलास नं. ३			**१३ - १७**
१८.	कर्तव्य ज्यान	कैलाश देवकोटासमेत वि. नेपाल सरकार	
१९.	जबरजस्ती करणी तथा हाडनाता करणी	परिवर्तित नाम शैलुङ "ठ" वि. नेपाल सरकार	
२०.	कर्तव्य ज्यान	रेशमबहादुर जि.टि. वि. नेपाल सरकार	
२१.	जबरजस्ती करणी	कुवेरप्रसाद ढुङ्गाना वि. नेपाल सरकार	
इजलास नं. ४			**१७ - २१**
२२.	मोही नामसारी गरिपाउँ	विमलादेवी मेहता वि. बच्चालाल सरदार	
२३.	३ नं. अनुसूची बनाई मोही नामसारी	सोमनराय दनुवार वि. देवकर्ण खाँ थारू	
२४.	जबरजस्ती चोरी, जबरजस्ती करणी र कर्तव्य ज्यान	नेपाल सरकार वि. प्रेमबहादुर शाही	
२५.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. सोनीकला तामाङसमेत	
२६.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. अशोक भुलन लामासमेत	
इजलास नं. ५			**२१ - २३**
२७.	मानव बेचबिखन तथा ओसारपसार	राजु भन्ने सिताराम थिङसमेत वि. नेपाल सरकार	
२८.	उत्प्रेषण / परमादेश	भोजराज भण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत	
२९.	उत्प्रेषण / परमादेश	भोलाकुमार खत्री वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, काठमाडौंसमेत	
इजलास नं. ६			**२३ - २५**
३०.	सवारी ज्यान	नेपाल सरकार वि. कुणालकुमार शर्मा	
३१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. सुदर्शन थपलियासमेत	
इजलास नं. ७			**२५ - ३४**
३२.	जबरजस्ती करणी	टंकबहादुर कार्की वि. नेपाल सरकार	
३३.	लिखत दर्ता बदर दर्ता	एकलास देवी यादवसमेत वि. किसुनलाल यादव	
३४.	जग्गा खिचोला चलन	सुरेशकुमार चौधरी वि. श्यामकुमार चौधरी	
३५.	लागु औषध सेतो हेरोइन	बुद्धिकुमार गुरूङ वि. नेपाल सरकार	
३६.	लिखत दर्ता बदर दर्ता	लक्ष्मीप्रसाद यादवसमेत वि. रूकमति अहिरिन	

३७.	अंश नामसारी	रामसुरत यादव वि. आरती यादवसमेत	
३८.	छुट जग्गा दर्ता	चिरञ्जीवी सापकोटा वि. विकलप्रसाद शेरचन	
३९.	प्रतिषेध / परमादेश	जीतबहादुर मानन्धरसमेत वि. गणेशलाल मानन्धर	
४०.	अदालतको अवहेलना	धेनुका लुइँटेल वि. शिवहरी थापासमेत	
४१.	मोही दर्ता नामसारी	सत्यनारायण कौडगिया वि. इद्रिस मियाँ	
इजलास नं. ८			**३४ - ३८**
४२.	लिलाम सकार निर्णय बदर दर्ता बदर दर्ता	बनु अर्याल वि. पाटन फाइनान्स कम्पनी लिमिटेडसमेत	
४३.	अंशदपोट	मुकुन्द शर्मा पौडेलसमेत वि. पद्मनाथ शर्मा	
४४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. मन्तोरीयाकुमारी मुखिया विनसमेत	
४५.	उत्प्रेषण / परमादेश	प्रवीणकुमार लाभ वि. राष्ट्रपतिको कार्यालय, शितल निवाससमेत	
इजलास नं. ९			**३८ - ४०**
	जालसाजी	भिष्मकुमारी गुरूङ वि. चन्द्रबहादुर खड्कासमेत	
४६.	जग्गा खिचोला	महारूद्र भण्डारीसमेत वि. दिपककुमार कार्की	
४७.	जबरजस्ती करणी उद्योग	नेपाल सरकार वि. माइकल थापा	
इजलास नं. १०			**४० - ४३**
४८.	निषेधाज्ञा	झलकराम अधिकारी वि. शान्तमणी सुवेदी	
४९.	परमादेश	धिरेन्द्रकुमार लाल दास वि. गौर राइस आयल एन्ड फ्लोर मिल्स (नेपाल) लिमिटेड	
५०.	वैदेशिक रोजगार कसुर	कैला मन्सुरी वि. नेपाल सरकार	
५१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. रामकुमार राई	
५२.	जबरजस्ती करणी	अलिमुद्दिन मलिक मुसलमान वि. नेपाल सरकार	
इजलास नं. ११			**४३ - ४५**
५३.	उत्प्रेषण / परमादेश	प्रभावती राई वि. राधिका लामासमेत	
५४.	उत्प्रेषण	श्यामसुन्दर चौधरीसमेत वि. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकुसमेत	
इजलास नं. १२			**४५ - ४६**
५५.	कर्तव्य ज्यान	शान्ति राई वि. नेपाल सरकार	
५६.	नागरिकता	नेपाल सरकार वि. चिन्ना केवटसमेत	
इजलास नं. १३			**४६ - ४८**
५७.	गैंडा मारी खाग बिक्री व्यवसाय गरेको	ठाकुर सिंह तामाङसमेत वि. नेपाल सरकार	

५८.	अपहरण तथा चोरी	नेपाल सरकार वि. हिरामणि चौधरीसमेत	
५९.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. गोठे सार्की	
इजलास नं. १४			**४८ - ४९**
६०.	उत्प्रेषण	मीरा पाख्रिन वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत	
इजलास नं. १७			**४९ - ५०**
६१.	अवहेलना	भरतप्रसाद महतो वि. रामकृष्ण सुवेदीसमेत	
इजलास नं. १८			**५० - ५१**
६२.	लिखत बदर	छक्कु थारूसमेत वि. रामकृष्ण थारूसमेत	
एकल इजलास			**५१ - ५२**
६३.	उत्प्रेषण / प्रतिषेध	वेदप्रसाद काफ्लेसमेत वि. हरिप्रसाद चापागाईंसमेत	
६४.	बन्दी प्रत्यक्षीकरण	अर्जुन पौडेल वि. महानगरीय प्रहरी परिसर टेकुसमेत	

पूर्ण इजलास

स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या. श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी., *०७३*-WF-*००२७*, बन्दीप्रत्यक्षीकरण, *सिरे भन्ने सिरबहादुर तामाङको हकमा अधिवक्ता गणेश श्रेष्ठ वि. कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंसमेत*

निवेदनमा मूल रूपमा मुलुकी ऐन, दण्ड सजायको ४१ नं. बमोजिम ठूलो कैदमा सानो कैद गाभिने र लागु औषध मुद्दामा लागेको जरिवाना रू.५,०००।- मिति २०७३।०५।१४ मा बुझाइसकेकोले ठहर भएको कैद वर्ष ५ मिति २०७३।०७।२२ मा भुक्तान भइसकेकोले तत्पश्चात् थुनामा राख्नु गैरकानूनी हुने भन्ने जिकिर लिएको देखिने।

दण्ड सजायको १० नं. मा जरिवानाको सजाय पाउनेमा सबै ऐनको खत खापी सजाय गर्नुपर्छ। जरिवाना र कैदको सजाय हुनेमा दुवै कलमको ठूलो सजायमा सानो सजाय गाभी ठूलो सजाय गर्नुपर्ने भन्ने व्यवस्था रहेको देखिन्छ। दण्ड सजायको ४१ नं.को माथि वर्णित व्याख्याले एकभन्दा बढी मुद्दामा कैद भएकोमा जुन कलममा ठूलो हद छ सोमा ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्न मिल्ने देखिने।

कानूनी व्यवस्थाको सन्दर्भमा मुलुकी ऐन, चोरीको १४(२) र (३) को व्यवस्था हेर्दा, जबरजस्ती चोरी र रहजनी मुद्दामा "जरिवानाबापत समेत कैद" गर्नुपर्छ भन्ने उल्लेख भएको देखिन्छ। यो जरिवाना तिर्न नसकेर कैदमा बस्ने व्यवस्था होइन। जरिवाना नै तिर्न नपाउने र कैदमा बस्नुपर्ने व्यवस्था हो। मुद्दाको गाम्भीर्यअनुसार कैदको सजाय हुने व्यवस्था हो। तसर्थ, यसलाई जरिवाना मानी जरिवानाको कलममा खत खाप्नु पर्छ भन्न मिल्ने नदेखिने।

हाम्रो न्यायिक अभ्यास र चोरीको २७ नं.मा विभिन्न किसिमका चोरी मुद्दामा सजायको हद तोकिएबाट चोरी र अन्य कसुर गाभी हेर्न नमिल्ने हो कि भन्नलाई चोरीको महलमा वा दण्ड सजायको महलमा स्पष्ट रूपमा त्यसरी ठूलो कैदमा सानो कैद गाभी हेर्न मिल्दैन भनिएको देखिँदैन। अदालतहरूले हालसम्म गरी आएको व्यवहार पनि ठूलो कैदमा सानो कैद गाभिने भन्ने नै हुने।

वादी नेपाल सरकार प्रतिवादी सिरे भन्ने सिरबहादुर तामाङ भएको लागु औषध (खैरो हिरोइन) मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।३।२५ मा फैसला हुँदा निवेदकलाई ५ वर्ष कैद र रू.५०००।– जरिवाना भएकोमा जरिवाना रू.५०००।– बुझाई सकेको देखिन्छ। कैदको हकमा निवेदक मिति २०६८।७।२२ देखि प्रहरी हिरासतमा रहेको देखिन्छ। यसैगरी वादी नेपाल सरकार प्रतिवादी निवेदक सिरे भन्ने सिरबहादुर तामाङ भएको डाँका मुद्दा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१।७ मा फैसला हुँदा उक्त डाँका मुद्दा जबरजस्ती चोरी मुद्दामा परिवर्तन भई निवेदक प्रतिवादीलाई १ महिना १५ दिन कैद र रू. २५,६९०।५० जरिवाना भई जरिवानाबापत समेत कैद हुने गरी २ वर्ष १ महिना २३ दिन कैद हुने भनी फैसला भएको रहेछ। उक्त मुद्दामा निवेदक २०६८।१०।१७ देखि थुनामा रहेको देखिने।

मुलुकी ऐन दण्ड सजायको महलको ४१ नं. ले अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु पर्दैन। फैसला, कैदी पुर्जी र ठेक्ने किताबमा सम्म खुलाई दिनुपर्दछ भन्ने व्यवस्था गरेको पाइन्छ। उक्त कानूनी व्यवस्थाबमोजिम निवेदकलाई लागु औषध मुद्दामा लागेको ५ वर्षको कैदको हदभन्दा जबरजस्ती चोरी मुद्दामा लागेको कैद २ वर्ष ११ महिना २३ दिन लागु औषध मुद्दाको कैदको भन्दा घटी रहेको र यी निवेदक सोही मितिदेखि जबरजस्ती चोरी मुद्दामा मिति २०६८।१०।१७ देखि थुनामा रहेकोले सोही मितिदेखि जबरजस्ती चोरी

मुद्दाको कैद कट्टा हुने हुँदा निवेदकलाई चोरी मुद्दामा लागेको कैद लागु औषध मुद्दामा ठेकिएको कैदको हदभित्रकै देखिँदा जबरजस्ती चोरी मुद्दामा थप कैदको लगत कसी रहनु पर्ने नदेखिने।

निवदेकलाई लागु औषध मुद्दामा लागेको कैदमा चोरी मुद्दामा लागेको जरिवानाबापतको कैद गाभ्न मिल्छ मिल्दैन भन्ने सम्बन्धमा हेर्दा दण्ड सजायको महलको ४१ नम्बरले चोरी मुद्दामा जरिवानाबापत हुने कैद सजाय गाभ्न मिल्दैन भनी रोक लगाएको देखिँदैन । चोरीको महलको २७ नम्बरमा बिगो, जरिवाना, कैद वा तीनै थोकमा समेत गर्दा पनि चोरीमा आठ वर्ष, नकबजनी वा जबरजस्ती चोरीमा दश वर्ष, रहजनीमा बाह्र वर्ष र डाँकामा अठार वर्षभन्दा बढी कैद गर्न हुँदैन भनी गरिएको व्यवस्था चोरीको महलबमोजिम हुने कैदको सजायको हदको व्यवस्था हो । चोरीको २७ नं. ले तोकिएको कैद हद अन्य कानूनबमोजिम हुने कैदमा गाभ्न नमिल्ने भनी विधायिकाले रोक नलगाएको अवस्थमा चोरीको १४(२) नं. बमोजिमको जरिवानाबापतको कैद छुट्टै प्रकृतिको कैद हो भनी दण्ड सजायको महलको ४१ नं. को व्यवस्थाको प्रतिकूल थप कैद गर्नु न्यायोचित नदेखिने।

तसर्थ निवेदकलाई लागु औषध मुद्दामा भएको ५ वर्ष कैदभन्दा जबरजस्ती चोरी मुद्दामा भएको २ वर्ष ११ महिना २३ दिनको कैदको हद घटी रहेकोले जबरजस्ती चोरी मुद्दामा जरिवानाबापत भएको कैद दण्ड सजायको महलको ४१ नं. बमोजिमको व्यवस्थाभन्दा छुट्टै कैद भई ठूलो कैदको हदमा घटी कैद गाभ्न नमिल्ने भन्नेसमेत नदेखिँदा दण्ड सजायको महलको ४१ नं. बमोजिम ठूलो कलमको कैद लागु औषध मुद्दामा ठहर भएको ५ वर्ष कैदको हदसम्म मात्र कैद ठेक्नु पर्ने देखिन आउने।

निवेदक मिति २०६८।०७।२३ बाट लगातार थुनामा रहेको भन्नेमा विवाद नहुँदा निजलाई लागु औषध मुद्दामा भएको ५ वर्ष कैदको सजायमा जबरजस्ती चोरीमा भएको सजाय गाभिई निजको सम्पूर्ण कैद मिति २०७३।०७।२२ मा भुक्तान हुने देखिई सो मितिपश्चात् निज गैरकानूनी थुनामा रहेको देखिन आयो। तसर्थ, काठमाडौं जिल्ला अदालतबाट जरिवाना तिरे २०७६।०५।३० मा जरिवाना दाखिल नगरे मिति २०७६।१२।२० मा छुटी जाने भनी दिएको संशोधित कैदी पुर्जी सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तअनुसार ठूलो कैदको हदलाई कायम गरी कैदको लगत राख्नुपर्नेमा पृथकपृथक लगत कायम गरी कैदको लगत कायम गरेको काठमाडौं जिल्ला अदालतका तहसिलदारबाट भएको आदेश मिलेको नदेखिने।

निवेदकले ठूलो हद ठेकिएको कैद सजाय भुक्तान गरेपश्चात् पनि निजलाई थुनामुक्त नगर्ने विपक्षीहरूको कार्य कानूनविपरीतको देखिन आएकाले निवेदक सिरे भन्ने सिरबहादुर तामाङलाई थुनामुक्त गरिदिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। निवेदकलाई थुनामुक्त गरिदिनु भनी आजै छुट्टै आदेश भई यस अदालतको च.नं. ५३९० मिति २०७४।३।१ को पत्रबाट निजलाई थुनामुक्त गरी दिन लेखी पठाई सकिएको देखिँदा थप केही गरिरहनु नपर्ने।

अतः उपर्युक्त उल्लिखित एवम् विवेचित कारण र आधारहरूबाट यस अदालतको संयुक्त इजलासबाट मिति २०७०।११।१६ मा निवेदक भिमलाल श्रेष्ठ विरूद्ध काठमाडौं जिल्ला अदालत, तहसिल शाखासमेत भएको बन्दी प्रत्यक्षीकरणको निवेदन (०७०-WH-००४१) मा निर्णय हुँदा जबरजस्ती चोरीको कानूनबमोजिम सजाय गर्दा जरिवाना भई सोबापत पनि कैद गर्नुपर्ने व्यवस्थाअनुसार कैद तोक्दाको विशेष अवस्थालाई दण्ड सजायको ४१ नं. ले समेटेको देखिएन भन्ने सिद्धान्तसँग सहमत हुन सकिएन। उक्त रिट निवेदनमा प्रतिपादित सिद्धान्तलाई अब कायम नहुने गरी निष्प्रभावित (OVER RULE)

हुने।
इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल असार १ गते रोज ५ शुभम्।

संयुक्त इजलास

१

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७१-CR-११८८, बहुविवाह, *नेपाल सरकार वि. लिलाबहादुर गिरीसमेत*

जाहेरवाली र बुझिएका केही मानिसको भनाइबाट प्रतिवादीहरूका बीच बहुविवाह भएको भन्ने भए पनि यो यस मितिमा यो यस रीत परम्पराले यो यस मानिसको रोहबरमा विवाह भएको भन्ने वा निजहरूले विवाह दर्ता गरेका छन् भन्ने वा प्रतिवादीहरूका बीच विवाह भएको भन्ने देखिने कुनै तथ्य प्रमाण वादीका तर्फबाट देखाउन वा पेस दाखिल गर्न सकेको अवस्था देखिँदैन । आफूहरूले विवाह गरेको भन्ने वादी दाबीलाई पूर्णतः अस्वीकार गरी मौका तथा अदालतमा समेत प्रतिवादीहरूले बयान गरेको अवस्था छ। यदि प्रतिवादीहरूका बीच विवाह भएको थियो भने भविष्यमा नाता कायमसमेतका पारिवारिक, सामाजिक र कानूनी रूपमा हक अधिकारमा असर पर्ने गरी इन्कारी गर्नुपर्ने कुने तथ्ययुक्त आधार कारण मिसिलबाट नदेखिने।

अतः प्रतिवादी दुवै जनाले आफूहरूका बीच विवाह भएको भन्ने कुरालाई इन्कार गरिरहेको अवस्थामा वस्तुनिष्ठ र ठोस प्रमाणबेगर अदालतबाट निजहरूको विवाह भएको हो भनी निर्णय गर्नु न्याय र कानूनको रोहमा समेत मिल्ने नदेखिँदा वादी दाबीबमोजिम कसुर कायम गरेको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला मिलेको नदेखिई उल्टी हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।५।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः ठगिन्द्र कट्टेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७३ साल भदौ २० गते रोज २ शुभम्।

२

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७१-CI-०३०२, निषेधाज्ञा, *समिर कर्माचार्य वि. जिल्ला प्रशासन कार्यालय, मानभवन ललितपुरसमेत*

प्रस्तुत मुद्दामा प्रत्यर्थी प्रतिवादी विपक्षी समिर ढकाललाई विदेश पठाई दिने र सोबापत निजले रू.१७,५०,०००।– (सत्र लाख पचास हजार) यी पुनरावेदक वादी समिर कर्माचार्यलाई दिने भनी मिति २०७०।९।१ मा दुवै पक्षबीच करारनामा भएको मिसिल संलग्न उक्त करारको प्रतिलिपिबाट देखिन्छ। उक्त कागज जबरजस्ती गरी सहीछाप गराएको हो, मेरो स्वेच्छाले तयार भएको होइन भनी पुनरावेदक समिर कर्माचार्यले निवेदनमा उल्लेख गरेको देखिए तापनि सो जबरजस्ती तयार गरिएको भनिएको कागजउपर कहीँकतै यी पुनरावेदक समिर कर्माचार्यले मौकामा नै उजुर बाजुरसमेत नगरी बसेको देखिँदा उक्त लिखत पुनरावेदकको स्वेच्छापूर्वक तयार गरेको होइन वा थिएन भन्ने पुनरावेदकको भनाईलाई विश्वासलायक मान्न नमिल्ने।

तसर्थ, उल्लिखित आधार र कारणहरूबाट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । अतः निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।३।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः ठगिन्द्र कट्टेल
इति संवत् २०७३ साल भदौ २० गते रोज २ शुभम्।

३

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७१-CI-१३४४, उत्प्रेषण, *शिव शंकर राय वि. विनोद कुमार अधिकारी*

सर्लाही यातायात व्यवसायी संघको विधान, २०५७ को दफा ११(१) बमोजिम गठन भएको र उक्त विधानबमोजिम साधारण सभाको मिति २०६८।१०।२३ गते बसेको बैठकले सो साधारण सभाको निर्णय र प्रस्ताव नं.४ मा विनोदकुमार अधिकारी रहने गरी समिति गठन गरिएको पाइन्छ । सो साधारण सभाले चयन गरेको समितिको कार्यकाल ४ वर्षको हुने विधानको परिषद् ५ को दफा ११(२) मा उल्लेख भएको छ । साधारण सभा बोलाउने अधिकार सोही विधानको दफा ४ ले अध्यक्षलाई प्रदान गरेको पाइयो । यसरी सो यातायात व्यवस्था समितिको साधारण सभा बोलाउने अधिकारविहीन साधारण सदस्यहरूको भेलाबाट मिति २०७०।२।२३ गतेबाट मिति २०७०।३।२९ गते साधारण सभा बस्ने, बसाउन पाउने अधिकारी सो विधानले अध्यक्षबाहेक अरू कसैलाई रहे भएको देखिँदैन । साधारण सभा बोलाउन चाहेमा साधारण सभाको कम्तीमा ५० प्रतिशत सदस्यहरूले अध्यक्षसमक्ष लिखित माग गर्नुपर्नेमा सो माग गरेको भन्ने लिखित जवाफकर्ताबाट भएको पाइँदैन । सो विधानको दफा ५ बमोजिम मिति २०६८।१०।२३ मा बसेको साधारण सभाले गरेको निर्णयको प्रस्ताव नं.४ मा गरेको निर्णय हुँदा विनोदकुमार अधिकारीको अध्यक्षता गठन भएको समितिको कार्यकाल सोही विधानको दफा ११(२) बमोजिम ४ वर्षको हुने उल्लेख भएको देखिन्छ । यसरी मिति २०६८।१०।२३ मा गठन भएको समितिको कार्यकाल ४ वर्ष अर्थात् मिति २०७२।१०।२२ गतेसम्म रहने कुरामा विवाद भएन । वास्तवमा विधानसम्मत गठन भएको समितिको पदावधि समाप्त नहुँदै मिति २०७०।२।२३ को साधारण सदस्यको भेलाले मिति २०७०।३।२९ को भनिएको साधारण सभाबाट विपक्षीहरूको समिति गठन गर्ने कार्य सो विधानविपरीत नै रहे भएको देखिने ।

अतः सर्लाही यातायात बस व्यवसायी समितिअन्तर्गत गठित कार्य समिति मिति २०६८।१०।२३ मा गठन भई मिति २०७२।१०।२२ गतेसम्म ४ वर्षे कार्यकाल रहेको साधारण सभाको विषयवस्तु नै समाप्त भइसकेको देखिँदा औचित्यमा प्रवेश गरी हेर्न नमिल्ने हुँदा प्रस्तुत पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल मङ्सिर २९ गते रोज २ शुभम् ।

४

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७२-CI-०२५१, निषेधाज्ञा, *मेनकादेवी श्रेष्ठ वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

सुरू काठमाडौं जिल्ला अदालतमा विचाराधीन मुद्दाबाट निवेदकले उपचार प्राप्त गर्न पाउने अवस्था विद्यमान नै देखिन्छ । कानूनबमोजिम खरिद बिक्री गरी आफ्नो स्वामित्वमा रहेका जग्गाहरूमा घरलगायतका अन्य आवश्यकीय भौतिक संरचनाको निर्माण कार्य गर्न पाउनु स्वामित्वको अधिकारभित्र नै पर्दछ । नत्र साम्पत्तिक अधिकारको प्रयोग कानूनमा मात्र सीमित हुन पुग्छ । यसरी प्रत्यर्थीहरूको आफ्नो स्वामित्व रहेको जग्गाहरूमा निर्माण गर्न लागेको पर्खाल तथा घरले यी रिट निवेदकको कुनै पनि किसिमको नागरिक अधिकार कुण्ठित हुन गयो भनी भन्न मिल्ने अवस्थाको विद्यमानतासमेत देखिन नआउने ।

अतः निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत,

पाटनको मिति २०७१।११।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ठगिन्द्र कट्टेल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल भदौ २० गते रोज २ शुभम्।

५

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-CR-०४०९, ०७०-CR-११६९ र ०७३-CR-००५५, कर्तव्य ज्यान, *लिलावती चिमरिया वि. नेपाल सरकार, रोशन तामाङ वि. नेपाल सरकार र चन्द्रे भन्ने उपमान राई वि. नेपाल सरकार*

प्रतिवादीहरूको बयान पुष्टि हुने गरी मृतकको टाउकामा चोट रहेको कुरा शव परीक्षण प्रतिवेदनबाट समेत देखिएको र लास जाँच मुचुल्काबाट समेत लास खाल्डोमा पुरिएको अवस्थामा रहेको, मृतकको टाउको सुन्निएको, नाकबाट रगत बगी कपाल भरी लागेको, दाहिने आँखामा नील डाम बसी सुन्निएको, देब्रे आँखा माटो लागी पच्किएको भन्ने बेहोरा उल्लेख भएको देखिन आएकोले मृतक मोहन चिमरियाको मृत्यु यी प्रतिवादीहरूको कर्तव्यबाट भएको भन्ने स्पष्ट हुन आएकाले यी प्रतिवादीहरू रोशन तामाङ र चन्द्रे भन्ने उपमान राईले आरोपित कसुर गरेको ठहऱ्याई निजहरूलाई अभियोग दाबीबमोजिम सजाय हुने र आफ्नो पति मोहन चिमरियालाई मार्नका लागि प्रतिवादीहरू चन्द्रे भन्ने उपमान राई र रोशन तामाङलाई रू.६०००।– दिने गरी सल्लाह गरी पतिलाई मारेपछि सो रकम दिएको कुरा प्रतिवादी लीलावतीको अनुसन्धानको र अदालतको बयानसमेतबाट देखिएकोले पुनरावेदन अदालत, इलामबाट भएको फैसला अन्यथा भयो भन्न नसकिने।

अतः विवेचित तथ्य, आधार र प्रमाणबाट प्रतिवादी लिलावती चिमरियाको सल्लाहमा प्रतिवादीहरू चन्द्रे भन्ने उपमान राई र रोशन तामाङले मृतक मोहन चिमरियालाई सखुवाको काठको बटमले प्रहार गरी कर्तव्य गरी मारेको प्रमाणित भएको देखिँदा प्रतिवादीहरू रोशन तामाङ र चन्द्रे भन्ने उपमान राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादी लीलावती चिमरियालाई सोही महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६९।८।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल चैत ३१ गते रोज ५ शुभम्।

६

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-CR-१५८९, कर्तव्य ज्यान, *सुरेश रैका मगर वि. नेपाल सरकार*

पुनरावेदक / प्रतिवादी सुरेश रैका मगरउपर किटानी जाहेरी परेको देखिन्छ। अनुसन्धान अधिकारी र अदालतमा समेत साबित भएको र मृतकले मलाई जिस्काएकाले उठेको रिस थाम्न नसकी दाउले प्रहार गरेको भनी पुनरावेदकले जिकिर लिए पनि प्रत्यक्षदर्शी मुना अधिकारीले मृतक पसलमा मधु खाई बसिरहेको बेला एक्कासी सुरेश रैका मगर फलामको धारिलो हतियार दाउ बोकी सो पसलमा आई केही नखोली मृतकको टाउकोमा प्रहार गरेको र मृतक भुइँमा लडेपछि पनि पटकपटक टाउकोलगायतको भागमा प्रहार गरेका हुन्, मैले मान्छे मार्‍यो भनी चिच्याएपछि मेरो स्वर सुनी गाउँलेहरू आई निज सुरेशलाई नियन्त्रणमा लिई घाइतेलाई उपचारको लगिएकोमा सोही चोटको कारण निजको मृत्यु भएको हो भनी लेखाई दिएको देखिँदा पुनरावेदकलाई मृतकले जिस्काएको भन्ने कुरा विश्वासयोग्य हुन नसक्ने।

प्रस्तुत मुद्दामा वारदात हुनुपर्ने कुनै तर्कसङ्गत अवस्था सिर्जना नै नभएको अवस्थामा

क्रूरता र नृशंसतापूर्वक भएको धारिलो हतियारको निरन्तर प्रयोगबाट ज्यान मर्न गएको देखियो । यसरी क्रूरता र नृशंसतापूर्वक भएको अपराधजन्य कार्यमा संलग्न प्रतिवादीलाई सजायमा सहुलियत दिनु न्याय र कानूनको दृष्टिबाट उपयुक्त हुने देखिएन । अदालतले घटना घट्दाको अवस्था र घटनाको प्रवृत्तिप्रति संवेदनशील नभई केवल अदालतमा साँचो कुरा भनेको भन्ने आधारमा मात्र दोषीलाई निरपेक्ष रूपबाट सजायमा सहुलियत दिन नमिल्ने ।

अतः विवेचित तथ्य आधार र कारणसमेतबाट प्रस्तुत मुद्दामा पुनरावेदक / प्रतिवादीको पुनरावेदन मागबमोजिम सजायमा सहुलियत दिन मिल्ने अवस्था नदेखिँदा पुनरावेदन अदालत, इलामबाट यी पुनरावेदक / प्रतिवादीलाई आरोपित कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई भएको मिति २०७०।७।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल भदौ २३ गते रोज ३ शुभम् ।

७

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७१-WO-००४१, उत्प्रेषण / परमादेश, *विरेन्द्र राउत वि. जिल्ला विकास समितिको कार्यालय, बारासमेत*

गढीमाई मन्दिरजस्तो विश्वव्यापी ख्याति भएको धार्मिक, ऐतिहासिक र पर्यटकीय क्षेत्रको नामबाट सो स्थान बरियारपुरभन्दा बाहिर रहेका ५ वटा गा.वि.स. मिलाएर गढीमाई नामाकरण गर्दा वास्तविक गढीमाई क्षेत्रको महत्त्व र गरिमा घट्ने र यसबाट यस क्षेत्रका बासिन्दाको साँस्कृतिक, धार्मिकलगायतका मौलिक हकमा आघात पुगेको भन्ने निवेदकको भनाईलाई अन्यथा लिनुपर्ने अवस्था नदेखिने ।

कुनै धार्मिक, ऐतिहासिक र पर्यटकीय महत्त्वको क्षेत्रलाई अवमूल्यन हुने गरी सोबाहिरको क्षेत्रलाई सो महत्त्वको क्षेत्रको उपमा दिँदा सोको महत्त्व घट्ने, अवमूल्यन हुने र सो क्षेत्रप्रति स्थानीय बासिन्दाले राख्दै आएको स्वामित्वभावको अन्त्य हुनसक्ने हुँदा गढीमाई मन्दिरको नामबाट सोभन्दा बाहिरको क्षेत्रलाई गढीमाई नगरपालिका नामाकरण गर्ने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।१।२५ निर्णय कानूनसम्मत देखिन आएन । साथै अन्तरिम आदेश जारी भइसकेपछि निवेदन मागको सम्बोधन हुने गढीमाई मन्दिर रहेको बरियारपुर क्षेत्रको ५ गा.वि.स. समेटी नेपाल सरकारबाट मिति २०७१।८।१६ मा महागढीमाई नगरपालिका घोषणा भए पनि महागढीमाई र गढीमाई नामाकरणबाट स्थानीय बासिन्दामा भ्रम सिर्जना हुने हुँदा निवेदन मागबमोजिम गढीमाई नगरपालिका नामाकरण गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।१।२५ को निर्णय उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब भविष्यमा समेत प्रसिद्ध गढीमाई मन्दिरको नामको नक्कल नगर्नु र अन्यत्र गढीमाई मन्दिर खडा गरेको आधारमा विश्व प्रसिद्ध गढीमाई मन्दिरलाई नै लोप र भ्रम सिर्जना हुने गरी गढीमाईको नामबाट नामाकरण नगर्नु नगराउनु भनी परमादेश जारी हुने ।

इजलास अधिकृतः विदुर काफ्ले

इति संवत् २०७३ साल माघ १८ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७३-MS-०००१, उत्प्रेषण / परमादेश, *विरेन्द्र राउत वि. जिल्ला विकास समितिको कार्यालय, बारासमेतको* मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

८

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७२-CR-१६६१, भ्रष्टाचार (हानि नोक्सानी), *नेपाल सरकार वि. टंक आङबुहाङ लिम्बूसमेत*

नेपाल क्रिकेट सङ्घले कोटेसन माग गरी न्यून अङ्कको कृष्ण ट्रान्सपोर्टसँग सेवा लिएको कार्यलाई आर्थिक लाभ लिई हानि नोक्सानी पुऱ्याउने बदनियत राखी भुक्तानी दिएको भनी मान्न सकिने अवस्था देखिन नआउने।

रू.८७,५७५।- मूल्य बराबरका सामान टि-सर्ट १५० थान, १० थान क्याप व्यक्तिगत रूपमा बिक्री गरी मासी खाई प्रतिवादी विनोदकुमार मैनाली र पूर्ण लामाले आरोपित कसुर गरेको भनी दाबी लिए पनि उक्त सामान न्युजिल्याण्डमा सञ्चालन क्रिकेट खेलसँग सम्बन्धित रहेका, उक्त सामान खेल सञ्चालनस्थलमा प्रचारको लागि वितरण गरिएको हो। बिक्री गरी हिनामिना गरेको होइन भनी प्रतिवादीहरू इन्कार रही बयान गरेको देखिन्छ। सामान डेलीभरी दिने राजेश रूपाखेतीले बकपत्र गर्दा उक्त रकम प्रतिवादी पूर्ण लामाबाट भुक्तानी पाएको भनी उल्लेख गरेको देखिन्छ। अन्तर्राष्ट्रिय स्तरको खेलमा नेपालको तर्फबाट आफ्नो मुलुकको प्रचार प्रसार र खेलाडीलाई प्रोत्साहनको लागि वितरण गरिने उक्त टि-सर्ट तथा क्याप यी प्रत्यर्थी प्रतिवादीहरूले बिक्री गरी मासी खाने प्रयोजनबाट आरोपित कसुर गरेका रहेछन् भनी विश्वास गर्न सकिने तथ्ययुक्त आधार प्रमाण देखिन नआउने।

अतः विवेचित आधार कारण र प्रमाणसमेतबाट काठमाडौं मूलपानीस्थित क्रिकेट मैदान तथा पेभेलियन निर्माण कार्य नभएको अवस्था नदेखिएको, क्रिकेट खेलसँग सम्बन्धित सामाग्रीहरू सम्बन्धित खेलाडीहरूले बुझेको भन्ने निजहरूले गरी दिएको भरपाईबाट देखिएको, भाडामा दिएको घरको सम्झौताबमोजिम घरधनीलाई रकम भुक्तानी गरेको देखिएको, आवश्यकतानुसार नै सुरक्षा गार्ड र समन्वयकर्ता राखेबापतको खर्च बेमनासिब भन्ने नदेखिएको, टि-सर्ट तथा क्यापको रकम नेपाल क्रिकेट सङ्घबाट नभई पूर्ण लामाबाट पाएको भन्ने राजेशप्रसाद रूपाखेतीको बकपत्रबाट देखिएको, विभिन्न अन्तर्राष्ट्रिय स्तरमा सञ्चालित क्रिकेट खेलमा बढी संख्यामा व्यक्तिहरू पठाउनु पर्ने कारण र आधार खुलाई पठाएको देखिएको, ICC बाट प्राप्त भएको रकम नै ट्रान्सपोर्टको लागि भुक्तानी भएको भन्ने बयान बेहोरा रहेकोसमेतबाट यी प्रतिवादीहरू टंक आङबुहाङ लिम्बू, सुनिलमान अमात्य, राजुबाबु श्रेष्ठ, अशोकनाथ प्याकुरेल, ठाकुर प्रताप थापा, अरूण उपाध्याय, किरण शमशेर राणा, चतुरबहादुर चन्द, ठाकुरप्रसाद पहाडी, पूर्णबहादुर लामा, विनोदकुमार मैनाली, कृष्णप्रसाद पाण्डे, राजकुमार खड्का, रामशरण देउजा, छविलाल अधिकारी, पवन पाठक, सूर्यप्रसाद अधिकारी, उमेशमान श्रेष्ठसमेतले आरोपित दाबीबमोजिमको कसुर गरेको भन्ने स्पष्ट आधार प्रमाण नदेखिएको र शंकाको भरमा मात्र यी प्रत्यर्थी प्रतिवादीहरूलाई कसुरदार ठहऱ्याउन न्यायसङ्गत नहुँदा यी सबै प्रत्यर्थी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७२।०७।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ठगिन्द्र कट्टेल / कोशलेश्वर झवाली
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम्।

९

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७२-CR-०४००, अवैधरूपमा गैंडाको चोरी शिकार तथा आखेटो पहार निकासी पैठारी, *ठकुरी रानासमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले बयानमा अपराध नगरेको मरेको गैंडाको खागीसम्म लगेको भन्ने कुरालाई विचार गर्दा कानूनबमोजिम बाहेक वन्यजन्तुको आखेटो पहार चोरी निकासी गर्न नमिल्नेमा प्रतिवादीहरूको कथनअनुसार मरेको अवस्थाको गैंडा भए पनि त्यस्तो मृत गैंडा देखेको भए वनको रेन्जर पोष्टलाई सूचना दिनुपर्नेमा गैंडाको खागी आखेटो पहार निकासी गरेबाट

र बिक्री गरेको कारण यी प्रतिवादीहरूलाई अपराध नै नगरेका हुन् भनी निर्दोष मान्न सकिएन । बयान बेहोराबाट पुनरावेदकहरूमध्ये ठकुरी राना र हरिचन्द्र रानासमेतले गैंडाको खाग चोरीको शैलीमा निकाली बिक्री गरी तथा दिपचन्द्र रानासमेतले मृत गैंडाको हाड हड्डीहरू बिक्रीको लागि चोरीको शैलीमै लगी निजहरू तीनै जनाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०१९ को दफा १० बमोजिमको कसुर गरेको देखिने ।

पुनरावेदकहरूबाट भएको उक्त कसुरजन्य कार्यको गम्भीरतालाई विश्लेषण गर्दा ठकुरी राना र हरिचन्द्र रानाले आरक्षभित्र भेटिएको मृत गैंडाको खाग नै निकाली बिक्री गरेको तथा दिपचन्द्र राना, ठकुरी राना र हरिचन्द्र रानासमेतले खाग निकाली सकेको गैंडाको छरिएको हाड हड्डी जम्मा गरी बिक्रीको लागि लगेको कार्यलाई समान कोटीको आपराधिक कार्यमा राख्न न्यायोचित हुने नदेखिँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०१९ को दफा २६(१) को सीमाभित्र रही प्रतिवादीहरूमध्ये ठकुरी राना र हरिचन्द्र रानालाई एक किसिमको र दिपचन्द्र रानालाई अर्को किसिमको सजाय गर्नु न्यायोचित र औचित्यपूर्ण हुने नै देखिने ।

अतः विवेचित तथ्य, कानून र कारणसमेतका आधारमा विश्लेषण गर्दा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०७२।२।३१ मा प्रतिवादीहरूलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम पुनरावेदक / प्रतिवादीहरूमध्ये ठकुरी राना र हरिचन्द्र रानालाई जनही रू.एक लाख जरिवाना र १३ वर्ष कैद तथा दिपचन्द्र रानालाई रू. पचास हजार जरिवाना र १० वर्ष कैद सजाय हुने ठहर गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

इति संवत् २०७३ साल भदौ २३ गते रोज ३ शुभम् ।

१०

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-CR-०३४४, सरकारी छाप दस्तखत किर्ते, *नेपाल सरकार वि. आकाश भन्ने प्रकाश मोक्तान लामासमेत*

प्रतिवादी शेषदिल महमदले समेत प्रहरीमा उक्त नक्कली सवारी दर्ता किताब दुषाध आलमलाई तयार गर्न लगाएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरूलाई मतियार कायम गरी भएको फैसला मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा बरामद भएको सवारी दर्ता किताबमा भएको सहीछाप प्रतिवादी शेषदिल महमदको हस्ताक्षरसँग यकिन नभएको भन्ने विशेषज्ञको राय प्रतिवेदनबाट देखिन्छ । प्रतिवादी शेषदिलले दुषाद आलममार्फत बनाउन लगाएको भनी अनुसन्धानको क्रममा बयान गरेको भए पनि उक्त व्यक्तिको सम्बन्धमा अनुसन्धान भएको देखिँदैन । यसरी मिसिल संलग्न प्रमाणबाट सरकारी छाप दस्तखत गरी सवारी दर्ता किताब तयार गर्ने कार्यमा प्रतिवादीहरू मतियारसम्म रहेको देखिँदा मतियारमा सजाय गर्ने गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ मिसिल संलग्न प्रमाण र माथि विवेचित आधारसमेतबाट यी प्रतिवादीहरूलाई सरकारी छाप दस्तखत किर्तेतर्फ मतियारसम्म ठहर गरी किर्ते कागजको महलको ११ नं. बमोजिम जनही रू. २५ जरिवाना र ६ महिना कैद गर्ने गरी भएको सुरू फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।११।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम् ।

११

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०६५-WO-०६०५, उत्प्रेषण, *राजनप्रसाद*

गुप्ता वि. जिल्ला प्रहरी कार्यालय, वीरगञ्जसमेत

रिट निवेदकलाई प्रहरी सेवाबाट बरखास्त गर्ने गरी जिल्ला प्रहरी कार्यालय, पर्साबाट मिति २०६२।४।४ मा निर्णय भएको र सो निर्णयउपर निजले पुनरावेदन गरेकोमा पुनरावेदन तहबाट समेत मिति २०६२।६।१० मा सुरू निर्णय सदर कायम हुने ठहरी निर्णय भएको र सो निर्णयको जानकारीसमेत यी रिट निवेदकले मिति २०६२।७।६ मा प्राप्त गरेको देखिएको छ। निजले सो निर्णय विरूद्ध ३ वर्षभन्दा बढी ढिलाई गरी मिति २०६५।१२।१९ मा प्रस्तुत रिट निवेदन दायर गरेको देखियो। न्यायिक उपचारको लागि अदालत प्रवेश गर्न ढिलाई हुने कुनै उचित वा मनासिब कारण देखाउन सकेको पाइएन। विना कारण निवेदक अनुचित विलम्ब गरी अदातलमा प्रवेश गरेको देखिन आउने।

अतः उल्लिखित आधार कारणबाट यी रिट निवेदकलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट बरखास्त गर्ने गरी मिति २०६२।४।४ मा भएको निर्णय पुनरावेदन तहबाट सदर हुने गरी मिति २०६२।६।१० मा निर्णय भएको र सो निर्णयको जानकारी निवेदकले २०६२।७।६ मा प्राप्त गरेको देखिएको र प्रस्तुत रिट निवेदन तीन वर्षभन्दा बढी ढिलाई गरी मिति २०६५।१२।१९ मा अनुचित विलम्ब गरी दायर भएको देखिँदा निवेदनको अन्य तथ्यमा प्रवेश गरी हेर्नु मनासिब देखिएन। अनुचित विलम्बको सिद्धान्तका आधारमा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम्।

१२

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०७२-WO-०५८७, उत्प्रेषण / परमादेश, *अमरसिंह वली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको हुन लागेको निर्वाचन नेपालको संविधानको प्रस्तावना र धारा ५० अनुसार राज्यले लिएको समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तअनुसार समावेशी र सहभागितामूलक हुनुपर्नेमा त्यसो हुन नसकेको, निर्वाचनको मिति घोषणा र प्रमुख निर्वाचन अधिकृतको नियुक्तिलगायतका कामकारबाही विधि र प्रक्रियासम्मत नभएको भन्ने निवेदकको भनाईलाई अन्यथा लिनुपर्ने अवस्था देखिँदैन । नेपालको संविधानले समानुपातिक समावेशीतालाई राज्य नीतिको मूलभूत सिद्धान्तको रूपमा स्वीकार गरेको पाइने।

निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन राज्ययन्त्रमा कार्यरत राष्ट्रसेवकहरूकै पेसागत माग, संवाद र सामूहिक सौदाबाजीसँग सम्बन्धित युनियन भएकोले संविधान तथा कानूनले आत्मसात् गरेको समावेशी र सहभागितामूलक सिद्धान्तको अनुशरण आधिकारिक ट्रेड युनियनको निर्वाचनमा पनि गरिनु उपयुक्त नै हुन्छ । साथै निजामती सेवा नियमावली, २०५० को नियम ११७क को उपनियम (१२)(छ) अनुसार आधिकारिक ट्रेड युनियनको निर्वाचनको मिति र समय पहिलो पटकलाई केन्द्रीयस्तरको हकमा श्रम तथा रोजगार प्रवर्द्धन विभागले र विभागीय / जिल्ला स्तरको हकमा सम्बन्धित श्रम कार्यालयले तोक्नेछ। त्यसपछि हुने निर्वाचनको मिति सम्बन्धित आधिकारिक ट्रेड युनियन र श्रम तथा रोजगार प्रवर्द्धन विभाग वा सम्बन्धित श्रम कार्यालयको आपसी सहमतिमा तय गरिने व्यवस्था हुँदाहुँदै निर्वाचनको मिति घोषणा गर्न सामान्य प्रशासन मन्त्रालयले च.नं.१३७ मिति २०७२।९।२६ को पत्रबाट श्रम तथा रोजगार मन्त्रालयलाई सिफारिस गरेको पत्रमा मा. मन्त्रिस्तरको मिति २०७२।९।२४ को निर्णयानुसार सिफारिस गरिएको भनी उल्लेख भएको देखिन्छ। निवेदन जिकिर र मिसिलसंलग्न कागजात

अध्ययन गरी हेर्दा आधिकारिक ट्रेड युनियनको निर्वाचनसम्बन्धी उल्लिखित कानूनी व्यवस्था र निर्वाचन गराउनको लागि भएका निर्णय एवम् काम कारबाहीहरूबीच तादात्म्यता मिलेको नदेखिने।

विधि र प्रक्रिया मिचेर गरिएका कार्यलाई कानूनसम्मत मान्न सकिँदैन। यसबाट निर्वाचनसम्बन्धी कामकारबाहीहरू गर्दा प्रचलित कानूनी व्यवस्था र सो कानूनअन्तर्गतका विधि र प्रक्रियाको पालना गर्नुपर्दछ भन्ने निवेदकको जिकिरलाई अन्यथा मान्न सकिँदैन। तथापि निवेदन मागबमोजिमको आधिकारिक ट्रेड युनियनको निर्वाचन मिति २०७३।२।१९ मा सम्पन्न भई केन्द्रीय / विभागीय / जिल्लास्तरमा आधिकारिक ट्रेड युनियन गठन भई क्रियाशीलसमेत भइसकेको देखिँदा निवेदन मागबमोजिम रिट जारी गरिरहनु पर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम्।

१३

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०७१-WO-०३२४, उत्प्रेषण, *भरतराज सिवाकोटी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

राष्ट्रिय प्राथमिकताप्राप्त राष्ट्रिय गौरवको प्रस्तुत आयोजनाको लागि बोलपत्र सूचना प्रकाशित गर्दा ३० दिनको मात्र म्याद दिँदा अन्तर्राष्ट्रिय विडर्स कम्पनीहरूको लागि समय कम भई सहभागी बन्ने अवसर उपलब्ध नहुने हुँदा ४५ दिनको सूचना प्रकाशित हुनुपर्दछ भन्ने भनाई रिट निवेदकको रहेको छ। धेरै ठूलो लगानीमा निर्माण हुने राष्ट्रिय गौरवको आयोजनामा बोलपत्र सूचना प्रकाशित गर्दा अन्तर्राष्ट्रिय स्तरका कम्पनी वा संस्थाहरूबीच खुला प्रतिस्पर्धा हुन सक्ने गरी समयावधि दिनु पर्ने भन्ने निवेदकको भनाईलाई अन्यथा मान्नुपर्ने देखिँदैन। यस्ता आयोजनाहरूको मनसायपत्रको सूचना प्रकाशन गर्दा यति नै समयावधि दिइनुपर्दछ भनी पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ तथा सोको नियमावलीमा तोकेको देखिँदैन। साथै पूर्वाधार संरचना निर्माणसँग सम्बन्धित प्रस्तुत आयोजनाको मनसायपत्र पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ अनुसार आह्वान गरिएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(४) अनुसार ४५ दिने सूचना प्रकाशित गरिनुपर्दछ भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः काठमाडौं तराई मधेस द्रूतमार्ग सडक आयोजनाको प्रकृतिलाई हेर्दा यस्ता आयोजनाको निर्माण गर्न पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ मा भएको कानूनी व्यवस्था आत्मसात् गरी प्रकाशित भएको सूचना कानूनसम्मत नै देखिएको एवम् यसै विषयसँग सम्बन्धित अधिवक्ता पूर्णबहादुर कुँवरसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको ०७२-WO-०२८३ नं.को रिट निवेदनमा प्रस्तुत काठमाडौं तराई मधेस द्रूतमार्ग सडक आयोजना नेपाल सरकार आफैँले निर्माण गर्ने भनी बजेट विनियोजनसमेत भइसकेकोले परियोजना सम्झौताको औचित्य समाप्त भइसकेको भन्नेसमेतका आधारमा रिट निवेदन खारेज हुने ठहरी यस अदालतबाट मिति २०७३।३।१६ मा फैसला भएकोले प्रस्तुत रिट निवेदनमा समेत निवेदन मागबमोजिम आदेश जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता नरहेकाले प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम्।

इजलास नं. १

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७२-CR-०४०८, भ्रष्टाचार (सरकारी अनुदानको रकम हिनामिना तथा दुरूपयोग गरेको), *नेपाल सरकार वि. कमलप्रसाद जैसवारसमेत*

विद्यालय सञ्चालन गर्ने व्यक्ति र विद्यालयको अनुगमन, निरीक्षण एवम् सुपरीवेक्षण गर्ने स्रोत व्यक्तिसमेतले गलत र कृत्रिम विवरण देखाई सरकारी रकम निकासा गराउनु र प्राप्त गर्नु कानूनबमोजिमको असल कार्य होइन । विद्यालय सञ्चालन गर्नेले शिक्षा नियमावली, २०५९ को अनुसूची ३ ले निर्धारण गरेको मापदण्ड पूरा गर्नु अनिवार्य हो भने राष्ट्रसेवक स्रोत व्यक्तिले पनि आफूलाई कानूनले प्रदान गरेको काम, कर्तव्य र अधिकार कानूनबमोजिम पालना गर्नुपर्दछ । गलत र कृत्रिम कार्यको परिणाम स्वरूप नेपाल सरकारलाई हानि नोक्सानी पुग्न गएमा हानि नोक्सानीअनुसारको सजाय अवश्य हुन्छ । त्यो कानूनको शासनको अभिष्ट हुने ।

प्रस्तुत मुद्दा मिति २०७१।७।२१ मा विशेष अदालतमा दायर भएको देखिन्छ । तर विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर हुनुभन्दा पहिले नै मिति २०७१।३।१७ मा नेपाल सरकार, शिक्षा मन्त्रालयले बेरूजु रकम फिर्ता गर्न सम्बन्धित विद्यालयलाई जारी गरेको सूचनाको आधारमा जिल्ला शिक्षा कार्यालयको पत्र प्राप्त भएपश्चात् १ महिनाको अवधिमा नै बेरूजु रकम विद्यालयले फिर्ता गरेको देखिँदा विशेष अदालतको फैसलामा त्रुटि देखिएन । जहाँसम्म वादीको पुनरावेदनमा बेरूजु देखिएको बिगो फिर्ता भए पनि कैद सजाय हुने नै हुँदा प्रतिवादीहरूलाई कसुरदार ठहर गरिनु पर्दछ भन्ने दाबी छ, सो सम्बन्धमा विचार गर्दा आरोपपत्र दायर हुनुभन्दा पहिले नै शिक्षा मन्त्रालयको सूचनाको आधारमा भएको पत्रचारको आधारमा बेरूजु रकम फिर्ता भइसकेको कुरामाथि विवेचना भइसकेको छ । यसरी वादी पक्षले जुन रकमलाई प्रतिवादीले हिनामिना गरी भ्रष्टाचार गरेको भनी दाबी लिएको छ, सो रकम नै नेपाल सरकारको नीतिगत निर्णयको आधारमा फिर्ता भएकोले प्रतिवादीहरू कसुरदार हुन् भन्न मिल्ने आधार र कारण नदेखिने ।

अतः विवेचित आधार र कारणबाट प्रतिवादीहरूलाई सफाइ दिने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७१।२।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल जेठ २३ गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CR-०९४७, भ्रष्टाचार (सरकारी अनुदानको रकम हिनामिना तथा दुरूपयोग गरेको), *नेपाल सरकार वि. सहुव मिया मुकेरीसमेत*
- ०७२-CR-०९९२, भ्रष्टाचार (सरकारी अनुदानको रकम हिनामिना तथा दुरूपयोग गरेको), *नेपाल सरकार वि. समिरकला कुमारीसमेत*

इजलास नं. २

१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री हरिकृष्ण कार्की, ०७३-WH-००८३, बन्दीप्रत्यक्षीकरण, *मनोजबहादुर भन्ने अनुपकुमार सिंह वि. उच्च अदालत, पाटनसमेत*

वैदेशिक रोजगारीसम्बन्धी विषय जोडिएको भए पनि कुनै विषयको कुनै बेहोराले कसैले कसैलाई ठगी गरेको र ठगीको परिभाषाभित्र पर्ने कसुरलाई मुलुकी ऐन, ठगीको महलबमोजिम कसुर प्रमाणित भई कसुरदार देखिएमा सजाय गर्न नमिल्ने देखिँदैन । वैदेशिक रोजगारमा पठाउन गफलतमा पारी आफूलाई फाइदा र अरूलाई नोक्सान पार्ने कार्य गरेको कसुर ठगीको महलको २ नं. ले परिभाषित कसुरभित्र पर्ने नै

देखिएको र वैकल्पिक कानूनी व्यवस्थाबमोजिमको सरकार वादी भई चलेको मुद्दालाई क्षेत्राधिकारको अभाव रहेको भन्न मिल्नेसमेत नदेखिएकोले निवेदन दाबीबमोजिम वैदेशिक रोजगार ऐनअन्तर्गत नचलाएको भन्ने कारणले मात्र गैरकानूनी भन्न मिल्ने नदेखिने।

मूलत: मातहत दुई तह अदालतबाट सामान्य कानूनी व्यवस्थाअन्तर्गत निरूपण भई टुङ्गो लागिसकेको विषयवस्तुमा यस अदालतले रिट क्षेत्राधिकारबाट पुनरावेदन सुनेसरह हस्तक्षेप गर्दै जाने हो भने विवादको कहिल्यै पनि अन्त्य हुन नसक्ने र अदालतको साधारण क्षेत्राधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थासमेत अर्थहीन हुन जाने ।

बन्दीप्रत्यक्षीकरणको रिटबाट विवादको तथ्यभित्र प्रवेश गरी थुनाको औचित्य खोजी गर्ने कार्य गरिँदैन । बन्दीलाई थुनाबाट राखिएको कार्यको वैधतासम्म परीक्षण गरी गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएमा बन्दीलाई त्यस्तो थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

क्षेत्राधिकार सम्पन्न सुरू जिल्ला अदालतबाट सामान्य कानूनी व्यवस्थाअनुरूप निवेदकलाई थुनामा राख्ने गरेको आदेशलाई कानूनसम्मत रहेको भनी पुनरावेदन सुन्ने उच्च अदालतबाट समेत सदर भई निवेदक प्रतिवादीको थुना बेरीतको नभई विवाद निरूपण भइसकेको अवस्थामा रिटको माध्यमबाट विवादको तथ्यभित्र प्रवेश गर्न नमिल्ने।

तसर्थ विवेचित आधार कारणसमेतबाट निवेदक प्रतिवादीलाई थुनामा राख्ने कार्य गैरकानूनी नदेखिएकोले ललितपुर जिल्ला अदालतको मिति २०७३।९।१७ र उच्च अदालत, पाटनको मिति २०७४।१।७ को आदेश गैरकानूनी रहेको नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल असार ४ गते रोज १ शुभम्।

२

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०६४-CI-१००१, अंश चलन, *कान्छी घिमिरे वि. शिवप्रसाद घिमिरेसमेत*

पुनरावेदक वादी र विष्णुप्रसादबीच विवाह नहुँदैका अवस्थामा देवकुमारीले सासु जगतकुमारी र पति विष्णुप्रसादलाई विपक्षी बनाई मिति २०२२।७।२ मा काठमाडौं जिल्ला अदालतमा दायर गरेको अंश माना चामल मुद्दामा मेरा ससुरा र कान्छा ससुरा हरिप्रसाद मेरो विवाह नहुँदै बाबुसित छुट्टी भिन्न बस्नु भएको बेहोरा उल्लेख गरेको पाइन्छ । सोही मुद्दाको विषयका सन्दर्भमा यी वादीका पति विष्णुप्रसाद घिमिरे र निजकी श्रीमती देवकुमारीबीच मिति २०२२।८।२४ मा घरसारमा गरिएको मिलापत्रको बेहोरामा पिता गोपी भन्ने नितुदया घिमिरे र हरिप्रसाद घिमिरे वि.सं. १९९५ मा नै पिता नरनाथ घिमिरेसँग छुट्टी भिन्न भइसकेको र पिताको समेत मृत्यु भइसकेकोले पिताको भागमा परेको जग्गाहरू आमा जगतकुमारी घिमिरे र म विष्णुप्रसाद घिमिरेले नापीका बेलामा फिल्डबुकमा जनाई भोग चलनसमेत गरेका छौं भनी उल्लेख गरिएको संलग्न प्रमाण मिसिलबाट देखिने।

नापी शाखा चाबहिलबाट प्राप्त फिल्डबुक प्रतिलिपिमा जोताहाको नामथर वतनमा जगतकुमारी घिमिरेको हकमा सही गर्ने छोरा विष्णुप्रसाद र किसानको बेहोरामा यो जग्गा ससुरा नरनाथको नाममा दर्ता निजबाट अंशहक पाएको उल्लेख भई जग्गाको कि.नं., चार किल्ला, किसिम र क्षेत्रफलसमेत लेखिएको देखिन्छ भने सोही फिल्डबुकमा जोताहाको नाम थरमा जगतकुमारी हकमा छोरा विष्णुप्रसाद जोताहाको बेहोरामा यो जग्गा देवर हरिप्रसादको नाउँमा दर्ता निजबाट अंश पाएको उल्लेख भई कि.नं., चार किल्ला, किसिम र क्षेत्रफलसमेत उल्लेख भइरहेको पाइन्छ। यो सरकारी कार्यालयमा अभिलेखको रूपमा रहेको फिल्डबुकको बेहोरालाई वादी पुनरावेदकले अन्यथा भन्न सकेको देखिँदैन । साथै यी वादीको

विष्णुप्रसादसँग विवाह हुनुअगावै देवकुमारीले सासु जगतमाया र पति विष्णुप्रसादसमेतलाई विपक्षी बनाई दायर गरेको अंश माना चामल मुद्दामा मूल पुरूष ससुरा दाजुभाइबीच पहिले नै अंश छुट्टिसकेको बेहोरा लेखिनुलाई यस कारण परिबन्धबाट लेखिएको हो भनी भन्न र देखाउन सकेको अवस्थासमेत नदेखिने ।

पुनरावेदक वादीका पति विष्णुप्रसाद घिमिरेले मिति २०५४।१।३ मा गाउँ विकास समितिको कार्यालय, डाँछीमा आमा जगतकुमारीका नाउँमा रहेको जग्गा आफू एक मात्र हक खाने छोरा भएकोले आफ्नो नाममा दर्ता नामसारीको सिफारिस माग गरी दिएको निवेदनमा पिता गोपी भन्ने नितुदया घिमिरे वि.सं. १९९५ सालमा पिता नरनाथ घिमिरे र हरिप्रसाद घिमिरेसँग छुट्टी भिन्न भएको बेहोरा उल्लेख गरेको देखिन्छ भने आमा जगतकुमारीका नाउँमा रहेको जग्गा विष्णुप्रसादका नाउँमा दर्ता नामसारीका लागि मालपोत कार्यालय, चाबहिलमा कारबाही चलिरहेकै अवस्थामा मिति २०५४।१२।१७ मा विष्णुप्रसादको मृत्यु भएपछि नाता प्रमाणित रहेका छोराछोरीसमेतका नाममा जग्गा दर्ता गरी प्रमाण पुर्जा पाउन यी वादी पुनरावेदकले मालपोत कार्यालयमा मिति २०५७।१२।२८ मा निवेदनसमेत दिएको मिसिल संलग्न कागजातबाट देखिने ।

वादीका पति विष्णुप्रसादले पिता नितुदया र हरिप्रसादबीच अंश छुट्टिसकेको भनी गा.वि.स. कार्यालयबाट सिफारिस माग गरेको, सोही सिफारिससमेतका आधारमा मालपोत कार्यालयमा जग्गा दर्ताका लागि कारबाही चलिरहेको र विष्णुप्रसादको मृत्युपश्चात् नाता प्रमाणित लिई जग्गा नामसारी दर्ताका लागि यी पुनरावेदक वादीले मालपोत कार्यालयमा निवेदन दिएको तथ्यसमेतका आधारमा प्रस्तुत मुद्दा पर्नुभन्दा अगावै मूल अंशियारबीच अंशबन्डा भइसकेको बेहोरालाई यी पुनरावेदक वादीले परोक्ष रूपमा स्वीकार गरेको देखियो । उल्लिखित तथ्य प्रमाणबाट मुलुकी ऐन अंशबन्डा महलको ३० नं. बमोजिम यी पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादीबीच व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको मान्नु पर्ने ।

तसर्थ उल्लिखित बुँदा तथा प्रमाणका आधारमा सुरू काठमाडौं जिल्ला अदालतले वादी दाबी पुग्न नसक्ने ठहऱ्याई मिति २०६०।९।१५ मा गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६२।४।३२ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७४ साल भदौ २१ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरू पनि यसैअनुसार फसला भएका छन्:

- ०६४-CR-०८०३, किर्ते जालसाजी, *कान्छी घिमिरे वि. शिवप्रसाद घिमिरेसमेत*
- ०६४-CR-०८०४, किर्ते जालसाजी, *कान्छी घिमिरे वि. शिवप्रसाद घिमिरेसमेत*
- ०६४-CI-१००२, लिखत बदर, *कान्छी घिमिरे वि. शिवप्रसाद घिमिरेसमेत*
- ०६४-CI-१००३, लिखत बदर, *कान्छी घिमिरे वि. शिवप्रसाद घिमिरेसमेत*

इजलास नं. ३

१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७२-CR-०२८०, ०७२-CR-००९८ र ०७२-CR-०३८४, कर्तव्य ज्यान, *कैलाश देवकोटा वि. नेपाल सरकार, विन्दुकुमारी कुँवर क्षेत्री वि. नेपाल सरकार र नेपाल सरकार वि. राजेश महतोसमेत*

जाहेरी दरखास्त तथा बुझिएका व्यक्तिहरूको कागज र बकपत्रसमेतलाई यी पुनरावेदक / प्रतिवादी विन्दुकुमारी कुँवर क्षेत्रीले अन्यथा भन्न सकेको अवस्था पनि छैन । आफ्नै सामुन्ने वारदात भएको भन्नेमा निजको कुनै ठोस प्रतिवाद छैन । निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा तथा अदालतमा समेत बयान गरी आफूसमेतको सल्लाहमा

कैलाश देवकोटासमेतका प्रतिवादीहरूलाई मिति २०७०।११।०३ गते साँझ घरमा बोलाई ज्यान मार्न लगाएको र सोबापत सुनको सिक्री तथा चाँदीको पाउजु दिएको भन्ने तथ्यमा साबिती भएको देखिएको छ । प्रतिवादीमध्येको कैलाश देवकोटासँगको प्रेम सम्बन्धलाई समेत निज विन्दु कुमारीले अन्यथा भन्न सकेको छैन । यसरी निजले गरेको साबितीलाई जाहेरी दरखास्त, लास जाँच तथा घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा बुझिएका व्यक्ति र जाहेरवालाको बकपत्रसमेतले स्थापित गरिरहेको अवस्थामा निजलाई निर्दोष मान्न सकिने अवस्था नरहेकोले निज प्रतिवादी विन्दु कुमारी कुँवर क्षेत्रीलाई ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम जन्मकैद गर्ने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहने ।

प्रतिवादी कैलाश देवकोटाले अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा समेत बयान गर्दा कसुरमा इन्कारी भई बयान गरेको देखिन्छ । निजलाई पोल गर्ने सहअभियुक्त विन्दुकुमारी कुँवर क्षेत्रीले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा समेत बयान गर्दा यी प्रतिवादीसँग पहिले प्रेम सम्बन्ध रहेको र वारदातको केही समयपूर्व घरमा आई पति मृतक विद्याबहादुरलाई ज्यान मारी दिने कुरा गरेको तथा फोनमा समेत पटकपटक मार्ने काट्ने कुरा गर्ने गरेकोमा सक्ने भए आउ भनी भनेको भन्दै बयान गरेको देखिएको छ । निजको उक्त बयानलाई यी पुनरावेदक / प्रतिवादीले ठोस रूपमा खण्डन गर्न सकेको अवस्था पनि छैन । कसुरमा निजको संलग्नता नभए निजलाई सहअभियुक्तले अनाहकमा पोल गर्ने कारण पनि नदेखिने ।

मृतकको टाउकोमा परेको चोटकै कारण मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनले उल्लेख गरेको र सहअभियुक्त विन्दु कुमारी कुँवरले आफू कसुरमा साबित भई यी सहअभियुक्तलाई गरेको पोललाई जाहेरी दरखास्त, बुझिएका व्यक्तिहरूको कागज, बकपत्रसमेतका अन्य सम्बद्ध प्रमाणहरूले स्थापित गरिरहेको स्थितिमा सहअभियुक्तको बयान प्रमाणमा लिन मिल्ने नै हुन्छ । यस सम्बन्धमा यसै सर्वोच्च अदालतबाट प्रतिपादित 'वारदातमा आफू साबित भई पोल गर्ने सहअभियुक्तहरूको बयानमा विश्वास गर्नु नपर्ने कुनै कारण देखिँदैन' (*ने.का.प.* २०४२ नि.नं.२२६६ पृ.१४४) भनी प्रतिपादित सिद्धान्तसमेत प्रस्तुत सन्दर्भमा सान्दर्भिक रहेकोले यी पुनरावेदक / प्रतिवादी कैलाश देवकोटाले खुकुरी प्रहार गरी सोही चोटपीडाबाट मृतक विद्याबहादुर कुँवरको मृत्यु भएको भन्ने पुष्टि भएकोले निजलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नसकिने ।

ज्यान मार्नमा वचन दिने प्रतिवादी विन्दुकुमारी कुँवर क्षेत्रीले अदालतमा बयान गर्दा यी प्रतिवादीहरू महेन्द्र थापा र राजेश महतोले समेत खुकुरी प्रहार गरेका थिए भनी लेखाउन सकेको देखिँदैन । तापनि निज प्रतिवादीहरू अर्का प्रतिवादी कैलाश देवकोटासँग काम गर्ने निजका चिनजानका भई फोन सम्पर्कसमेत गरेको भनी मौकाको बयानमा विन्दु कुँवरले लेखाई दिएको देखिएको छ । यी प्रतिवादीहरूले लिएको अन्यत्र रहेको भन्ने जिकिर (Alibi) लाई ठोस रूपमा प्रमाणित गर्नसकेको अवस्था पनि छैन । प्रतिवादी कैलाश देवकोटाको गठमेलका यी प्रतिवादीहरूको समेत वारदातमा उपस्थिति भएको तथ्य प्रत्यक्षदर्शीसरह रहेकी सहअभियुक्त विन्दु कुँवरले लेखाई दिएको देखिएको छ । उल्लिखित आधार प्रमाणहरूबाट निजहरूसमेत मृतकलाई मार्ने सल्लाहमा पसी कसुर वारदात भएको स्थानमा उपस्थित रहको भन्ने पुष्टि भइरहेको हुँदा निज प्रतिवादीहरू राजेश महतो र महेन्द्र थापालाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही ३ वर्ष कैद गर्ने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नसकिने ।

अतः उल्लिखित तथ्य प्रमाणका आधारमा प्रतिवादी विन्दुकुमारी कुँवर क्षेत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद

हुने तथा प्रतिवादी कैलाश देवकोटालाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादीहरू राजेश महतो तथा महेन्द्र थापालाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही ३ वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको मिति २०७१।०९।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटरः मिनु शाही

इति संवत् २०७३ साल चैत २१ गते रोज २ शुभम्।

२

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७१-CR-१३६३, जबरजस्ती करणी तथा हाडनाता करणी, *परिवर्तित नाम शैलुङ "ठ" वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०७०।१२।१४ गते पनि पीडितलाई जबरजस्ती करणी गरेको र सोभन्दा पहिले पनि पटकपटक करणी गरेको भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । पीडित स्वयम्ले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिई प्रतिवादीउपर किटानी जाहेरीसमेत दिएको अवस्था छ । पीडितकी आमा सन्तमाया माझीले सञ्चालन गरेको होटलको भित्र तलतिर रहेको कोठामा रहेको खाटमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने घटनास्थल मुचुल्का रहेको तथा पीडितको दाहिने पाखुरामा निल (Contusion) रहेको तथा निजको Hymen Ruptured भएको समेत पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट देखिने।

बुझिएका व्यक्तिहरूले मूल वारदातको सम्बन्धमा सिलसिलेवार कायम राखी, तथ्यहरूमा समेत एकरूपता पूर्ण किसिमले बकपत्र गरिदिएको अवस्था छ । सो कुराहरूलाई पीडितको शारीरिक परीक्षण प्रतिवेदनले समर्थन गरेको अवस्था छ । जाहेरीमा २०७०।१२।१७ गते घरबाट निकालेको भन्ने उल्लेख भएको र सोअनुरूप नै ममता चौलागाई र गंगा शर्मासमेतले कागज र बकपत्रमा समेत सोही बेहोरा खुलाई स्पष्ट लेखाइदिएको देखिएको छ। प्रस्तुत स्थितिमा बुझिएका एकजना व्यक्तिको कागजमा तथा जाहेरवालाको बकपत्रमा १८ गते उल्लेख हुँदैमा सो भन्दाअगाडि १४ गते तथा सोपूर्व पनि पटकपटक भएको कसुरका सम्बन्धमा गरिएको त्यस्तो सिलसिलेवार तथ्य खुलेको बकपत्रलाई शंका गरी प्रमाणमा अग्राह्य गर्नु न्यायसङ्गत नहुने।

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार भई बयान गरेको भए तापनि अनुसन्धान अधिकारीसमक्षको बयानलाई ठोस रूपमा खण्डित गर्न सकेको अवस्था छैन। पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा Hymen ruptured देखिएको छ । त्यस्तो अवस्थामा No fresh injury भन्ने उल्लेख भएको मात्र अवस्थाबाट जबरजस्ती करणी भएको होइन भन्न सकिने अवस्था छैन। पीडितलाई २ वर्ष पहिलादेखि पटकपटक जबरजस्ती करणी भएको भन्ने वारदातको अवस्थाबाट देखिएकोले त्यसरी करणी भएकी पीडितको Hymen ruptured हुनु तर नयाँ घाउचोट नहुनुलाई स्वाभाविक नै मान्नु पर्ने हुन्छ। पीडितको पाखुरामा निल चोट रहेकोसमेत देखिएकोले प्रतिवादीले पीडितलाई डण्डीले हिर्काएको भन्ने पीडितको कथनलाई समर्थन गरिरहेकोसमेतको तथ्यले जबरजस्ती करणी भएको उल्लिखित बेहोरालाई थप पुष्टि गरिरहेको छ । यस्तोमा पीडितले प्रतिवादीउपर जबरजस्ती करणीको झुटा आरोप लगाएका होलान् भनी तर्कसङ्गत रूपमा मान्न सकिने अवस्था पनि देखिँदैन । प्रस्तुत अवस्थामा जाहेरी दरखास्त, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, जाहेरवाला तथा बुझिएका व्यक्तिहरूको कागज बकपत्र, पीडितको शारीरिक परीक्षण प्रतिवेदनलगायतका तथ्य प्रमाणहरूसमेतबाट प्रतिवादी 'शैलुङ ठ' ले पीडित साखै छोरी नाताकी 'शैलुङ ट' लाई जबरजस्ती करणी गरेको भन्ने सप्रमाण पुष्टि हुन आउने।

मुलुकी ऐन, जबरजस्ती करणीको २ नं. को कानूनी व्यवस्था हेर्दा "हाडनाताकी स्वास्नी मानिसको

जबरजस्ती करणी गरेमा यस महलबमोजिमको सजायमा हाडनातामा करणी गर्नेको महलमा लेखिएको सजायसमेत थपी सजाय हुन्छ...” भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिएको तथा प्रस्तुत वारदातमा पीडित ‘शैलुङ ट’ प्रतिवादी ‘शैलुङ ठ’ को साखै छोरी नाताको भन्ने स्थापित रहेको देखिएकोले प्रतिवादीतर्फका कानून व्यवसायीको जिकिरसँग सहमत हुन सकिएन। पुनरावेदन अदालतसमेतबाट प्रतिवादीलाई हाडनाता करणीमा समेत सजाय गर्ने गरी भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहने।

अत: उल्लिखित तथ्य तथा प्रमाणसमेतका आधारमा प्रतिवादी ‘शैलुङ ठ’ ले पीडित निजकै छोरी ‘शैलुङ ट’ लाई जबरजस्ती करणी गरेको भन्ने कसुर ठहरिन आएकोले निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको १, ३(४) नं. बमोजिम ५ वर्ष कैद तथा जबरजस्ती करणीको २ नं. र हाडनाता करणीको १/३ नं. बमोजिम १० वर्ष कैदसमेत जम्मा १५ (पन्ध्र) वर्ष कैद हुने तथा पीडितले प्रतिवादीबाट रू.१,२५,०००।- क्षतिपूर्तिसमेत भराई पाउने ठहरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।१०।०६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

३

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७२-CR-०२८१, कर्तव्य ज्यान, *रेशमबहादुर जि.टि. वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले मृतकमाथि प्रहार गर्ने कुनै औचित्यपूर्ण कारण मिसिलबाट खुल्न सकेको देखिन्न। बिना कारण कसैले कसैलाई मारेको होला भन्ने कुरा पत्यारिलो छैन। प्रतिवादीले घटनाको भोलिपल्ट बिहान उज्यालो भएपछि मृतकका परिवारलाई खबर गर्ने, राति के कसरी घरमा आएको हो सो भन्ने र तत्कालै उपचार गर्न लानेतर्फ कर्तव्यपूर्ण सजगता निर्वाह गरेको देखिँदैन। तर मिसिल संलग्न कुनै पनि कागज प्रमाणबाट मृतक र प्रतिवादीबीच पूर्वरिसइवी रहेको देखिँदैन। राति २/३ बजे सुतेको व्यक्ति निन्द्रा पुगेपछि आफैँ जाग्छ भन्ने सामान्य चिन्तन पनि हुन सक्छ। असारे कामको मेलो भएको कारण त्यति बढी ध्यान नगएको पनि हुनसक्छ। तथापि आफ्नो नाबालक छोरालाई जाहेरवालीलाई खबर गर्न पठाएको देखिएबाट न्यूनतम सजगता भने निजले अपनाएकै देखिने।

मिसिल संलग्न समग्र तथ्यगत र भौतिक प्रमाणबाट प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको क्रमबद्ध तथ्यगत घटनासहितको इन्कारी बयान आपसमा मिले भिडेको अवस्था हुँदा अभियोग दाबी शंकारहित तवरमा पुष्टि हुन सकेको पाइँदैन। प्रतिवादी घटनाको २/४ दिनपछि गाउँघर छोडी विदेश गएको कारण कर्तव्यको आशंका गरिए पनि आफ्नो घरमा सुतेको अवस्थामा देखिएका चोटका कारण मृतकको मृत्यु भएको भन्ने सुनी प्रतिवादीमा डर र त्रास उत्पन्न भएको भनी अनुमान गर्नु प्रस्तुत मुद्दाको रोहमा स्वाभाविक नै हुन जान्छ। उपर्युक्त आधार प्रमाणबाट प्रतिवादीउपरको कर्तव्य ज्यानको अभियोग दाबी मिसिल संलग्न शव परीक्षण प्रतिवेदनसमेतका भौतिक र अन्य बुझिएका तथ्यगत प्रमाणबाट समर्थित हुन नसकेको हुँदा शंका मात्रको आधारमा अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं.को देहाय १ नं. बमोजिमको कसुरदार कायम गरी सोअनुसार सर्वस्वसहित जन्मकैद सजाय गर्ने ठहर गरेको स्याङ्जा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला न्यायको रोहमा मिलेको देखिन नआउने।

तसर्थ, विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादी कुमार घर्ती भन्ने रेशमबहादुर जि.टी. लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ नं. को देहाय १ नं. अनुसारको कसुरदार ठहर गरी सर्वस्वसहित जन्मकैद सजाय गर्ने गरी स्याङ्जा जिल्ला अदालतबाट भएको फैसला सदर

हुने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०७२।२।२८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : रामु शर्मा

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७१-CR-१६०६, जबरजस्ती करणी, *कुवेरप्रसाद ढुङ्गाना वि. नेपाल सरकार*

पीडितले अदालतमा बकपत्र गर्दा प्रतिवादीले वारदातको दिन नरिवल दिनु भएको हो । निजले भान्सा कोठामा लगेर चटी ओछ्याई निजको कट्टु खोली मेरो पनि खोली दिई हल्लिनु भयो, पछि मलाई जा भन्नुभयो। कसैलाई भनिस् भने मुख सिलाई दिन्छु भन्नुभयो । त्यस समयमा मेरो सु गर्ने ठाउँ दुखेको थियो। ममीलाई सुनाएपछि डाक्टरकोमा लगेर औषधी गरेको हो भनी बेहोरा लेखाएको पाइन्छ । बकपत्रकै क्रममा तपाइँलाई स्वस्तिकाको बुबाले साँच्चै छाडा काम गरेको हो कि अरूले सिकाएर भनेको हो भनी जिरह स्वरूप सोधिएको प्रश्नमा कसैले सिकाएको होइन ? साँच्चै छाडा गरेको हो भनी जवाफ दिएको पाइन्छ। पीडितको उक्त बकपत्र बेहोरा सारभूत रूपमा मौकामा भएको कागज र तथ्यगत घटना विवरण उल्लेख भएको जाहेरी बेहोरासँग मिले भिडेको हुँदा प्रमाण ऐन, २०३१ को दफा १८ अनुरूप पुनरावेदक प्रतिवादीका विरूद्धमा प्रमाणमा लिन मिल्ने नै देखिन आउने।

मौकामा पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकलाई बकपत्रका लागि अदालतबाट झिकाउने प्रयास भएको मिसिलबाट देखिन्छ। तर चिकित्सकले सेवा छोडिसकेको कारण निजको बकपत्र हुन नसकेको अस्पतालको पत्राचारबाट पाइन्छ । साधिकार निकाय सरकारी अस्पतालका चिकित्सकबाट भएको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन मौकामा उपचार गर्ने स्वास्थ्य चौकीमा अ.हे.व.पदमा कार्यरत पुष्कर कट्टेलले र पीडित आफैँले अदालतमा गरेको बकपत्रसमेतबाट समर्थित भएको हुँदा उक्त प्रमाणलाई प्रतिवादीको पुनरावेदन जिकिरकै आधारमा अन्यथा भन्न मिल्ने स्थिति नहुने।

प्रतिवादीकै बयानअनुसार प्रतिवादी र जाहेरवालाबीच वारदातको अघिल्लो दिन एक अर्काको साँध सिमाना मिची घाँस काटेकोसम्बन्धी सामान्य विवाद रहेको देखिन्छ। तर वारदातको तत्काल अर्को दिन प्रतिवादीकाउपर जाहेरी दिएको अवस्था छैन। वर्ष ६ की बालिकाले कुन कुरा कहिले भन्ने कुन कहिले भन्दा प्रमाणमा लाग्छ कहिले भन्दा प्रमाणमा लाग्न सक्दैन भन्ने विषय जान्ने बुझ्ने कुरा हुँदैन। यस्ता बालसुलभ मष्तिष्क रहेका बालबालिकाले सम्झनामा आएको समयमा देखेका भोगेका घटना व्यक्त गर्न सक्छन् । यसरी व्यक्त गरेका कुरा वारदातपछि उपचारका क्रममा र पीडितको शरीर परीक्षण गर्दा देखिएका तथ्यगत र भौतिक प्रमाणसमेतबाट समर्थित भएमा त्यसलाई बङ्ग्याई अर्थ लगाउनु न्यायोचित हुँदैन। यस स्थितिमा रिसइवीवश फसाएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर युक्तियुक्त रहेको नदेखिने।

तसर्थ विवेचित आधार र प्रमाणबाट प्रतिवादी कुवेरप्रसाद ढुङ्गानालाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा ऐ.३ नं. को देहाय १ नं. अनुरूप १० वर्ष कैद र ऐ. महलको १० नं. बमोजिम पीडितले क्षतिपूर्तिस्वरूप रू.३०,०००।- प्रतिवादीबाट भरी पाउने ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट मिति २०७१।०९।२० मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

इजलास नं. ४

१

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७१-CI-०४९२, मोही नामसारी

गरिपाउँ, *विमलादेवी मेहता वि. बच्चालाल सरदार*

मोही रामजी सरदारको छोराको नाताले मोही नामसारी हुनुपर्ने दाबी देखिन्छ । प्रतिवादीले रामजी सरदारले भरेको लगत अनुसूचीका सम्बन्धमा अन्यथा जिकिर लिन नसकी स्वीकार नै गरेको हुँदा मुद्दा डिसमिस नहुने ठहऱ्याएको फैसला मुलुकी ऐन, अ.बं. १८५क नं. को देहाय २ को कानूनी व्यवस्थाको प्रतिकूल देखिन आएन। साथै वादी रामजी सरदारको छोरा नै होइनन् भन्ने प्रतिउत्तर जिकिरसँग सम्बन्धित विषयमा अर्को जालसाजी मुद्दा परी विचाराधीन रहेको अवस्थामा दुवै मुद्दाहरू एक अर्कामा अन्तरप्रभावी रहेको देखिन्छ । जालसाजी मुद्दामा हुने फैसलाबाट नै वादी रामजी सरदारको छोरा भए नभएको भन्ने सम्बन्धमा विश्लेषण हुने हुँदा उक्त फैसलाले प्रस्तुत मोही नामसारीसम्बन्धी विवादलाई समेत प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ । यस किसिमको अन्तरसम्बन्धित विवादको निर्णय एकै पटक हुनुपर्ने भएकोले प्रस्तुत मोही नामसारीसम्बन्धी मुद्दामा समेत पूर्ण निर्णयार्थ सुरूमा पठाउने गरी पुनरावेदन अदालतबाट भएको फैसला न्यायोचित नै देखिन आउने।

अतः प्रस्तुत मुद्दामा वादीले तारिख गुजारे पनि मुलुकी ऐन, अ.बं. १८५क नं. को देहाय २ मा दाबी पूरै वा आंशिक स्वीकार गरेको अवस्थामा मिसिल प्रमाणबाट सो हदसम्म इन्साफ गर्ने गरी फैसला गर्नुपर्ने भन्ने कानूनी व्यवस्था भएको देखिएबाट पुनरावेदकले उल्लेख गरेजस्तो मुद्दा डिसमिस नै हुनुपर्छ भन्ने अवस्थाको विद्यमानता देखिन नआएको र प्रतिवादीले प्रतिउत्तर-पत्रमा रामजी सरदारले भरेको लगतबमोजिमको जग्गामा दाबी गर्ने हक विपक्षीलाई छैन भनी उल्लेख गरेबाट एवम् उक्त विवादित जग्गाको १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशितसमेत भएको अवस्थामा यी वादी रामजी सरदारको छोरा भए नभएको जालसाजी मुद्दाबाट यकिन नभई हालै यस मोही नामसारी मुद्दाको फैसला गर्न सक्ने अवस्थासमेत नदेखिएको हुँदा उक्त विचाराधीन जालसाज मुद्दामा हुने फैसलासमेतलाई मध्यनजर गरी जे जो बुझ्नुपर्ने हो सो बुझी पुनः निर्णय गर्नु भनी तारेखमा रहेका पक्षलाई तारेख तोकी मिसिल सुरू भूमिसुधार कार्यालय, सुनसरीमा पठाई दिनु भन्ने पुनरावेदन अदालत, विराटनगरको मिति २०७१।४।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७३ साल चैत ११ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७२-CI-०४२५, ३ नं. अनुसूची बनाई मोही नामसारी, *सोमनराय दनुवार वि. देवकर्ण खाँ थारू*

सर्लाही जिल्ला, लक्ष्मीपुर वडा नं. ६(ख) कित्ता नं. ५० र कि.नं. ८५ को जग्गाको जग्गाधनी वसन्तराज श्रेष्ठ र मोही रामसुनार खाँ थारू भन्ने सुन्दर खाँ थारू भएकोमा निज मोहीको मृत्यु भएकोले आफ्नो नाममा मोही नामसारीसमेत गरिपाउन रामसुनारको छोरा देवकर्ण खाँ थारूले जग्गाधनी वसन्तराज श्रेष्ठलाई प्रतिवादी बनाई भूमिसुधार कार्यालयमा फिराद दिई प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। सो मुद्दामा वसन्तराज श्रेष्ठको तर्फबाट प्रतिउत्तर लगाएको देखिन्छ । उक्त मुद्दा चल्दाचल्दैको अवस्थामा कि.नं. ८५ को जग्गा वसन्तराज श्रेष्ठबाट सोमन राय दनुवारले खरिद गरी जग्गाधनी परिवर्तन भएको भन्ने मिसिल संलग्न वादीको निवेदनबाट देखिन्छ । तर सुरू भूमिसुधार कार्यालयबाट निजलाई झिकाई बुझी प्रतिवादी कायम गरेको देखिन आएन। यस स्थितिमा जग्गाधनी परिवर्तन भएको भन्ने कारणले मात्र स्वतः मुद्दाको पक्ष कायम भएको मान्न मिलेन। मुद्दाको पक्ष नै नभएको व्यक्तिलाई सो मुद्दामा भएको फैसलाउपर पुनरावेदन गर्ने तथा मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने हक प्रचलित कानूनले प्रदान गरेको नदेखिने।

अतः मुद्दाको पक्ष नै नभएका सोमन राय दनुवारलाई मुद्दा दोहोऱ्याई हेर्नको लागि निवेदन दिने हकदैया नै नरहेबाट प्रस्तुत मुद्दामा यस अदालतबाट

निस्सा प्रदान गर्ने गरी भएको आदेशको समेत औचित्यता रहेन। प्रस्तुत पुनरावेदन मुलुकी ऐन, अ.बं. १८० नं. बमोजिम खारेज हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७३ साल चैत ११ गते रोज ६ शुभम्।

३

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७३-RC-०११९, जबरजस्ती चोरी, जबरजस्ती करणी र कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रेमबहादुर शाही*

प्रतिवादी प्रेमबहादुर शाहीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मिति २०७०।९।२८ गते निज ठूली आमा परिवर्तित नामथर सुर्खेत क १९ को घर कोठामा बस्न गएको र निजले आफ्नो घरको माथिल्लो तलामा भएको उत्तरतर्फको कोठामा बिस्तरा लगाउन लागिरहेको अवस्थामा निजलाई मार्ने उद्देश्यले साथमा बोकी लगेको मसला पिस्ने ढुंगाको लोहोरोले निजको पछाडि घुचुकको भागमा जोरले हानी निज भुइँमा ढलेपछि पुन २/३ पटक सोही लोहोरोले हानी कर्तव्य गरी मारी निजले लगाएका लुगाकपडा खोली मृतकलाई १ पटक करणी गरेको र मृतकको घरमा रहेका बाकसहरू तोडफोड गरी बाकसमा भएका नगद तथा मृतकका गहनासमेत चोरी गरी लगेको भनी साबित रहेको देखिन्छ । अदालतसमक्षको बयानमा निज प्रतिवादीले करणी गरेको भन्ने कसुरमा इन्कारी रहे पनि मृतकलाई लोहोरोले हानी मारेको तथा मृतकको नगद तथा सुनका गहनासमेत चोरी गरेको भन्ने कुरालाई स्वीकार नै गरेको पाइने।

प्रतिवादीले जबरजस्ती करणी गरेको कसुरमा सजाय हुनुपर्ने होइन भन्ने जिकिर लिएको देखिए तापनि लास जाँच प्रकृति मुचुल्कामा मृतकको कम्मरभन्दा मुनिको भाग नाङ्गो अवस्थामा रहेको भन्ने उल्लेख भएको, मौकाको बयान कागजमा प्रतिवादीले मृतकलाई करणी गरेकोमा साबित रहेको, अदालतसमक्षको बयानमा पनि मदिरा सेवनकै नसामा मैले सिलौटो पिस्ने लोहोरोले पछाडिबाट मृतक ठूली आमालाई एक पटक टाउकोमा हानेपछि भुइँमा लड्नुभयो र पुन २ चोटी हानेपछि प्राणले छोडेछ, मदिराकै नसा हुँदा अन्य के-के गतिविधि भयो त्यति होस पाइएन भनी उल्लेख गरेको अवस्थामा निज उक्त आरोपित कसुरमा पूर्णरूपमा निर्दोष रहेको भन्न सकिने अवस्था देखिएन । निज प्रतिवादीले मृतककै घरमा बास बसी सुत्ने क्रममा बिस्तरा मिलाउन लागेकी ७० वर्षीय वृद्धालाई लोहोरोले हानी मार्नु आफैँमा क्रूर, अमानवीय र विवेकहीन कार्य देखिइरहेको अवस्थामा निजले जबरजस्ती करणीतर्फ मात्र निर्दोषिताको दाबी गर्नुको कुनै औचित्य नदेखिने।

तसर्थ, विवेचित आधार र कारणबाट प्रतिवादी प्रेमबहादुर शाहीले मृतकलाई लोहोरो प्रहार गरी मारेको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, मृतकलाई जबरजस्ती करणी गरेको कसुरमा जबरजस्ती करणीको महलको ३(५) नं. अनुसार ७ वर्ष कैद र बिगो रू. ७९,३०६।- बराबरको धनमाल चोरी गरेको कसुरमा चोरीको १२ नं. तथा १४(२) नं. बमोजिम १ महिना १५ दिन कैद र दोब्बर जरिवाना रू.१,१८,९५९।- को ४ वर्ष कैदसमेत गरी निज प्रतिवादीलाई ३१ वर्ष १ महिना १५ दिन कैद सजाय हुनेमा मुलुकी ऐन, दण्ड सजायको ८ नं.ले ठूलो सजाय मात्र हुने ठहऱ्याई भएको सुरूको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत, सुर्खेतको मिति २०७३।१।२९ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७४ साल वैशाख १० गते रोज १ शुभम्।

४

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७१-CR-०६१९, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. सोनीकला तामाङसमेत*

सोनीकला तामाङ आरोपित कसुरमा इन्कार रही अनुसन्धान अधिकारीसमक्ष बयान

गरेको देखिएको छ । निजले जाहेरवालाबाट वैदेशिक रोजगारमा पठाई दिन्छु भनी कुनै रकम लिएको पनि देखिँदैन । अर्का प्रतिवादी कुमार राईउपर जाहेरी परेको पनि देखिँदैन र निजले वैदेशिक रोजगारमा पठाई दिन भनी जाहेरवालालाई कुनै लिखत कागज गरी दिएको पनि देखिन आएको छैन । प्रतिवादीमध्येकी सोनीकला तामाङले गरिदिएको लिखत र सो लिखतमा अर्का प्रतिवादी कुमार राईको नाउँ उल्लेख भएको आधारमा मात्र यी प्रतिवादीहरूउपर वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुरमा ऐ.ऐनको दफा ४३ बमोजिमको मागदाबी लिई अभियोगपत्र दायर गरेको पाइन्छ । तर वादीले प्रतिवादीहरूउपर लगाएको उक्त आरोपलाई पुष्टि हुने गरी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार कसुर प्रमाणित हुने कुनै पनि प्रमाणहरू पेस गर्न सकेको पाइँदैन । वैदेशिक रोजगार न्यायाधिकरणबाट अ.बं.११५ नं. बमोजिम म्याद जारी हुँदासमेत जाहेरवाला उपस्थित भई जाहेरीअनुसार प्रतिवादीले वैदेशिक रोजगार ऐनविपरीत अभियोग दाबीअनुसार कसुर गरेको कुरालाई पुष्टि गराउन सकेको पाइँदैन । वास्तविक रूपमा जाहेरीअनुसार वैदेशिक रोजगारीमा लगाइदिनको लागि रकम दिएको भए आफूमाथि भएको अन्यायको सम्बन्धमा अदालतमा उपस्थित भई सो कुरालाई पुष्टि प्रमाणित गराउनु पर्नेमा निज जाहेरवाला बकपत्रको लागि नै उपस्थित हुन आएको नदेखिने ।

अतः प्रतिवादीहरू सोनीकला तामाङ र कुमार राईउपरको अभियोग दाबी वादीले प्रमाणित गर्न सकेको नदेखिँदा निज प्रतिवादीहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ.ऐनको दफा ४३ बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी पुग्न नसक्ने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।४।१८ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम् ।

५

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७१-CR-१०११, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. अशोक भुलन लामासमेत*

प्रतिवादी देवीबहादुर गुरूङको हकमा हेर्दा निज प्रतिवादी अनुसन्धान अधिकारीसमक्ष र अदालतको बयानमा समेत आरोपित कसुरमा इन्कार रहेको देखिन्छ । वारदात समयमा निज अफगानिस्तानमा भएको भन्ने निजको जिकिर रहेको देखिन्छ । निजले जाहेवालालाई मार्ने योजना बनाएको भन्ने जाहेरवालाको भनाइ रहेको देखिन्छ तर पनि वारदातमा निज प्रतिवादीको प्रत्यक्ष संलग्नता भएको भन्ने मिसिल प्रमाणबाट देखिन आएको छैन । जाहेरवालासँग अफगानिस्तानमा एकै कम्पनीमा काम गरेका र जाहेरवालाको सामान नेपाल पठाउने विषयमा निजहरूबीच विवाद रहेको देखिए तापनि निजले के कसरी जाहेरवालालाई मार्ने योजना बनाई षड्यन्त्र गरी आरोपित कसुर गरे भन्ने कुरा विश्वसनीय सबुद प्रमाणबाट प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम पुष्टि हुन सकेको छैन । कुनै पनि व्यक्तिउपर अभियोग लगाउनु मात्र कसुरदार ठहर गर्ने आधार बन्न सक्दैन । प्रतिवादीको कसुर प्रमाणित हुने गरी विवादरहित तवरले ठोस तथ्यपरक आधार प्रमाणहरूबाट पुष्टि प्रमाणित हुनुपर्ने हुन्छ । शंका र पोल आफैँमा विवादरहित प्रमाण हुन सक्दैन । प्रतिवादीले के कस्तो भूमिका निर्वाह गरी ज्यान मार्ने उद्योगको कसुरजन्य कार्य गरेका हुन् र के कस्तो कारणबाट कार्य सम्पन्न गर्न नसकेको हो सो कुरा मिसिल संलग्न तथ्यगत आधारबाट खुल्न आएको नदेखिने ।

प्रतिवादी अशोक भुलन लामाको हकमा हेर्दा निजउपर अभियोगपत्रमा स्पष्ट दाबी लिई सजायको मागदाबी गरेको देखिएन । निज प्रतिवादीले अदालतमा उपस्थित भई आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । निजको साक्षीले वारदातको दिन र समयमा निज प्रतिवादी आफूसँग चापागाउँमा रहेको भनी बकपत्र गरेको देखिन्छ । निज प्रतिवादीले उक्त

वारदातस्थलमा उपस्थित भई के कस्तो भूमिका निर्वाह गरे भन्ने तथ्य अनुसन्धानबाट खुल्न आएको छैन । घटना विवरण कागज गर्ने मानिसहरूले दुईजना मानिसहरू कालो पल्सरमा चढेर जाँदै गरेको र तीमध्येका पछाडि बस्नेले हातमा नाङ्गो खुकुरी लिएका थिए भनी लेखाएको देखिन्छ । जाहेरवालाले ५/६ जना मिलेर घेरा हाली आक्रमण गरेका हुन् भनी जाहेरीमा उल्लेख गरेको पाइन्छ तर ती मानिसहरू को को थिए भनी यकिन हुन सकेको देखिँदैन । यी प्रतिवादीहरूबाहेकका अन्य व्यक्तिहरू टेकजङ्ग लिम्बु, सुजन तामाङ, उमिद पाख्रिन, चे लिम्बु, शुशिल गुरूङ, कान्छा र चाइनिज भन्नेसमेतका हकमा स्पष्ट नाम, थर, वतन तथा निजहरूको प्रस्तुत वारदातमा संलग्नता रहेको भनी खुली आएकोबखत छुट्टै अभियोग पेस गरिने भनी अभियोगपत्रमा उल्लेख गरिएको भएपनि निजहरूलाई पक्राउ गरी थप अनुसन्धान हुन सकेको देखिएन । फौजदारी कसुरमा शंकाको सुविधा अभियुक्तले पाउने सिद्धान्त प्रचलित छ । उक्त वारदातमा यी प्रतिवादीको संलग्नता रहेको भन्न सकिने स्पष्ट आधार र प्रमाणसमेत रहेको नदेखिँदा उक्त सिद्धान्त यी प्रतिवादीको हकमा पनि लागू हुने देखिने ।

अतः उल्लिखित आधार प्रमाणबाट प्रतिवादी देवीबहादुर गुरूङको हकमा अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू फैसला सदर हुने र प्रतिवादी अशोक भुलन लामाको हकमा सुरू फैसला उल्टी गरी निजलाई अभियोग दाबीबाट सफाइ हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत, पाटनको मिति २०७१।०३।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम् ।

इजलास नं. ५

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७१-CR-०३५९, ०७१-CR-०६५२ र ०७१-CR-०६९९, मानव बेचबिखन तथा ओसारपसार, *राजु भन्ने सिताराम थिङ वि. नेपाल सरकार, श्यामबहादुर बम्जन वि. नेपाल सरकार र सत्य भन्ने शशी कुमार तितुङ वि. नेपाल सरकार*

पीडितको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान अदालतबाट प्रमाणित भएको अवस्थामा मिसिल संलग्न प्रमाणहरूबाट अन्यथा प्रमाणित नभएसम्म प्रमाणमा लिनु पर्ने ।

पीडित बम्बैबाट एच.आई.भी सङ्क्रमित भई नेपाल आएपछि निजका पतिसमेतका विरूद्ध जाहेरी दिई अन्य प्रतिवादीहरूसमेत विरूद्ध मुद्दा चलेकोमा सुरू तथा पुनरावेदन अदालतबाट प्रतिवादीहरूलाई २० (बीस) वर्ष कैद र रू. २ लाख जरिवाना हुने र जनही १ लाखका दरले पीडितलाई क्षतिपूर्ति भराई दिने गरी फैसला भएकोमा सो फैसला बदर गरी सफाइ पाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन । मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (क) मा "मानिस किन्ने वा बेच्नलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना" हुने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रतिवादीहरूले पीडित परिवर्तित नाम बिन्दियालाई भारतको बम्बैमा लगि बिक्री गरेको हुँदा निजहरूको उक्त कार्य उक्त दफाअनुसारको कसुरजन्य कार्य देखिन आउने ।

तसर्थ विवेचित आधार प्रमाण र कारणहरूबाट यी प्रतिवादीहरू सिताराम थिङ, शशि कुमार तितुङ र श्यामबहादुर बम्जनले पीडितलाई भारतको बम्बैमा लगी भा.रू. ५०,०००।– बिक्री गरेको कार्य पीडितको जाहेरी, अनुसन्धान अधिकारी तथा अदालतसमक्षको बयान, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, पीडितको शारीरिक जाँच परीक्षण प्रतिवेदन र पीडितले बिना कारण आफ्नो पतिसमेतका विरूद्ध पोल उजुर गर्नु भन्ने अवस्था र कारण नहुँदा उक्त मिसिल संलग्न कागज प्रमाणहरूबाट पीडितलाई बेचेको तथ्यमा पुष्टि हुन आएकोले प्रतिवादी राजु भन्ने सिताराम थिङ, शशिकुमार तितुङ

र श्यामबहादुर बम्जनसमेतलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (क) बमोजिम जनही २० (बीस) वर्ष कैद र रू. २,००,०००।– (दुई लाख) जरिवाना हुने र प्रतिवादीलाई भएको जरिवानाको ५०% अर्थात् प्रति कसुरदार रू. १,००,०००।– (एक लाख) का दरले पर्ने गरी ३ जना प्रतिवादीको जम्मा हुन आउने रू.३,००,०००।– (तीन लाख) पीडितलाई तत्कालै राज्यको तर्फबाट क्षतिपूर्ति भराई दिने ठहऱ्याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६९।६।२३ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१।१६ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत २७ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०७०-WO-०९१५, उत्प्रेषण / परमादेश, *भोजराज भण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

कुनै पनि संगठनमा विभिन्न तहका कर्मचारीहरू रहेका हुन्छन् । सम्बन्धित तहको कार्य जिम्मेवारी र कार्य प्रकृतिको आधारमा कुन पदको लागि को को सम्भाव्य उम्मेदवार हुने, बढुवाको प्रयोजनको लागि सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले के कति अङ्क दिने, तालिमको अङ्क कसरी गणना गर्ने भन्नेजस्ता विषय संगठनले आवश्यकता र उपयुक्तताको आधारमा व्यवस्था गर्ने विषय हो । फरक फरक तहको कर्मचारीको लागि अलग अलग व्यवस्था गरियो भन्दैमा त्यसलाई असमान व्यवस्था भयो भनी भन्न नमिल्ने ।

प्रहरी नियमावलीले गरेको व्यवस्थाहरू कुनै अमुक कर्मचारीलाई मात्र बढुवामा फाइदा पुग्ने गरी गरिएको व्यवस्था नभई सबै प्रतिष्पर्धी कर्मचारीहरूलाई समान रूपमा लागू हुने व्यवस्था हो । यसरी प्रहरी संगठनको विभिन्न पदहरूको कार्य प्रकृति र जिम्मेवारीको आधारमा एकै तहका सबै प्रहरी कर्मचारीहरूलाई समान रूपमा लागू हुने गरी व्यवस्था गरिएका उपर्युक्त नियमहरू असमान तथा भेदभावपूर्ण भएको भन्ने निवेदकको निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकारको प्रयोग गरी नेपाल सरकारले प्रहरी नियमावली, २०७१ लाई स्वीकृत गरेको देखिन्छ । यसरी ऐनले नै दिएको अधिकारको प्रयोग गरी नियमावली बनाएको अवस्थामा उक्त नियमावलीमा के कस्तो व्यवस्था गर्ने भन्ने नेपाल सरकारको अधिकारको विषय हो । संविधान तथा प्रचलित कानूनको अधीनमा रही नेपाल सरकारले आफूले बनाउने नियमावलीमा विभिन्न व्यवस्था गर्न सक्छ । नियमावलीमा भएका यस प्रकारका व्यवस्थाहरू संविधान तथा कानूनविपरीत भएको भनी कसैले दाबी लिई न्यायिक परीक्षणको लागि यस अदालतमा आउँछ भने निजले उक्त व्यवस्था कसरी संविधान र कानूनविपरीत भए भनी पुष्टिसमेत गर्नुपर्ने ।

निवेदकले उल्लेख गरेको बढुवा सम्बन्धित व्यवस्थाहरू नेपाल प्रहरीमा कार्यरत विभिन्न तहका प्रहरी कर्मचारीहरूको बढुवाको सम्बन्धमा नियमन र सञ्चालन गर्नको लागि व्यवस्था भएको देखिन्छ । निवेदकले उक्त व्यवस्थाहरू असमान र भेदभावपूर्ण रहेको भनी दाबी गरेको भए तापनि के कति कारणले उक्त व्यवस्थाहरू भेदभावपूर्ण र असमान भए भनी भन्न सकेको अवस्था देखिँदैन । केवल सतही रूपमा यी नियमहरू भेदभावपूर्ण र असमान रहेको भनी उल्लेख गरिएको मात्र रहेको अवस्था छ । त्यसैगरी रिट निवेदकको पृष्ठभूमि हेर्दा निज प्रहरी कर्मचारी भएको देखिँदैन र नियमावलीमा रहेका उल्लिखित बढुवासम्बन्धी व्यवस्थाहरूबाट निजको कुनै पनि संवैधानिक तथा कानूनी अधिकारमा आघात पुग्न गएको पनि देखिँदैन । यसरी एउटा व्यावसायिक निकायमा कार्यरत जनशक्तिको बढुवाजस्तो आन्तरिक

विषयमा यी निवेदकको कुनै सार्थक सरोकारसमेत भएको नदेखिने।

अतः विवेचित कारण र आधारमा प्रहरी नियमावली, २०७१ को बढुवासम्बन्धी विभिन्न व्यवस्थाहरू निवेदकले जिकिर लिएजस्तो असमान र भेदभावपूर्ण भएको नदेखिएको तथा उक्त व्यवस्थाहरूको सम्बन्धमा निवेदकको सार्थक सरोकारसमेत भएको नदेखिँदा हकदैयाको अभावसमेतको आधारमा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ असोज २५ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०७२-WO-११२३, उत्प्रेषण / परमादेश, *भोलाकुमार खत्री वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, काठमाडौंसमेत*

निवेदक आफूलाई खटाइएको स्थानमा नगएकोमा निजलाई खटिएको स्थानमा जानुहुन भनी म्याद सूचना जारी गरी मुलुकी ऐन, अ.बं.११० नं. बमोजिम गरी टाँससमेत गरिएको र सो गर्दाको अवस्थामा समेत निज हाजिर हुन नगएको कारणले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचनासमेत जारी गरिएको अवस्थामा आफूले सुनुवाइको पर्याप्त मौका नपाएको भन्ने रिट निवेदकको जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

निवेदकलाई हाजिर हुन आउनु भनी सर्वप्रथम अ.बं.११० नं. बमोजिमको म्याद सूचना तामेल गरिएकोमा हाजिर हुन नआएको र राष्ट्रियस्तरको पत्रिकामा सूचना जारी गरिएकोमा सो गर्दासमेत निज पत्ता लाग्न नसकेको अवस्थामा निजलाई सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१ को खण्ड (ग) अनुसार सफाइको मौका दिन मनासिब नपर्ने अवस्था देखाई बेहोरा खोली सजाय गर्ने अधिकारीले पर्चा खडा गरी सेवाबाट हटाउनको लागि गरेको निर्णयलाई अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित कारण र आधारमा निवेदकलाई हाजिर हुन आउनु भनी पर्याप्त सूचना दिँदासमेत खटिएको स्थानमा नगई गैरहाजिर रहेको अवस्थामा सशस्त्र प्रहरी ऐन, २०५८ को दफा १९ को उपदफा (१) र सशस्त्र प्रहरी नियमावली, २०६० को परिच्छेद १० को नियम ८७ को उपनियम (१) खण्ड (६) अनुसारको कसुरमा ऐ. नियमावली, ऐ. परिच्छेदको नियम ८४ को खण्ड (ख) र (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय गरेको मिति २०७१।९।२५ को सशस्त्र प्रहरी उपरिक्षकको निर्णय तथा सो निर्णयलाई सदर गर्ने गरी सशस्त्र प्रहरी नायब महानिरिक्षकले गरेको मिति २०७२।७।१८ को पुनरावेदन फैसला कानूनबमोजिम नै भएको देखिँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिँदैन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ असोज २५ गते रोज ४ शुभम्।

इजलास नं. ६

१

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०७०-CR-११२२, सवारी ज्यान, *नेपाल सरकार वि. कुणालकुमार शर्मा*

प्रेमलाल मालबुके आफैँले कार चलाउँदा दुर्घटना भएको हो र निजसँग सवारी चालक अनुमतिपत्र रहेको छ भने निज वारदात भएको १० दिनसम्म अनुपस्थित हुनुपर्ने कुनै कारण मिसिलबाट देखिँदैन। कुनै व्यक्तिले आफूले गरेको कसुर अदालतसमक्ष स्वीकार गरेको अवस्थामा अदालतले सामान्यत: निजको सो भनाइलाई विश्वास गर्नुपर्छ। तर एउटाले घटना घटाई अर्कोलाई विभिन्न लोभ लालच वा दबाब दिई सो वारदात स्वीकार गर्न लगाई आफू आपराधिक दायित्वबाट उम्कन सक्ने हुँदा

साबिती बयानको आधारमा दोषी ठहर गर्दा अदालत, सदैव सजग पनि रहनु पर्ने।

प्रेमलाल मालबुकेले अनुसन्धानको क्रममा गरेको कागज निजलाई कुनै डर धाक वा धम्की देखाई गराएको भन्ने कुरा उल्लेख गराउन सकेका छैनन्। निज वारदात भएको १० दिनपछि मात्र अनुसन्धान अधिकारीसमक्ष उपस्थित भई सो वारदात निजलाई स्वीकार गर्नको लागि प्रतिवादी कुणालकुमार शर्माले लोभ देखाएको भनी लेखाएका छन्। उक्त दुर्घटना हुँदा मोटरसाइकल चलाई रहेका सम्राट के.सी.ले पनि अनुसन्धानको क्रममा आफ्नो बेहोरा लेखाउँदा कुणालकुमार शर्मालाई किटान गरिदिएका छन्। अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रेमलाल मालबुकेले कार आफूले चलाएको भनी बकपत्र गरे पनि वारदात घटेको यति दिनसम्ममा निजहरूलाई यी प्रतिवादीले प्रभावमा पारी आफ्नो अनुकूल बकपत्र गराउन सक्ने अवस्थाको विद्यमानता समेत रहेको देखिएकोले सो अवस्थालाई समेत मध्यनजर गर्दा उक्त कार प्रतिवादी कुणालकुमार शर्माले चलाएको अवस्थामा दुर्घटना हुँदा सुमित भट्टराईको मुत्यु भएको र निज प्रतिवादीसँग सवारी चालक अनुमतिपत्र नभएकोले सो वारदातको जिम्मा प्रेमलाल मालबुकेलाई लगाउन खोजेको देखिने।

प्रतिवादी कुणालकुमार शर्माले सवारी चालक अनुमति पत्र प्राप्त नगरी लापरवाहीसाथ कार चलाई सम्राट के.सी.ले चलाएको मोटरसाइकललाई ठक्कर दिँदा पछाडि बसेका सुमित भट्टराईको मुत्यु भएकोले अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेकोले सो सम्बन्धमा विचार गर्दा निज प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गर्दा निजले सवारी चालक अनुमति पत्र नरहेको कुरा स्वीकार गरेका छन्। सवारी साधन चलाउन अनुमतिपत्र नलिएको व्यक्तिको लागि सवारी साधन चलाउन प्रतिबन्ध गरेको देखिन्छ। कानूनले कुनै खास कार्य गर्नको लागि कुनै सर्त तोकेको छ भने सो सर्त पूरा नगरी उक्त कार्य गर्दा सो कानूनविपरीत मान्नु पर्ने।

सवारी चालक अनुमतिपत्र प्राप्त नगरी प्रतिवादी कुणालकुमार शर्माले लापरवाही गरी कार चलाएकोमा ठक्कर लागी सुमित भट्टराईको मृत्यु भएको देखिएकोले निजलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गरी ऐजनको दफा १६१(४) बमोजिम थप जरिवानासमेत गर्नुपर्नेमा प्रतिवादी कुणालकुमार शर्मालाई सोही ऐनको दफा १६१(३) बमोजिम ५ महिना कैद र रू. २०००।- (दुई हजार) जरिवाना गरेको जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला कायम रहन सक्ने नदेखिने।

तसर्थ, विवेचित आधार, कारण, कानूनी व्यवस्था एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादी कुणालकुमार शर्मालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम ५ महिना कैद र रू. २०००।- (दुई हजार) जरिवाना हुने ठहऱ्याई भएको फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।२० को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी कुणालकुमार शर्मालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ वर्ष कैद तथा निज प्रतिवादी कुणालकुमार शर्माले सवारी अनुमतिपत्र प्राप्त नगरी मोटरसाइकल चलाएकोमा ठक्कर लागी सागर खड्काको मृत्यु भएकोले ऐजन ऐनको दफा १६१(४) बमोजिम थप रू. २०००।- (दुई हजार) जरिवाना हुने।

इजलास अधिकृत : रामु शर्मा

इति संवत् २०७३ साल मङसिर ३० गते रोज ५ शुभम्।

२

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७२-RC-०१४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुदर्शन थपलियासमेत*

प्रतिवादीहरू सुदर्शन थपलिया र इश्वर थपलियाको समेत संलग्नता थियो थिएन भन्नेतर्फ

हेर्दा, माथि उल्लिखित मिसिल संलग्न मौकाको जाहेरी दरखास्तमा उल्लिखित घटना विवरण र सोलाई पुष्टि हुने गरी जाहेरवालाले गरिदिएको बकपत्र, स्वयम् प्रतिवादीहरू सुदर्शन थपलिया र इश्वर थपलियाको पिता श्रीकृष्ण थपलियाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानसमेतका उल्लिखित तथ्यगत घटनाक्रम (Chain of factual description)बाट प्रतिवादीहरू इश्वर थपलिया र सुदर्शन थपलिया सो वारदातमा प्रत्यक्ष संलग्न भई वारदात सम्पन्न गराई सो घटना र रहे भएका दशीसमेतलाई लुकाउन दबाउन लाससमेत ४ फिट गहिरो खाडलमा पुरेको भन्नेसमेत तथ्य स्पष्ट देखिन आउने।

वारदातस्थलबाट कुनै दशी प्रमाण हातहतियार औजार बरामद भएको अवस्था नदेखिए तापनि लास प्रकृति मुचुल्कामा लासको मुख तथा टाउकोमा लागेको चोटको प्रकृति र प्रतिवादीहरूले मौकामा गरेको बयान तथा जाहेरवालाको मौकाको जाहेरी तथा सोलाई समर्थन हुने गरी जाहेरवाला तथा मौकाका व्यक्तिहरूले गरिदिएको बकपत्रसमेतको आधारमा, मृतक नवराज थपलियालाई धारिलो हतियारलगायत भाटा कोदालोसमेतले जथाभावी प्रहार गरी मारेको तथ्य एकापसमा भिड्न आएको देखिएकोले प्रतिवादीहरू ईश्वर थपलिया र सुदर्शन थपलियासमेत भई मृतक नवराज थपलियालाई कर्तव्य गरी मारेर, खाडलमा पुरेको तथ्यमा विवाद देखिन नआउने।

प्रतिवादीहरूलाई के-कति सजाय हुनुपर्छ भन्नेतर्फ हेर्दा निज प्रतिवादीहरूसमेत भई मृतकसँगको रिसइवी साँधी के कसरी मार्ने भनी पूर्व सरसल्लाह गरी योजना बनाई योजनामुताबिक मृतकलाई जंगलमा एकान्तमा एक्लै रहेको अवस्था पारी प्रतिवादीहरू सुदर्शन थपलिया र ईश्वर थपलियासमेत भई मृतक नवराज थपलियालाई कर्तव्य गरी यिनै प्रतिवादीहरूसमेतले धारिलो तथा जोखिमी हतियारले अनुहार, टाउकोलगायत जताततै निर्ममतापूर्वक प्रहार गरी मारी मृतकको लिङ्गसमेत काटी विभत्स तरिकाले मारेको देखिन्छ। यी प्रतिवादीहरू वारदातपश्चात् फरार रही अदालतबाट जारी भएको वारेन्टको म्यादभित्र पनि अदालतमा उपस्थित हुन आएका छैनन्। यसरी यी प्रतिवादीहरू धेरैजना भई योजना बनाई नवराज थपलियालाई कर्तव्य गरी मारी वारदातपश्चात् अपराध लुकाउन शवलाई खाल्टो खनी पुरेकोसमेतको वारदात हुँदाको परिस्थितिलाई हेर्दा निजहरूलाई जिल्ला अदालतबाट भएको सजायलाई सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

तसर्थ, विवेचित आधार कारणबाट प्रतिवादीहरू सुदर्शन थपलिया र ईश्वर थपलियालाई ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको गोरखा जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०७२।१०।११ मा भएको फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

इति संवत् २०७३ साल पुस २४ गते रोज १ शुभम्।

इजलास नं. ७

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७०-CR-०६९४, जबरजस्ती करणी, *टंकबहादुर कार्की वि. नेपाल सरकार*

प्रतिवादी टंकबहादुर कार्कीको हकमा विचार गर्दा, यी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष आफूले पीडित "ए" माथि कुनै प्रकारको जबरजस्ती करणी नगरेको भन्ने बेहोरा बयान कागज लेखाएको पाइए तापनि सहप्रतिवादी श्यामल राजवंशीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा तीनैजना प्रतिवादीहरू मिली पालैपालो पीडित "ए" लाई जबरजस्ती करणी गरेको स्वीकार गरिरहेको अवस्था छ भने अदालतमा आई बयान गर्दा, केटी त्यस्तै रहेछ भनी हामी तीनै जनाले केटीमाथि छामछुम गऱ्यौ तर जबरजस्ती करणी भने नगरेको बेहोरा लेखाएको भए

तापनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पनि तीनैजना मिली पालैपालो जबरजस्ती गरेको भन्ने बेहोरा लेखाएकोबाट यस घटनामा तीनैजना प्रतिवादीहरू अर्थात् टंकबहादुर कार्कीको पनि संलग्नता रहेकोमा शङ्का नरहने ।

पुनरावेदक प्रतिवादी टंकबहादुर कार्कीले पीडितको स्वास्थ्य परीक्षणमा जबरजस्ती करणी भएको भनी स्पष्ट रूपमा नखुलाएकोमा सो स्वास्थ्य परीक्षणलाई प्रमाणमा नलिई भएको फैसला त्रुटिपूर्ण भएको भन्ने पुनरावेदन जिकिर लिएको छ सो सम्बन्धमा हेर्दा मेची अस्पतालबाट भएको शारीरिक परीक्षण प्रतिवेदनमा पीडित "ए" लाई करणी गरे नगरेको, यकिनसाथ भन्न नसकिने, योनिको अवस्था सामान्य रहेको Hymen Intact छ, योनिको वरिपरि सुन्निएको वा रातो नदेखिएको Abrasion on upper abdomen ½ cm×1 cm भन्ने बेहोरा उल्लेख भएबाट पीडित "ए" उपर जबरजस्ती करणीको घटना घटेकै होइन भन्न मिल्दैन किनभने प्रतिवेदनमा स्पष्ट रूपमा करणी भएकै छैन भनी उल्लेख नभएको पीडितको प्रतिवेदनमा Abrasion on upper abdomen ½ cm×1 cm र प्रतिवादी अर्जुनको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पनि Two linear reddish abrasion over left flank just above pubic tubescle, measuring 5 cm in length भनी उल्लेख भएको अवस्थामा करणी भएकै हो भनी प्रतिवेदनमा उल्लेख नगर्दा पनि करणीको वारदात भएकोमा भन्ने स्थितिलाई पूरै नकार्न सकेको नपाइने ।

पीडितको प्रतिवेदनमा Abrasion upper abdomen ½ cm×1 cm र प्रतिवादीको प्रतिवेदनमा Two linear reddish abrasion over left flank just above pubic tubescle, measuring 5 cm in length भनी उल्लेख हुनु र प्रतिवादीहरूले आफूहरू घटनाको समयमा सोही घटना स्थानमा रहेको कुरालाई अस्वीकार गर्न नसकेको अवस्थामा केवल प्रतिवादीले आफू निर्दोष छु भनी पुनरावेदन जिकिर लिँदैमा कानूनले छुट दिन मिल्ने अवस्था भने कदापि नमिल्ने ।

प्रतिवादी श्यामल राजवंशी र पुनरावेदक टंकबहादुर कार्की तथा अर्जुन भन्ने पुष्प वि.क. विरूद्धको अभियोग दाबी पुग्ने ठहऱ्याई निजहरूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. समेत बमोजिम जनही ११ वर्ष कैद तथा प्रतिवादीहरूबाट पीडितले जनही रू.२५,०००।- क्षतिपूर्ति भरी पाउने ठहऱ्याई झापा जिल्ला अदालतको २०६९।३।११ को फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६९।१२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल कात्तिक २० गते रोज २ शुभम् ।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७१-CI-१२०६, लिखत दर्ता बदर दर्ता, *एकलास देवी यादवसमेत वि. किसुनलाल यादव*

मूल पुरूष रामेश्वर तथा निजकी पत्नी भवानी देवीका एक मात्र छोरा विपक्षी रामपृत यादव र फिरादीहरू निज रामपृतकै पत्नी र छोरा नाताका भएकोमा वादी प्रतिवादीहरू बीच पुस्तावलीमा विवाद देखिँदैन । प्रत्यर्थी / प्रतिवादी किसुनलाल यादवले र अन्य २ प्रतिवादीहरूले फिरादीमध्येकी एकलास देवीका ससुरा र वादी लालबाबु र दानीबाबुका हजुरबाबु रामेश्वर यादवबाट कि.नं.२७९ नं. को ०–२–१० मध्येबाट ०–०–१५ जग्गा राजीनामा पारित गरी लिएको देखिन्छ । प्रतिवादी रामेश्वर यादवले राजीनामा गरी दिएको र हामी पुनरावेदक / वादीहरू कसैको मन्जुरी नलिएकोले सो राजीनामा लिखत बदर गरिपाउँ भनी वादीले फिराद दायर भएको देखिन्छ । मिसिल संलग्न पेस हुन आएको र.नं. ७५४३ मिति २०६२।१२।२२ को राजीनामाबाट उक्त जग्गा लिएको

देखिन्छ र निजलाई सो जग्गा राजीनामा दिँदा सो कित्तामा ०–१–१५ क्षेत्रफल जग्गा बाँकी नै रहेको उक्त मितिको रजिस्ट्रेसन पारित राजीनामाबाट देखिने।

वादीका हजुरबाबु / ससुरा रामेश्वर यादवको नाममा पैतृक सम्पत्ति ०-२-१० रहेको देखिन्छ । सो जग्गामध्ये ०—०-१५ जग्गा निजले बिक्री गरेको देखिँदा उक्त सम्पत्ति बिक्री गर्दा फिरादी वादीको मन्जुरी लिनुपर्ने देखिँदैन । उक्त जग्गा बिक्री गरी आधाभन्दा बढ्ता निज दाता रामेश्वरको नाममा बाँकी रहेको देखियो । साथै फिरादीले उल्लेख गरेको पुस्तावलीअनुसार दाता रामेश्वरको छोरा रामपृत यादव जीवित रहेको तथा निज सो जग्गा बिक्री गर्न मन्जुर रहेको देखिएको र निजको फिराद पर्न आएको नदेखिँदा अंशबन्डाको १९ नं. को देहाय १ बमोजिम नै वादीहरूको मन्जुरी लिनुपर्ने व्यवस्था भएको नदेखिँदा विवादित लिखत बदर गर्ने गरी भएको सिराहा जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा उल्टी हुने र उल्लिखित लिखत बदर नहुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मिलेकै देखिने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट दाबीको विवादित लिखत बदर गर्ने गरी सिराहा जिल्ला अदालतबाट मिति २०६७।१०।१९ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने र उल्लिखित लिखत बदर नहुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।०५।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर झवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल फागुन ८ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७१-CI-०७४७, जग्गा खिचोला चलन, *सुरेशकुमार चौधरी वि. श्यामकुमार चौधरी*

कि.नं.४१६६ श्यामकुमारको भई सो जग्गामा ०–०–१० क्षेत्रफल रहेकोमा विवादित न.नं.८ को ०–०–२$^{१}/_{४}$ क्षेत्रफल मिलान हुँदा मात्र निजको स्रेस्ताअनुरूपको क्षेत्रफल मिल्ने देखिन्छ। पुनरावेदक / वादीले कि.नं.१३६७ को जग्गामा समेत प्रतिवादीले खिचोला गरेको भनी दाबी लिएकोमा सो जग्गा र कि.नं.१३६६ को जग्गाका बीचमा अन्य विभिन्न कित्ता नम्बरका जग्गा रहेको मिसिल संलग्न सर्वे नक्सा प्रिन्ट र आदेशानुसार भई आएको नक्सा विवरणबाट स्पष्ट देखिन्छ। यस्तो स्थितिमा न.नं.१३ क को पक्की नालाभन्दा पश्चिमतर्फ रहेको विवादित जग्गा पुनरावेदक / वादीको दर्ता स्रेस्ताभित्रको नदेखिएको अवस्था देखिँदा प्रत्यर्थी / प्रतिवादीले वादीको जग्गा खिचोला गरेको अवस्था समर्थित नहुने।

अत: विवेचित आधार, कारण र प्रमाणसमेतबाट नाप नक्सा भई आएको नक्सा विवरणबाट प्रत्यर्थी / प्रतिवादीले पुनरावेदक / वादीको जग्गा मिची खिचोला गरेको भन्ने कुरा समर्थित हुन आएको नदेखिँदा प्रतिवादीले ०–०–२$^{१}/_{२}$ जग्गा खिचोला गरेको ठहऱ्याई सुनसरी जिल्ला अदालतबाट मिति २०६८।३।२६ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।१२।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर झवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल फागुन ८ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसारको फैसला भएका छन् :

- ०७१-CI-०७४६, जग्गा खिचोला चलन, सुरेशकुमार चौधरी वि. ज्ञानकुमार दाहाल
- ०७१-CI-०७४८, घर भत्काई जग्गा खाली गराई पाऊँ, *सुरेशकुमार चौधरी वि. श्यामकुमार चौधरी*

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७१-CR-१३९२, लागु औषध

सेतो हेरोइन, *बुद्धिकुमार गुरूङ वि. नेपाल सरकार*

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २९ सामाखुशी स्थित नितेश मिष्ठान्न भण्डारअगाडि लु. ४ प. २६२७ नं. को मोटरसाइकल रोकी सोही मोटरसाइकलमाथि बसिरहेको अवस्थामा निज पुनरावेदक प्रतिवादीको शरीर तथा मोटरसाइकलसमेत तलासी लिँदा आफ्नो कम्मरको भागमा बाहिरपट्टि बाँधी राखेको खैरो रङ्गको झोलाको बीच भागमा लुकाई राखेको अवस्थामा सेतो हेरोइन ८ (आठ) ओटा क्याप्सुल फेला परेको जुन ११२ ग्राम रहेको, सोही ब्यागको अर्को खण्डमा निजको नेपाली नागरिकता प्रमाणपत्र एक थान, लु.४.प. २६२७ नं. को मोटरसाइकलको सवारी दर्ता किताब एक थान, निजको नामको सवारी चालक अनुमतिपत्र एक थान, निजकै नामको राहदानी एक थान, निज पुनरावेदक प्रतिवादीबाट बरामद गरेको भन्ने मिति २०६९।५।३ को बरामदी मुचुल्का रहेको देखिने।

प्रतिवादीले आफू निर्दोष रहेको प्रहरीले झुट्टो आरोपमा आफूलाई फसाएको, प्रहरीमा यातना दिएर लिएको बयानलाई आधारमा लिई गरेको फैसला त्रुटिपूर्ण हुँदा सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर लिएको पाइए तापनि आफ्नो सो जिकिरलाई पुष्टि गर्ने खालको कुनै ठोस प्रमाण भने पेस गर्न सकेको नदेखिने।

कानूनले स्पष्ट प्रमाण खोज्छ, मौखिक भनाई होइन। अदालतमा आई आरोपित कसुरमा इन्कार रही बयान गर्दैमा निर्दोष साबित हुने होइन।

प्रतिवादी बुद्धिकुमार गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) अनुसार १५ वर्ष कैद र रू.५,५०,०००।- (पाँच लाख पचास हजार) जरिवाना हुने र बरामद भएको मोटरसाइकल तथा हेलमेट ऐ. ऐनको दफा १७(क) अनुसार जफत हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।२।२९ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।८।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल कात्तिक २० गते रोज २ शुभम्।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७२-CI-२०३४, लिखत दर्ता बदर दर्ता, *लक्ष्मीप्रसाद यादवसमेत वि. रूकमति अहिरिन*

वादीले फिराद दाबीमा र.नं.९७३९ को राजीनामाको लिखतमा रहेको जम्मा जग्गा ०-१३-० बाट गणेश अहिरले आफ्नो भागको जग्गा कित्ताकाट गरी लगेपछि कायम भएको कि.नं. ६१२ को ज.वि. ०-९-१५ को २ भागको १ भाग ०-४-१७$^{१}/_{२}$ जग्गा आफ्नो नाउँमा दर्ता गरिपाउँ भन्ने दाबी लिएको देखिन्छ। सरजुग र सर्वजित दुई अंशियाराका बीचमा बन्डा लाग्ने सम्पत्तिको आधी आधी अंश हकबाट एक अंश सरयुगको हकमा छुट्याई सोही एक अंशबाट सौतेनीतर्फका छोरा गणेश अहिरले एक भाग र बाँकी एक भागसम्म पाउने अंशहकको हकदार प्रत्यर्थी / वादी हुन् भन्ने देखिन्छ। विवादको राजीनामा लिखतको कूल जग्गा ०-१३-० को आधी ०-६-१० सरयुगको अंश हकमा लाग्ने र सोको आधी अर्थात् ०-३-५ सम्मको जग्गा वादीले पाउने भन्ने देखिन्छ। विवादित लिखतबाट आफ्नो हक गणेश अहिरले दे.नं.२०६५ को लिखत दर्ता बदर दर्ता मुद्दाबाट लिइसकेकाले सो लिखतको आधी जग्गा वादीका नाउँमा दर्ता हुन सक्ने अवस्था देखिँदैन। विवादित लिखतको जग्गामध्ये उपर्युक्तानुसार हुन आउने वादीको अंश हकजतिमा गणेश अहिरले लिएको जग्गा छोडी वादी दाबीबमोजिम पूर्वतर्फबाट सो हदसम्मको जग्गा वादीका नाउँमा दर्ता हुने र वादीको अंश हक बराबर दाबीको लिखत दर्ता बदर गरी वादीका नाउँमा दर्तासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मिलेकै देखिँदा पुनरावेदक / प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: विवेचित आधार, कारण र प्रमाणसमेतबाट हदम्यादको अभावमा फिराद दाबी खारेज गर्ने गरेको सुरू बारा जिल्ला अदालतको मिति २०७१।३।२४ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिमको लिखत बदर भई अंशहकको अनुपातमा वादीको नाउँमा दर्तासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७२।०३।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर झवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल फागुन ८ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-CI-२०३६, लिखत दर्ता बदर दर्ता, *लक्ष्मीप्रसाद यादवसमेत वि. रूकमति अहिरिन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CI-०१६१, अंश नामसारी, *रामसुरत यादव वि. आरती यादवसमेत*

सुरू अदालतको आदेशानुसार वादीले देखाएको मुचुल्का माग भएकोमा मानमटेरीया गा.वि.स. कार्यालयको च.नं. २२२ मिति २०६९।६।१४ को पत्र बेहोराबाट रामसुरत यादवले जग्गा अंश विषयमा दूवे यादव, हरिचरण यादवउपर निवेदन पर्न आएकोमा उपस्थित गराई छलफलका क्रममा जग्गा अंशको विषयमा कुनै निर्णय टुंगो नलागी गा.वि.स.मा कुनै मुचुल्का वा कागज नभएको., निज वादी रामसुरत यादवले पेस गरेको सक्कल कागजात यसैसाथ पठाएको भन्नेसमेत देखिँदा यी वादी प्रतिवादीबीच जग्गा अंश विषयमा गा.वि.स.मा छलफलसम्म भई टुंगो नलागेको, वादीले फिराद पत्रमा देखाएको मुचुल्का निज आफैँले तयार गरी गा.वि.स.मा पेस गरेको भन्नेसम्म देखियो। वादीले पेस गरेको उक्त मुचुल्काको सि.नं.२ मा दुवे यादव वर्ष ६० भन्ने नाम लेखी ल्याप्चे सहिछाप भएको देखिएपनि बाबु बाजेको नाउँ, ठेगानासमेत केही नखुलेको फिरादपत्रकै प्रतिवादी खण्डमा वादीको काका नाता पर्ने भनिएका वर्ष ६६ का दूवे यादव र उल्लिखित मुचुल्कामा उल्लेख भएका दुवे यादव एकै व्यक्ति हुन भनी यकिन गर्न सकिने अवस्था पनि देखिएन। सोबाहेक गा.वि.स.को पत्रानुसार पनि वादीले तयार गरेको घरसारको मुचुल्काबाट अदालतले वादी प्रतिवादीबीच नाता यकिन गरी दिन मिल्ने पनि नदेखिने।

सुरू अदालतकै आदेशानुसार वादी प्रतिवादीबीच अंशियार नाता पर्ने नपर्ने सम्बन्धमा मिति २०६९।८।४ मा खडा भएको मुचुल्काका केही मानिसहरूले वादी दाबीको समर्थन हुने गरी वादी प्रतिवादीबीच अंशियार नाता पर्दछ अंश पाउनुपर्ने हो भनेका, केही मानिसहरूले नाता पर्दैन, अंश दिन पर्ने होइन भनेका, केही मानिसहरूले नाता, वंशको सम्बन्धमा अनभिज्ञता देखाएका र केही मानिसहरूले मोतिलाल र दूवे यादव दाजुभाइ हुन् यी वादी को हुन थाहा छैन भनी लेखाइ दिएको देखिएको स्थितिमा उक्त विरोधाभाष मुचुल्का बेहोराकै आधारमा मात्र अन्य ठोस सबुद प्रमाणको अभावमा वादी प्रतिवादीहरू अंशियार नाताभित्रका हुन् भनी अनुमान गर्न मिल्ने नदेखिने।

अदालतको आदेशानुसार प्राप्त उखडा विशेष अदालत, सिद्धार्थनगरको मि.नं. २६८३, २६८९ को मिति २०४१।५।१५।६ को निर्णयसहितको मिसिल हेर्दा वादी चिनकान अहिरको मु.स. गर्ने मोतिलाल यादव, दुवे यादव, प्रतिवादी इनेतुल्लाह मुसलमानसमेत भई विभिन्न कि.नं. का उखडा जग्गा दर्तासम्बन्धी फायलबाट चिनकान अहिरको २०३३ साल जेष्ठ महिनामा परलोक भई निजका नाउँको उखडा जग्गा दर्ता गर्न निजका हकवाला छोरा मोतीलाल अहिर, दुवे अहिरसमेत २ जना मात्र रहेको भन्ने श्री पकडी गाउँ पञ्चायत कार्यालयको च.नं. २३४ मिति २०३५।१।२२ को सिफारिसपत्र, चिनकान अहिरका नाउँको जोताहाको अस्थायी निस्सा (४ नं. फाराम), उखडा जग्गा दर्ता गरी पाउँ भनी मिति २०३५।१।२४ मा मोतीलाल यादव, दुवे यादवले उखडा विशेष अदालतमा दिएको निवेदन, चिनकान

यादवका नाउँका जग्गाको फिल्डबुक उतार, उखडा विशेष अदालतबाट मोतिलाल यादव तथा दूवे यादवको नाउँमा जग्गा दर्ता गरिएको प्रमाणपत्र (अनुसूची-३) एवम् प्रतिवादीले पेस गरेको चिनकान अहिरका नाउँको ७ नं. फाँटवारीसमेतका कुनै कागजबाट पनि मूल पुरूष सुखरामका नाउँबाट कुनै पैतृक सम्पत्ति सरी आएको वा निजको चिनकानबाहेक तिरथ यादवसमेत छोरा (परिवार) रहेको भन्ने कुनै पनि तथ्य मिसिल प्रमाणबाट खुलेको नपाइने।

पुनरावेदक / वादीले सुखरामका २ छोराहरू चिनकान र तिरथ यादवमध्ये तिरथतर्फको हाँगाको आफू रहेको भनी चिनकानतर्फका हाँगाका निजका छोरा दूवे यादव र नाती हरिचरण यादवलाई प्रतिवादी बनाई अंश माग गरेपनि पुनरावेदक / वादीले दाबी लिएको नाता पुस्तेवारीमा इन्कारी देखाई मूल पुरूष सुखरामका १ मात्र छोरा चिनकान रही निजका २ छोराहरू मोतीलाल र दूवे यादव भई मोतीलालका छोरा हरिचरण यादव रहेको भनी वादीलाई आफ्नो अंशियार पुस्तेवारीभित्रको होइन भनी प्रतिवादीहरूले जिकिर लिएपछि वादीले आफ्नो दाबी प्रमाणित गरी नाता पुस्तेवारी सम्बन्धमा सबुद प्रमाण दिन सक्नुपर्नेमा सो केही दिन खुलाउन सकेको नपाइने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट रूपन्देही जिल्ला अदालतबाट मिति २०७०।९।२८ मा भएको फैसला उल्टी भई वादीदाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७२।०७।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल फागुन ८ गते रोज ३ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CI-००४०, छुट जग्गा दर्ता, *चिरञ्जीवी सापकोटा वि. विकलप्रसाद शेरचन*

कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं.५ बस्ने अमृतप्रसाद शेरचनले कास्की जिल्ला अर्घौ बजार गा.वि.स. वडा नं.३ कि.नं.१ को क्षे.फ.२७७-१-०-०- मध्ये अं.४२-०-०-० जग्गा मेरो नाममा दर्ता गरिपाउँ भनी द.नं. ४९ मिति २०३८।११।१० मा मालपोत कार्यालय, कास्कीमा निवेदन दर्ता गराएको देखिन्छ। निज निवेदक अमृतप्रसाद शेरचनको मिति २०५६।१२।२२ मा मृत्यु भई निजका हकदार छोरा विकलप्रसाद शेरचनले हक सकार गरी उक्त कि.नं.१ को क्षे.फ.२७७-१-०-० मध्ये क्षे.फ. ७९-०-०-० जग्गा मेरो नाममा दर्ता गरिपाउँ भन्ने बेहोराको द.नं. १७१९३ मिति २०६६।८।२४ मा निवेदन गरेको देखिने।

विवादित जग्गाहरू नेपाल सरकारको वन क्षेत्रको लगतमा जनिएको देखिए तापनि सो सम्बन्धमा विपक्षी वादीका पिता अमृतप्रसाद शेरचनले निवेदन दिई निजको मृत्युपछि छोरा विकलप्रसाद शेरचनले विवादित जग्गा आफ्नो मात्र भएकोले छुट जग्गा दर्ता गरिपाउँ भनी मालपोत कार्यालयमा निवेदन दिएकोमा उक्त मितिमा मालपोत कार्यालयले निवेदन दर्ता गरेको देखिन्छ। मालपोत कार्यालयमा रहेको मोठ स्रेस्तामा सरकारी वन लेखेकै आधारमा उक्त जग्गा नेपाल सरकारको मात्रै रहेछ भनी निर्णय गर्नु उपर्युक्त हुँदैन। उक्त जग्गामा दुवै पक्षले दाबी गरेको अवस्थामा सम्बन्धित अदालतमा गई हकबेहक छुट्याई ल्याउनु भनी सम्बन्धित पक्षहरूलाई मालपोत अधिकृतले सुनाई दिनुपर्ने भन्ने कानूनी व्यवस्था भएकोमा एकतर्फीरूपमा नेपाल सरकार वन क्षेत्रमा दर्ता गर्ने निर्णय गरेको देखियो। यसरी हकबेहक सम्बन्धमा प्रमाण नै नबुझी एकतर्फी निर्णय गरिदिने अधिकार मालपोत कार्यालयलाई रहेभएको नपाइने।

अर्घौ बजार गा.वि.स. वडा नं.३ को कि.नं. १ मध्ये अं.४२ रोपनी जग्गा दर्ता गरिपाउँ भनी मिति २०३८।११।२० मा विपक्षी वादीका पिता अमृतप्रसाद शेरचनले निवेदन दिई निजको मृत्युपछि निजका छोरा विकलप्रसादले हक सकार गरी कारबाही भइरहेकोमा वन कार्यालय, कास्कीले विवादित जग्गा राष्ट्रिय

वन जंगलभित्र पर्छ भनी लेखी पठाएको आधारमा मालपोत कार्यालय, कास्कीले विवादित जग्गा नेपाल सरकार वन क्षेत्रमा दर्ता गरी स्रेस्ता पुर्जा तयार गरी वन कार्यालयमा पठाउने निर्णय गरेको देखिएको हुँदा उल्लिखित नजिरको आधारमा विवादित जग्गा निवेदकको दर्ताभित्रको हो वा सार्वजनिक वन के हो भन्ने सम्बन्धमा हक बेहकको प्रश्न उपस्थित भएकोमा हक बेहकमा सम्बन्धित जिल्ला अदालतबाट निर्णय गरी ल्याउनु भनी सुनाउनु पर्नेमा नेपाल सरकार वन क्षेत्रमा दर्ता गर्ने गरी सुरू मालपोत कार्यालय, कास्कीले मिति २०७२।२।२८।५ मा गरेको निर्णय मिलेको नदेखिँदा बदर गरी हकबेहकमा सम्बन्धित जिल्ला अदालतबाट निर्णय गरी ल्याउनु भनी सुनाइदिने ठहर्छ भनी पुनरावेदन अदालत, पोखराबाट भएको फैसला मिलेकै देखिँदा पुनरावेदक वादी नेपाल सरकार, मालपोत कार्यालय, कास्कीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट सुरू मालपोत कार्यालय, कास्कीले मिति २०७२।२।२८।५ मा गरेको निर्णय मिलेको नदेखिँदा बदर गरी हकबेहकमा सम्बन्धित जिल्ला अदालतबाट निर्णय गरी ल्याउनु भनी सुनाइदिने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०७२।१२।०१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर झवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल फागुन ८ गते रोज ३ शुभम्।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी, ०७०-CI-११५४, प्रतिषेध / परमादेश, *जीतबहादुर मानन्धरसमेत वि. गणेशलाल मानन्धर*

प्रस्तुत मुद्दाका पक्ष विपक्षहरूबीच नातामा विवाद रहेको देखिँदैन भने अर्कातिर मालपोत कार्यालय, चाबहिलबाट भएको मिति २०६७।४।१६ को आदेशको बोलीमा विवादित जग्गाको निज प्रत्यर्थी निवेदक अंशियार / हकदार भए नभएको खुलाएको देखिएन। साथै उक्त आदेशबाट निज प्रत्यर्थीको अंश हकमा कुनै प्रकारको असर नपर्ने भन्न नसकेको स्थितिमा मालपोत कार्यालय, चाबहिलबाट प्रत्यर्थी निवेदकलाई के कुन आधारमा तारेख टुटाएको हो भन्ने वस्तुनिष्ठ आधार, प्रमाणको विश्लेषण, मूल्याङ्कन गरिएको स्थितिसमेत देखिँदैन। सुरू पुनरावेदन अदालत, पाटनबाट भएको आदेश हेर्दा, विवादित कि.नं.२६ को सम्बन्धमा गणेशबहादुर मानन्धरले जग्गाधनी प्रमाण पुर्जा हराएकोले प्रतिलिपि पाउँ भनी दिएको निवेदन, गणेशलाल मानन्धरसमेतले नामसारी गरिपाउँ भनी दिएको निवेदन तथा हिरामाया मानन्धरसमेतले नामसारी गरिपाउँ भनी दिएको निवेदनहरूसमेत साथै राखी जो जे बुझ्नुपर्ने सबुद प्रमाण बुझी निर्णय गर्नुपर्नेमा निवेदकसमेतको मागअनुसार कारबाही हुन नसक्ने जानकारी गराई तारेख टुटाई हिरामाया मानन्धरको निवेदनमा मात्र कारबाही अगाडि बढाउने भन्नेसमेत मालपोत कार्यालय, चाबहिलको मिति २०६७।४।१६ को आदेश कानूनसम्मत नदेखिँदा उक्त आदेशानुसारको कारबाही अघि नबढाउनु भनी प्रतिषेधको आदेश जारी भएको देखिन्छ भने विवादित कि.नं. २६ का सम्बन्धमा तीन पक्षबाट परेका निवेदनहरू साथै राखी जो जे बुझ्नुपर्ने सबुद प्रमाण बुझी कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, चाबहिलका नाउँमा परमादेशको आदेश जारी भएको देखिने। पुनरावेदन अदालतको उक्त आदेशबाट प्रस्तुत विवादको कित्ता नं २६ मा कसैको हक, बेहक एवम् सारभूत अधिकार सिर्जना गरिदिने कार्य भएको देखिँदैन, केवल मालपोत कार्यालय, चाबहिलको मिति २०६७।४।१६ को आदेश तत्काल कार्यान्वयन गर्नका निम्ति रोकेको देखिने।

मुद्दाको न्यायिक निरूपणको लागि मुद्दासँग सम्बन्धित एवम् जग्गाको हकदारका रूपमा दाबी लिएका तीनै पक्षको निवेदनहरू साथै राखी सुनुवाइ गर्नु उपयुक्त देखी बुझ्नुपर्ने सबुद प्रमाण बुझी कानूनबमोजिम

गर्नु भनी जारी भएको परमादेशको आदेशमा कुनै कानूनी त्रुटि विद्यमान देखिँदैन भने उक्त आदेशले कुनै पक्षलाई हक अधिकार सिर्जनासमेत गरिदिएको भन्ने स्थितिसमेत रहेको देखिँदैन, यसरी कानूनबमोजिम स्थापित कुनै पनि सक्षम न्यायिक निकायले आफ्नो अधिकार क्षेत्रअन्तर्गत रही मुद्दाको सुनुवाइको क्रममा उपयुक्त आदेश जारी गर्न सक्ने।

तसर्थ, विवेचित आधार, प्रमाण तथा कारणबाट पुनरावेदन अदालत, पाटनबाट जारी भएका आदेशहरूबाट पुनरावेदकहरूको कानूनी एवम् संवैधानिक हक, अधिकारमा के कुन प्रकारको आघात पर्न गयो एवम् उक्त अदालतबाट भएको काम कारबाही गैरकानूनी भएको भन्ने स्थिति पुनरावेदकले औंल्याउन सकेको स्थिति नदेखिएको एवम् जग्गासँग सम्बन्धित भई निवेदन गरेका सम्पूर्ण निवेदकहरूको निवेदनउपर सुनुवाइ गरी, बुझ्नुपर्ने आवश्यक प्रमाण बुझी कानूनसम्मत तरिकाले मुद्दाको टुङ्गो लगाउनु भनी विवेकसम्मत तरिकाले भए गरेको देखिने सुरू पुनरावेदन अदालत, पाटनको आदेशमा कुनै प्रकारको कानूनी त्रुटि विद्यमान रहेको नदेखिएको स्थितिसमेतबाट पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।९।३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल साउन ३० गते रोज ४ शुभम्।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७१-CR-१५१९, अदालतको अवहेलना, *धेनुका लुइँटेल वि. शिवहरी थापासमेत*

पुनरावेदक निवेदिका धेनुका लुइँटेलले प्रत्यर्थी विपक्षीहरूउपर दायर गरेको उत्प्रेषण निषेधाज्ञाको निवेदनमा पुनरावेदन अदालत, पाटनको मिति २०७०।१२।१३, २०७०।१२।१९ मा निवेदिकालाई साबिकदेखिको काममा हाजिर गराई निरन्तररूपमा कामकाज गर्न कुनै बाधा विरोध नगर्नु भनी अन्तरिम आदेश भएको देखियो । सो आदेशबमोजिम निज पुनरावेदक निवेदिकाले विपक्षी विद्यालय नेपाल प्रहरी उच्च माध्यमिक विद्यालय, साँगा, काभ्रेका प्रिन्सिपलसमक्ष हाजिरलगायत साबिककै कामकाज गर्न पाउँ भनी मिति २०७०।१२।२० मा निवेदन दिएको देखियो । सो निवेदनउपर कारबाही भई धेनुका लुइँटेलको हाजिरी कापीको प्रतिलिपि उतार भनी जनिएको हाजिरी पुस्तिकाको (रजिस्टर) को छायाँकपीमा निज निवेदिकाले मिति २०७०।१२।२० देखि हाजिर भएको हस्ताक्षर गरेको देखिने प्रमाण विपक्षीहरूले पेस गरेको देखिने।

विरूद्ध खण्डमा उल्लिखित विपक्षीहरूको कार्यबाट अदालतको अवहेलना भएको भन्ने वस्तुनिष्ठ आधार निवेदिकाले पेस गर्न सकेको स्थितिसमेत मिसिल संलग्न कागजातबाट देखिँदैन । अतः निज पुनरावेदक निवेदिकाको मागबमोजिम प्रत्यर्थी विपक्षीहरूले अदालतको अवहेलना हुने कार्य, कसुर गरेको भन्ने तथ्य मिसिल संलग्न कागजातबाट स्थापित हुन सकेको अवस्था नदेखिँदा निज पुनरावेदक निवेदिकाको निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला अन्यथा नदेखिने।

तसर्थ, विवेचित आधार, प्रमाण तथा कारणबाट अदालतको अवहेलना जस्तो फौज्दारी प्रकृतिको अपराधमा कुनै पनि व्यक्तिलाई यथेष्ट आधार, प्रमाणबिना नै कसुरदार कायम गरी सजाय गर्नु मान्य न्यायको सिद्धान्तको विपरीत हुन जान्छ। पुनरावेदक निवेदिकाले विपक्षीहरूले के कुन कारणबाट अदालतको अपहेलना गरेका हुन् भन्ने कुरालाई सबुद प्रमाणबाट पुष्टि गर्न नसकेको स्थिति एवम् अदालतको आदेश शिरोपर गरी निवेदिकालाई हाजिरसमेत गराएको भन्ने विपक्षीहरूको लिखित जवाफ एवम् निवेदिकाको हाजिर भएको देखिने मिसिल संलग्न हाजिरी रजिस्टरको छायाँकपीबाट समेत प्रत्यर्थी विपक्षीहरूले अदालतको आदेशको अवज्ञा गरेको भन्ने नदेखिएको स्थितिमा अदालतको अवहेलना गरेको नठहरी निज पुनरावेदक निवेदिकाको निवेदन खारेज गरेको पुनरावेदन अदालत,

पाटनबाट मिति २०७१।५।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल साउन ३० गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CR-१५१८, अदालतको अवहेलना, *धेनुका लुइँटेल वि. शिवहरी थापासमेत*
- ०७१-CI-११२०, उत्प्रेषण / निषेधाज्ञा, *डा. नवरथ बानियासमेत वि. धेनुका लुइँटेल*

१०

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७२-CI-०३७४, मोही दर्ता नामसारी, *सत्यनारायण कौडगिया वि. इद्रिस मियाँ*

वादीका पति रघुनी कौडगियाले जग्गाधनी केशरजंग थापालाई जग्गाधनी देखाई ज.वि. १-०-० जग्गाको १ नं. फाराम भरी २ नं. अनुसूची प्रकाशित भई ४ नं. जोताहाको अस्थायी निस्सासमेत प्राप्त गरेको देखिन्छ। वादीले उक्त जग्गाभित्रबाट चन्द्रनहरको पानी लान पैनी निर्माण भएकोले सर्वे नापी हुँदा सो जग्गा पैनीभन्दा उत्तरतर्फ कि.नं. ११० मा ज.वि. ०-१३-१४ र दक्षिणतर्फ कि.नं. १११ मा ज.वि. ०-३-१ कायम भई सत्यप्रसाद दाहाल र थिरकुमारी पोखरेलका नाममा नापी भएकोमा कि.नं. ११० मा आफ्नो पतिले मोही प्रमाणपत्र प्राप्त गरी सकेको र कि.नं. १११ को जग्गाको मोही प्रमाणपत्र लिन बाँकी रहेको भनी दाबी लिएको देखिने।

दाबीको सो कि.नं. ११० र १११ को जग्गा साबिक जग्गाधनी सत्यप्रसाद र थिरकुमारीले मिति २०३३।२।२४ मा र.नं. २८३४ को बकसपत्रबाट सुभाषचन्द्र दाहाललाई हक हस्तान्तरण गरेको र उक्त कि.नं. १११ को जग्गा निज सुभाषचन्द्र दाहालबाट प्रतिवादी इद्रिस मियाँले राजीनामाका माध्यमबाट प्राप्त गरेको देखिन्छ। सुभाषचन्द्र दाहालले प्राप्त गरेको उक्त मिति २०३३।२।२४ को बकसपत्रमा कि.नं. ११० र १११ को जग्गाको मोही रघुनी भन्ने उल्लेख भई निज साबिक जग्गाधनीले रघुनी कौडगियालाई मोही स्वीकार गरेको देखिने।

वादीका पतिले ज.वि.१-०-० जग्गाको १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भएकोमा कि.नं. ११० को ०-१३-१४ जग्गामा मात्र मोही हकको प्रमाणपत्र प्राप्त गरेको देखिएकोमा बाँकी जग्गाको मोही हक वादीले यो यस जग्गाबाट प्राप्त गरेको भनी प्रतिवादीले देखाउन सकेको देखिँदैन। सर्वे नापीमा कि.नं. ११० र १११ का दुवै कित्ता जग्गा सत्यप्रसाद र थिरकुमारीका नाममा नापी भएको भन्ने मिसिल संलग्न फिल्ड बुक उतारबाट देखिएको र उक्त कि.नं. ११० र १११ को बीचमा कुलो रहेको भन्ने कुरा मिसिल संलग्न सर्वे नक्साबाट समेत देखिने।

वादीले आफ्नो पति मोही रहेको ज.वि. १-०-० जग्गाको बीचमा पैनी कायम भई सो जग्गा नरघटी भई कि.नं. ११० र १११ मा नापी भएको र कि.नं. १११ को जग्गाको मोही प्रमाणपत्र प्राप्त गर्न बाँकी रहेको भनी लिएको दाबी समर्थित भएको देखिन्छ। त्यस्तै गा.वि.स. को कार्यालय, कञ्चनपुर सप्तरीबाट मिति २०६३।११।१८ मा भएको सर्जमिनमा दाबीको कि.नं. १११ को जग्गा वादी पक्षले साबिकदेखि हालसम्म मोहीको हैसियतले जोतखन गरी कमाई आएको भनी उल्लेख भएको देखिन्छ। यसप्रकार दाबीको जग्गाको वादीका पति मोही रहेको भन्ने कुरा साबिक जग्गाधनीले नै स्वीकार गरेको र मिसिल संलग्न उल्लिखित अन्य प्रमाणबाट समेत सो कुरा पुष्टि भइरहेको अवस्थामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू भूमिसुधार कार्यालयको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेको नदेखिने।

अत: विवेचित आधार कारणबाट दाबीको जिल्ला सप्तरी, गा.वि.स. कञ्चनपुर वडा नं. ५ कि.नं. १११ को ज.वि. ०-३-१ जग्गाको वादी मोती कौडगियाका पति स्व. रघुनी कौडगिया मोही रहेको भन्ने पुष्टि भएको देखिँदा वादी दाबीबमोजिम वादीका नाममा उक्त जग्गाको मोही नामसारी हुने ठहर गर्नुपर्नेमा

वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू भूमिसुधार कार्यालय, सप्तरीको मिति २०६८।६।३० को फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।६।१४ को फैसला मिलेको नदेखिँदा उल्टी भई भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम दाबीको उक्त कि.नं. १११ को ज.वि. ०-३-१ जग्गाको मोही हक वादीका नाममा नामसारी भई वादीले मोही हकको प्रमाणपत्रसमेत पाउने।

इजलास अधिकृतः शुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल भदौ १६ गते रोज ६ शुभम्।

इजलास नं. ८

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी., ०६६-CI-०३४२, लिलाम सकार निर्णय बदर दर्ता बदर दर्ता, *बनु अर्याल वि. पाटन फाइनान्स कम्पनी लिमिटेडसमेत*

पुनरावेदक वादीले २ वर्षको अवधिमा साँवातर्फ रू.५७,७१०।७३ र ब्याजतर्फ रू.९४,७१३।१८ बुझाएको भन्ने कम्पनीको मिति २०६१।९।२९ को निर्णय उतारबाट देखिन्छ। ऋण चुक्ता गर्ने भाखा ४ वर्ष राखेकोमा बुझाउन नसकी विलम्ब हुन गएको अवस्थामा विलम्ब शुल्क लिने गरी सर्तनामा हुँदाहुँदै कम्पनीले भाखा नआउँदै २ वर्षभित्र पुनरावेदक वादीको सुरक्षण राखिएको सम्पत्ति लिलाम गरी स्वयम् कम्पनीले नै सकार गरी लिएको देखियो। तसर्थ पुनरावेदक वादीको सुरक्षणमा लिएको सम्पत्तिलाई भाखा ननाघ्दै लिलाम गर्ने गरी गरेको प्रत्यर्थी फाइनान्स कम्पनीको काम कारबाही वित्त कम्पनी ऐन, २०४८ को दफा ४८ को प्रतिकूल हुँदाहुँदै सोही दफा मुताबिक वादी दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलामा प्रत्यक्ष कानूनी त्रुटि रहेको देखिने।

पुनरावेदक वादीको सुरक्षणमा राखिएको सम्पत्ति धितो लिँदाका बखतको मिति २०५९।१२।२१ मूल्याङ्कन रू.२३,३६,५५०।– रहेको र 10 Jan. 2010 मा पुनः मूल्याङ्कन गर्दा रू.३४,९६,११२।३३ रहेको देखिन्छ। तर प्रत्यर्थी कम्पनी स्वयम्ले उक्त सम्पत्ति उक्त मूल्याङ्कनभन्दा निकै कम रू.१३,९१,४९२।१६ मा सकार गरी लिएको पाइयो। त्यसैगरी प्रत्यर्थी कम्पनीले मिति २०६१।९।२९ को निर्णयअनुसार मिति २०६१।९।२८ सम्मको लेना रकम रू.१३,९५,४९२।१६ मा उक्त सम्पत्ति लिलाम सकार गरी लिएकोमा ७ महिनाभित्रैमा मिति २०६२।४।१९ मा कम्पनीले मदन ताम्राकारलाई रू. ४०,८७,०००।– मा राजीनामा गरिदिएको देखिन्छ। यस तथ्यले पनि प्रत्यर्थी कम्पनीले पुनरावेदक वादीले सुरक्षणमा राखेको सम्पत्तिको बजार मूल्यभन्दा निकै कम मूल्यमा लिलाम सकार गरी लिएको पुष्टि हुन आउने।

लिलामी कारबाहीमा प्रचलित कानूनबमोजिम बाध्यात्मक रूपमा पालना गर्नुपर्ने कार्यविधिको पालना नगरी प्रत्यर्थी फाइनान्स कम्पनीले पुनरावेदक वादीको धितो सुरक्षणमा राखेको सम्पत्ति लिलाम गरेको देखिन्छ। लिलामको सूचना प्रथम पटक मिति २०६१।८।१० मा नेपाल समाचार दैनिक पत्रिकामा प्रकाशित भएको देखिन्छ। प्रथम पटक प्रकाशित सूचनामा कसैको टेन्डर नपरेपछि पुनः अर्को सूचना ननिकाली पहिलो सूचनाबाट नै अघि बढाइएको लिलामी कारबाहीलाई शुद्ध कारबाही भन्न मिल्दैन। लिलामको सूचना पुनरावेदक वादीलाई पठाई निजलाई बुझाई जानकारी गराएको पनि देखिन्न। धितो सुरक्षणमा राखिएको सम्पत्तिको साबिकको मूल्याङ्कनभन्दा घटी मूल्य कायम गर्दा पुनरावेदक वादीलाई समेत रोहबरमा राखी घटी मूल्याङ्कन गर्नुको आधार कारण खुलाई मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको मिसिलबाट नदेखिने।

स्वयम् फाइनान्स कम्पनीले पुनरावेदक वादीको सम्पत्ति धितो सुरक्षण लिँदा र पुनः गरेको मूल्याङ्कनलाई अनदेखा गरी पुनरावेदक वादीलाई कुनै जानकारी सूचनासम्म नदिई बिनाआधार कारण

पहिले आफैँले गरेको मूल्याङ्कनभन्दा निकै कम मूल्यमा स्वयम् फाइनान्स कम्पनीले नै लिलाम सकार गरी लिएको व्यवहार र क्रिया प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुनुको अतिरिक्त शुद्ध आशयले भए गरेको नदेखिने।

सम्पत्ति नागरिकका अति भरपर्दा सहारा र संरक्षक हुन्। नागरिकले व्यवहार चलाउन ऋण लिनु पर्दा र ऋण तिर्न नसक्नुको बाध्यताको कारणले ऋण दिने वित्तीय संस्थालाई धितोमा राखेको नागरिकको सम्पत्ति प्रचलित कानूनको कार्यविधि पनि पूरा नगरी धितो लिँदा गरेको मूल्याङ्कनभन्दा कम मूल्यमा भाखा ननाघ्दै गरेको प्रथम पटकको लिलाम कारबाहीमा नै आफैँले सकारी सोको केही महिनामा नै बढी रकममा बिक्री गर्ने स्वेच्छाचारीपनको छुट कानूनले प्रदान गरेको नदेखिने।

ऋणीले राखेको धितो समयमै ऋण तिर्न नसकेबापत गरिने लिलामी कारबाही ऋणी नागरिकको सम्पत्तिको लिलाम हुँदाको समयको चलन चल्तीको प्रचलित मूल्यमा अवमूल्यन पनि नहुने र वित्तीय संस्थाको पनि ऋण असुल गर्ने शुद्ध एवम् पवित्र मनसायबाट गरिनु पर्ने र ऋण असुलीको लागि चालिएको कारबाहीबाट नै सो देखिनु पर्छ। वित्तीय संस्थाले नागरिकलाई ऋण प्रवाह गर्दा र सो असुल हुन नसकी गरिने लिलामी कारबाहीमा ऋणीको सम्पत्तिमा अनुचित फाइदा लिने नियत राख्नु नहुने।

तसर्थ, वादी दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६४।१०।१० को फैसलामा प्रचलित कानूनको त्रुटि हुनुका साथै यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल देखिएकोले सो फैसला उल्टी भई फिराद दाबीबमोजिम पुनरावेदक वादीले धितो कर्जा सुरक्षणबापतमा पाटन फाइनान्स कम्पनीमा राखेको कि.नं. १४७ को घर जग्गालाई प्रत्यर्थी फाइनान्स कम्पनी आफैँले सकार गर्ने गरी मिति २०६१।९।२९ मा गरेको निर्णय र सो निर्णयका आधारमा उल्लिखित घरजग्गा प्रत्यर्थी फाइनान्स कम्पनीका नाउँमा दर्ता दाखिल खारेज गर्ने गरी भएका काम कारबाहीसमेत बदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असार ११ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CI-०३४३, लिलाम बदर दर्ता बदर दर्ता, *बनु अर्याल वि. पाटन फाइनान्स कम्पनी लिमिटेडसमेत*
- ०६६-CI-०३४४, हरहिसाब यकिन गरी पाऊँ, *बनु अर्याल वि. पाटन फाइनान्स कम्पनी लिमिटेडसमेत*

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०६८-CI-०१८६, अंशदपोट, *मुकुन्द शर्मा पौडेलसमेत वि. पद्मनाथ शर्मा*

प्रत्यर्थी / वादी र पुनरावेदक / प्रतिवादीहरूसमेत बीच बन्डापत्रको कागज पारित हुँदा मूल अंशियार बाबु जगन्नाथ उपाध्याय जीवितै रही निजबाट अंश लिई बन्डापत्र पारित गरेको अवस्था देखिन्छ। अंशबन्डाको लिखत पारित हुनुपूर्व प्रतिवादी निर्मला पौडेलका नाममा खरिद भई आएको विवादित जग्गा निजका ससुरा जगन्नाथ उपाध्यायले सगोलको सम्पत्तिबाटै खरिद गरी बुहारीको नाममा दर्ता स्रेस्ता बनाइराखे होलान् भनी अनुमान गर्न सकिँदैन। यदि त्यसरी बुहारीको नाममा खरिद गरिएको थियो भनी अनुमान गर्ने हो भने पनि त्यस्तो जग्गाको सम्बन्धमा निज बाबु / ससुरा जगन्नाथ उपाध्यायलगायत अन्य अंशियारहरूलाई थाहा जानकारी हुन सक्ने अवस्था थिएन भनी मान्न नसकिने।

बन्डापत्रको लिखत पारित हुँदाका समयमा वादीकी पत्नी विजयालक्ष्मीको नाममा समेत बागलुङ अमलाचौर-९ मा कि.नं. ६६१ को जग्गा दर्ता रहेको र सो जग्गासमेत बन्डापत्रमा नपरेको भन्ने प्रतिवादीहरूको जिकिर रहेकोमा विजयलक्ष्मीको नाउँमा रहेको बन्डा हुने जग्गा बन्डा भएको तर सबै जग्गा बन्डा नहुने

किसिमको भएको हुनाले बन्डा नभएको भन्ने वादीका कानून व्यवसायीबाट बहसको क्रममा व्यक्त हुन आएकोले बन्डा नहुने सम्पत्ति बन्डापत्रमा नपरेको रहेछ भनी सहजै अनुमान गर्नुपर्ने ।

वादी प्रतिवादीबीच अंश दिनुपर्ने जिम्मेवारीसमेत भएका बाबु जगन्नाथ उपाध्याय जीवित रहेकै अवस्थामा अंशबन्डा लिनुदिनु गरेको अवस्थामा सो बन्डापत्रउपर चित्त नबुझे वा अबन्डा सम्पत्ति बन्डा गर्नुपर्ने अवस्था भए बाबु जीवित भएकै अवस्थामा नालेस गर्नुपर्नेमा सो नगरी करिब २७ वर्ष पछि अर्थात् ०६६ सालमा आएर प्रस्तुत फिराद दायर गरेको अवस्था हुँदा आफूले अंश दिनुपर्ने अवस्था नभएकी यी दोस्रो पुस्ताकी अंशियार निर्मला पौडेलका नाममा रहेको उक्त कि.नं. ७३ को जग्गाबाट ३ भागको १ भाग हिस्सा यी वादीलाई दिलाई दिनु कानून एवम् न्यायसम्मत हुने नदेखिने ।

अत : उल्लिखित आधार र प्रमाणसमेतबाट वादी दाबीबमोजिम प्रतिवादी निर्मला पौडेलका नाउँ दर्तामा रहेको साबिक कि.नं. १६५३ र १६५५ हालको कि.नं. ७३ को जग्गाबाट जग्गा रोपनी ०-२-३-१।२ को दर्ता बदर गरी वादी पद्मनाथ पौडेलका नाउँमा दर्ता हुनेसमेत ठहऱ्याएको सुरू बागलुङ जिल्ला अदालतको मिति २०६७।०१।२९ को फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०६७।११।११ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी नपुग्ने ।

इजलास अधिकृत : जयराम श्रेष्ठ

इति संवत् २०७४ साल चैत २६ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०६९-CR-०६८४ र ०७४-RC-००८७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मन्तोरीयाकुमारी मुखिया विन र नेपाल सरकार वि. रामगुलाम मुखिया विन*

मुख्य अभियुक्त रामगुलाम मुखिया विनको मौकामा भएको बयान कागज तथा प्रतिवादीहरूमध्ये रामचन्द्र मुखिया, रामगुलाम मुखिया र राजदेव मुखियाले मृतक काका रामलखन मुखियाको हातखुट्टा समाती मन्तोरीया कुमारी मुखियाले अण्डकोष समातेको मैले देखेको हुँ भन्नेसमेत बेहोराको फेकन मुखियाको मौकाको कागज भए पनि निजको अदालतमा बकपत्र भएको नदेखिएको र लास जाँच प्रतिवेदनमा मृतकको अण्डकोष सुन्निएको भन्ने उल्लेख भए पनि अण्डकोष चिरेर हेर्दा रगत नभेटिएको भन्ने लास जाँच गर्ने विशेषज्ञको बकपत्रबाट देखिएको हुँदा प्रतिवादी मन्तोरियाले मृतकको अण्डकोष थिचेको भन्ने सह-अभियुक्तको उक्त पोल निर्विवाद रूपले प्रमाणित हुन आएको देखिएन । तर यी प्रतिवादी मन्तोरीया कुमारी मुखिया विन अन्य प्रतिवादीहरूसँग मृतक रामलखन मुखियालाई मार्ने कार्यमा मत सल्लाहमा पसी मतियारको भूमिका खेलेको तथ्य मिसिल संलग्न अन्य प्रमाणहरूबाट पुष्टि हुन आउने ।

प्रतिवादी रामगुलाम मुखियासमेत उपर किटानी जाहेरी परेको, निजले अदालतमा उपस्थित भई बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा आफू र अन्य फरारी प्रतिवादीहरू रामचन्द्र र राजदेव मुखिया विनसमेत भई मृतकको हातखुट्टा, घाँटी, छाती थिची मारेको कुरामा साबित रही बयान गरेको देखिएको छ । सो बयान कागजलाई मौकामा कागज गर्ने फेकन मुखियाको बयान बेहोरा र घटना विवरणको कागज गरी दिने मानिसहरूले गरिदिएको एकै मिलानको कागज बेहोराबाट समर्थित भइरहेको देखिन्छ । शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्युको कारणमा Died from Respiratory Failure it may be due to the compression of the chest and neck भन्ने उल्लिखित बेहोरा सो शव परीक्षण गर्ने चिकित्सक डा.मुरारी प्रसाद उपाध्यायले सुरू अदालतमा उपस्थित भई विशेषज्ञको रूपमा गरिदिएको बकपत्रबाट समेत पुष्टि भइरहेको देखिन्छ । तसर्थ, मृतक रामलखन मुखिया विनको मृत्यु यी प्रतिवादी रामगुलाम मुखिया विनसमेतको

कर्तव्यबाट भएको होइन भनी मान्न सकिने अवस्था मिसिल संलग्न प्रमाण कागजबाट देखिन नआउने ।

अतः प्रतिवादी मन्तोरीया कुमारी मुखिया विनको हकमा निज अन्य प्रतिवादीहरूसँग मत सल्लाहमा पसी मृतकलाई मार्ने काममा सहयोग पुऱ्याएको हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. को कसुरमा सोही नं. अनुसार ६(छ) महिना कैद हुने ठहर गरेको सुरू महोत्तरी जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।०८।१४ को फैसला मनासिब देखियो । प्रतिवादी रामगुलाम मुखिया विनको हकमा निजउपरसमेत परेको किटानी जाहेरी, घटना विवरण कागज, निजको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान, मौकामा बुझिएका फेकन मुखियाको बयान कागज, शव परीक्षण प्रतिवेदन र विशेषज्ञको बकपत्रसमेतका आधार प्रमाणबाट निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुरमा सोही नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको सुरू महोत्तरी जिल्ला अदालतको मिति २०६६।१२।०९ को फैसला साधकको रोहमा जाँच गरी सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७३।०३।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटरः मिनु शाही

इति संवत् २०७५ साल जेठ ३ गते रोज ५ शुभम् ।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही, ०६९-WO-०९९९, उत्प्रेषण / परमादेश, *प्रवीणकुमार लाभ वि. राष्ट्रपतिको कार्यालय, शितल निवाससमेत*

विपक्षीहरूको लिखित जवाफ र सो साथ संलग्न प्रमाण कागजातहरूबाट रिट निवेदकले जुन निर्णय र सिफारिससमेतको संवैधानिकतामाथि प्रश्न उठाई निवेदन दर्ता गर्नुभएको छ, सो सिफारिस र निर्णयबमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेती, निर्वाचन आयुक्त दोलखबहादुर गुरूङ र अयोधीप्रसाद यादवको नियुक्तिसमेत भइसकेको र नेपालको अन्तरिम संविधान, २०६३ खारेज भइसकेको, नयाँ जारी भएको संविधानबमोजिम संघीय संसद्समेतको निर्वाचन सम्पन्न भइसकेको परिप्रेक्ष्यमा रिट निवेदनको माग औचित्यहीन र निरर्थक भइसकेको देखिने ।

मिति २०६९।१२।०१ को बाधा अड्काउ फुकाउने आदेश र मिति २०६९।१२।०८ को संवैधानिक परिषद्को सिफारिस र सम्माननीय राष्ट्रपतिबाट मिति २०६९।१२।११ मा भएको नियुक्तिका सम्बन्धमा नै निवेदकले प्रश्न उठाएकोमा सोबमोजिमका कार्यहरू सम्पन्न भई आदेशको प्रयोजन समाप्त भइसकेको अवस्था छ । संविधानसभाबाट नेपालको संविधान पनि जारी भइसकेको छ । नेपालको संविधानको धारा ३०८ बाट नेपालको अन्तरिम संविधान, २०६३ पनि खारेज भइसकेको छ । अब अस्तित्वमा नै नरहेको बाधा अड्काउ फुकाउको आदेश र सोबमोजिम प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्तिको लागि संवैधानिक परिषद्ले गरेको सिफारिससमेतलाई उत्प्रेषणको रिटबाट बदर गर्नुपर्ने अवस्था रहेन । तत्कालीन मन्त्रिपरिषद्का अध्यक्षले राजीनामा दिइसकेको र निजको अध्यक्षतामा गठित मन्त्रिपरिषद् नै हाल बहाल नरहेको तथा तत्कालीन संवैधानिक परिषद्का अध्यक्षलगायतका अन्य पदाधिकारीहरूसमेत पदमा बहाल नरहेको हुँदा निवेदकको मागअनुरूप परमादेशको आदेशसमेत जारी गरिरहनुपरेन । तसर्थ, अब यस परिवर्तित परिस्थितिमा प्रस्तुत निवेदनको विषयमा रिट जारी हुन सक्ने अवस्था रहेको नदेखिने ।

अदालतले आफूसमक्ष विचाराधीन विवादित विषयको मात्र निरूपण गर्ने हो । निवेदकहरूले निवेदन दिँदाको बखतमा विवादित भनिएको विषय नै राजनीतिक प्रक्रिया र विकसित नयाँ संवैधानिक प्रणालीबाट परिस्थितिको परिवर्तन भई विवादको अवस्थाको औचित्य नै समाप्त भइसकेको स्थितिमा

उक्त विषयलाई पुन: बल्झाई विवाद रहेसरहको स्थितिको कल्पना गरी अदालतले बोल्नु औचित्यपूर्ण र वाञ्छित हुन नसक्ने।

अत: उल्लिखित आधार कारण र यसै अदालतबाट प्रतिपादित सिद्धान्त र पूर्वआदेशबमोजिम जुन सिफारिस र नियुक्तिका सम्बन्धमा निवेदकले प्रश्न उठाएको हो, सो सम्बन्धमा सम्माननीय राष्ट्रपतिज्यूबाट संविधानको बाधा अड्काउ फुकाउ आदेश जारी भई सो आदेशबमोजिम संवैधानिक परिषद्बाट सिफारिस भई सो सिफारिससमेतका आधारमा सम्माननीय राष्ट्रपतिबाट नियुक्तिसमेत प्रदान गरिसकेको अवस्था रहनुका साथै तत्काल बहाल रहेको मन्त्रिपरिषद्ले निर्वाचन सम्पन्न गरी गठन भएको नयाँ संविधानसभाबाट नेपालको संविधान निर्माण भई लागू भइसकेको हालको परिस्थितिमा सारभूत परिवर्तन आई निवेदन दायर गर्दाको अवस्थाको विवादित विषय नै निरर्थक र प्रयोजनहीन भएको हुँदा रिट निवेदनको अन्तर्वस्तुभित्र प्रवेश गरी थप बोलिरहनु आवश्यक नदेखिएकोले निवेदकहरूको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

इति संवत् २०७५ साल वैशाख ३१ गते रोज २ शुभम्।

- यसै लगाउको ०६९-WO-१०२६, उत्प्रेषण, *प्रवीणकुमार लाभसमेत वि. राष्ट्रपतिको कार्यालय, शितल निवाससमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

इजलास नं. ९

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की, ०६८-CR-१२८४, जालसाजी, *भिष्मकुमारी गुरूङ वि. चन्द्रबहादुर खड्कासमेत*

लिखत जालसाजी भन्नलाई आफ्नो हक नपुग्ने सम्पत्ति बिक्री गरेको वा अर्काको हकको सम्पत्ति बिक्री गरेको हुनुपर्ने हुन्छ। कि.नं. ६७ को जग्गामा वादीको हक स्थापित हुन सकेको देखिँदैन। कम्पनी एक स्वशासित संगठित संस्था भई आफ्नो नाउँमा सम्पत्ति प्राप्त र बेचबिखन गर्न पाउने कानूनी व्यवस्था भएकोमा कम्पनीको नाममा उक्त जग्गा दर्ता रहेकोमा पनि विवाद देखिँदैन। वादीले दाबी लिएको जग्गा वादीको हक पुग्ने नदेखिएको र कानूनतः रोक्का रहेकोसमेत नदेखिएको परिप्रेक्ष्यमा र.नं. २५६२(ग) मार्फत आफ्नो हकको सम्पत्ति प्रतिवादीमध्येका स्टेन्डर्ड ओभरसिज प्रा.लि. का संचालक चन्द्रबहादुर खड्काले अर्का प्रतिवादी प्रकाश पुडासैनीलाई राजीनामा गरी जग्गा दिएको कार्यलाई कानूनतः जालसाजीपूर्ण कार्य गरेको मान्न सकिने अवस्था नदेखिने।

तसर्थ, विवेचित आधार, कारण र प्रमाणबाट चन्द्रबहादुर खड्काले जालसाजी गरेको ठहर गरी बिगोको सयकडा पच्चीस रूपैयाँका दरले रू.२,५०,०००।- जरिवाना गर्ने गरी जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मनिराम ज्ञवाली

इति संवत् २०७५ साल वैशाख १४ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७०-CI-०५३०, जग्गा खिचोला, *महारूद्र भण्डारीसमेत वि. दिपककुमार कार्की*

नाप नक्सा र अदालतबाट भएको नाप नक्सा कुण्डली हेर्दा दुवै पक्षको साँध जोडिएको स्थिति रही एउटै न.नं. को जग्गामा दुवै मुद्दामा विवाद जनिएको देखिएकोले जुन मुद्दामा फैसला गरे पनि एउटै प्रमाण र एउटै तथ्यको विवेचना गरी फैसला गरिने हुँदा मूल र लगाउको भन्ने पुनरावेदकको जिकिर तथ्ययुक्त नदेखिने।

सुरू अदालतबाट भएको विवादित जग्गाको

नक्सा कुण्डली हेर्दा प्रतिवादीको जग्गा न.नं. ७,८,९ र १० रहेको र क्षेत्रफलको हिसाबले पनि दर्ता स्रेस्ताअनुसार ०-८-२-० रहेकोले प्रतिवादीको जग्गा पुगेको देखिन्छ । वादीको जग्गा न.नं. २ र न.नं. ३ क्रमश: क्षेत्रफल ०-०-०-२ र ०-१०-१-२ गरी जम्मा क्षेत्रफल ०-१०-२-० निर्विवाद देखियो भने कि.नं. ११९ र १७०९ को जग्गाअन्तर्गत पर्ने विवादित न.नं. ४, ५ र ६ को क्षेत्रफल ०-०-३-२ जग्गा प्रतिवादीको भोगमा रहेको देखिएको र उक्त न.नं. ४, ५ र ६ को विवादित जग्गाको क्षेत्रफल जोड्दा वादीको दर्ता स्रेस्ताअनुसारको नपुग जग्गा पुग्ने देखिन्छ । उक्त नक्साको आधारमा वादीको नाम दर्ताको न.नं. ४, ५ र ६ को जग्गा प्रतिवादीको जग्गामा घुसेको देखिन आउने ।

नगरपालिकाका प्राविधिकको मिति २०६७।१०।७ को निरीक्षण प्रतिवेदनमा प्रतिवादीले मिति २०५७।९।१० मा घर बनाउने नक्सा पास मात्र गरेको र निरीक्षण गर्दाको अवस्थामा घर टहरा पर्खाल रहेको भन्ने उल्लेख भएको देखिएबाट यी पुनरावेदकले विवादित टहरा वादीले जग्गा खरिद गर्नुपूर्व निर्माण गरेको भन्ने कुरा निर्विवाद रूपले पुष्टि हुन सकेको नदेखिने ।

लिखित रजिस्ट्रेसन पारित नभई अन्य कुनै माध्यमले एउटाको हकको अचल सम्पत्तिमा अर्काको हक कायम हुन नसक्ने हुँदा यी पुनरावेदक प्रतिवादीले वादीको जग्गा कब्जा गरेकै कारणले उक्त जग्गामा चीरभोग स्थापित भएको मान्न मिल्ने हुँदैन । प्रतिवादीले वादीको जग्गा मिच्ने गरी उपभोग गरेको आधारमा विवादित जग्गामा प्रतिवादीको हक पुग्ने भन्न मिल्ने नदेखिने ।

तसर्थ, विवादित स्थानको नक्सा मुचुल्कासमेतको बेहोरा हेर्दा वादी दिपककुमार कार्कीको नाउँमा दर्ता रहेको कि.नं. ११९ र कि.नं. १७०९ को जग्गाको ०-०-३-० क्षेत्रफल नपुगेको हदसम्म खिचोला ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हरिहर पौडेल

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल वैशाख १६ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७२-CR-०८२९, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. माइकल थापा*

वारदात भएको भनिएको मिति २०७०।१।३० गते दिउँसो अन्दाजी १२:३० बजेको समयमा यी पीडितहरू आफू अध्ययन गर्ने कैलाश बोधी सेकेण्डरी स्कुलमा हाजिर रहेको सो स्कुलको हाजिरी किताबबाट देखिएको अवस्था छ । सो हाजिरी किताबलाई वादीले अन्यथा भन्न सकेको अवस्थासमेत देखिँदैन । सो हाजिरी किताबमा जनिएको यी पीडितहरूको हाजिरीलाई विवाद पर्नुभन्दा पहिले स्वाभाविक रूपमा अभिलेखित लिखतको रूपमा मान्नुपर्ने हुन्छ । यस्तो लिखतमा जनिएको बेहोरालाई प्रमाण ऐन, २०३१ को दफा १४ बमोजिम प्रमाणमा लिन मिल्ने ।

प्रतिवादी आरोपित कसुरमा इन्कार रहेको, यी प्रतिवादीउपरको जाहेरी पीडितहरूले भनेको आधारमा दिएको देखिएको, अनुसन्धानको क्रममा कागज गर्ने लक्की तामाङ र उषा वि.क.ले यी प्रतिवादीलाई आरोपित कसुर गरेको हो भनी गडाउ गरी अदालतमा बकपत्र गर्न नसकेको, पीडितउपर जबरजस्ती करणीको उद्योग भएको भन्ने अन्य ठोस तथा विश्वसनीय प्रमाण मिसिल संलग्न रहेको नदेखिएको, वारदात भएको भनी दाबी गरिएको मिति र समयमा पीडितहरू आफ्नो स्कुल र कक्षामा हाजिर रहेको भन्ने हाजिरी किताबबाट देखिरहेको अवस्थामा केवल पीडितहरूको आफूहरूउपर यी प्रतिवादीले जबरजस्ती करणी गर्ने उद्योग गरेको भन्ने मौकाको भनाई र अदालतमा गरेको बकपत्रबाहेक मिसिल संलग्न तथ्यगत प्रमाणहरूबाट पुष्टि प्रमाणित हुन आएको देखिँदैन । पीडितका भनाईलाई समर्थित हुने गरी अन्य प्रमाणहरू स्वास्थ्य

परीक्षण प्रतिवेदनबाट समर्थित भएको देखिँदैन भने बुझिएका लक्की तामाङले केवल शंकाको आधारमा विश्वास लाग्छ भनी बकपत्र गरीदिएको देखिन्छ । त्यसरी विश्वास लाग्छ भनी निजहरूले तथ्यगत आधारबेगर विश्वास र शंकाकै आधारमा कसुर स्थापित भएको मान्न सकिने अवस्था देखिँदैन । साथै मिसिल संलग्न अन्य प्रमाणहरूबाट समेत Corroborative Evidence ले समर्थित हुन सकेको नदेखिने ।

तसर्थ, उल्लिखित आधार र कारणबाट यी प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि गर्ने ठोस, निश्चयात्मक र विश्वसनीय ग्रहणयोग्य प्रमाणहरू वादी पक्षले पेस गर्न सकेको अवस्था नहुँदा प्रमाणको अभावमा जबरजस्ती करणी जस्तो नैतिक रूपले असर पर्ने कुरामा ठोस तथ्ययुक्त विवाद रहित प्रमाणको अभावमा कसुरदार ठहर गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुन जाने ।

अतः प्रतिवादीको कसुर प्रमाणित गर्ने ठोस तथ्ययुक्त आधार प्रमाणको अभावमा प्रतिवादीलाई कसुरदार ठहर गर्न नमिल्ने भई प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरेको मिति २०७१।६।२८ को पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल माघ ३ गते रोज ४ शुभम् ।

इजलास नं. १०

१

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७२-CI-१२४८, निषेधाज्ञा, *झलकराम अधिकारी वि. शान्तमणी सुवेदी*

सडकको दायाँबायाँ बनेका संरचनाहरू तत्कालीन श्री ५ को सरकारले पोखरा बागलुङ राजमार्ग योजनाको सडक सीमा पोखरा बागलुङ राजमार्गको पोखरा नगरपालिका क्षेत्रको किलोमिटर ० देखि ६ याम्दी पुलसम्म सडकको केन्द्रबिन्दुबाट दायाँ १२.५ मिटर बायाँ १२.५. मिटर गरी जम्मा २५ मिटर हुने भनी गरेको निर्णय विपरीत, नगर विकास ऐन, २०३४, सार्वजनिक सडक ऐन, २०३१ एवम् जग्गा प्राप्त ऐन, २०३४ ले अनिवार्य रूपमा अवलम्बन गर्नुपर्ने प्रक्रिया पूरा नगरी तथा रिट निवेदकहरूलाई मुआब्जाबापत कुनै क्षतिपूर्ति उपलब्ध गराउनेसमेत कार्य नगरी निवेदकहरूको हक भोगको जग्गामा अतिक्रमण गर्ने, निर्माण गरिएका घर, टहरा तथा पर्खाल भत्काउनको लागि सूचना प्रकाशन गर्ने, भत्काउने प्रयोजनको लागि चिह्नलगाउने समेतका कार्यलाई उल्लिखित कानूनी व्यवस्थाअनुकूल रहेछ भनी मान्न मिल्ने नदेखिने ।

कानूनले नै प्रदान नगरेको अधिकारको प्रयोग गरी पुनरावेदक विपक्षीहरूबाट रिट निवेदकहरूको व्यक्तिगत सम्पत्तिको अतिक्रमण गर्ने, घर टहरा तथा पर्खाल भत्काउन सक्ने अवस्था देखिएको हुँदा तत्कालीन श्री ५ को सरकारद्वारा निर्धारित सडक सीमा क्षेत्रभन्दा बाहिर गई निवेदकहरूको घर टहरा तथा पर्खाल भत्काउने र जग्गासमेत पर्ने गरी नगर विकास समितिले चिह्न लगाएको भन्ने देखिएको हुँदा सडक केन्द्रबाट दायाँबायाँ गरी २५ मिटरबाहेकको स्थानमा रहेका निवेदकहरूका घर टहरा तथा पर्खाल भत्काउने र निवेदकहरूको जग्गा गैरकानूनी रूपमा अतिक्रमण गर्ने कार्य नगर्नु नगराउनु भनी विपक्षी पोखरा उपत्यका नगर विकास समितिको नाउँमा जारी गरेको निषेधाज्ञाको आदेशलाई अन्यथा मान्न नमिल्ने ।

अतः पुनरावेदन अदालत, पोखराबाट मिति २०७०।१२।२६ मा भएको निषेधाज्ञाको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७४ साल साउन २९ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-CI-०४६२, परमादेश, *धिरेन्द्रकुमार लाल दास वि. गौर राइस आयल एन्ड फ्लोर मिल्स*

(नेपाल) लिमिटेड

निवेदक कम्पनीले आफ्नो नाममा दर्ता रहेका कित्ता जग्गाहरूको मालपोत बुझी लिनका लागि पुनरावेदक विपक्षीहरूलाई पटकपटक अनुरोध गर्दासमेत नबुझेका र लिखत पारित गर्नसमेत दिँदैनौँ भनेका हुँदा उक्त जग्गाहरूको कानूनबमोजिम मालपोत बुझ्न लगाउनु, हक हस्तान्तरण गर्न आवश्यक पर्ने सिफारिस दिलाउनु भनी गौर नगरपालिका र कानूनबमोजिम निवेदक कम्पनी हक हस्तान्तरण गर्न आएका बखत लिखत पारित गर्ने, दाखेल खारेज गर्नलगायतका कार्यहरू गर्नु भनी विपक्षीहरू गौर नगरपालिका र मालपोत कार्यालय, रौतहटको नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन गर्ने हकदैया निवेदक कम्पनीलाई भएको देखिन्छ । स्वयम् पुनरावेदक विपक्षी गौर नगरपालिकाले मिति २०६६।४।१९ मा २०४४ देखि २०६६ सम्म रू. ५७१७ मालपोत बुझेको देखिएको र कम्पनीको तर्फबाट नगरपालिकाउपर मुद्दा गर्न कम्पनीले रिट निवेदक बैकुण्ठप्रसाद पौडेललाई कानूनबमोजिमको अख्तियारनामा दिएको देखिएकोले हकदैयाविहीन रिट निवेदन खारेज हुनुपर्ने भन्ने पुनरावेदन जिकिर कानूनसम्मत नदेखिने ।

पुनरावेदक विपक्षी गौर नगरपालिका र ऐ.का कार्यालय, प्रमुखले आफूलाई तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ र ऐ. नियमावली, २०५६ ले स्पष्ट रूपमा आफूलाई सुम्पिएको कर्तव्य एवम् दायित्व पूरा गरेको गरेको देखिन आएन । निवेदक कम्पनीको जग्गा अधिग्रहण प्रक्रियामा रहेको कारणले मात्र पुनरावेदक विपक्षीले निवेदक कम्पनीको जग्गाको मालपोत बुझ्न इन्कार गर्नु कानूनसम्मत नदेखिएकोले विपक्षी गौर नगरपालिका र ऐ. कार्यालयका कार्यालय, प्रमुखको नाममा पुनरावेदन अदालत, हेटौंडाबाट जारी भएको परमादेशको आदेशलाई अन्यथा मान्न नमिल्ने ।

अतः विपक्षी मालपोत कार्यालय, र ऐ. कार्यालयका कार्यालय, प्रमुखको हकमा रिट जारी नहुने र विपक्षी गौर नगरपालिका र ऐ. कार्यालयका कार्यालय, प्रमुखले कानूनले आफूलाई सुम्पिएको मालपोत असुल गर्ने कर्तव्य एवम् दायित्व पूरा गरेको नदेखिँदा रिट निवेदक कम्पनीले आफ्नो नाममा रहेका उल्लिखित जग्गाहरूको मालपोत बुझाई पाउँ भनी निवेदन दिन आएका बखत कानूनतः बुझ्नुपर्ने मालपोत बुझिलिनु भनी यी पुनरावेदक विपक्षी गौर नगरपालिका र ऐ. कार्यालयका कार्यालय, प्रमुखको नाममा परमादेशको आदेश जारी हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।१२।१९ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७४ साल साउन २९ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७२-CR-१२७७, वैदेशिक रोजगार कसुर, *कैला मन्सुरी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीको बयान, जाहेरी दरखास्त र जाहेरवालाको बकपत्र, मिति २०६८।१०।१८ को लिखत र स्वयम् यी पुनरावेदक प्रतिवादीका साक्षी रामकुमार सुतिहारले गरेको बकपत्रसमेतबाट वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत नलिएको यी पुनरावेदकले जाहेरवालाहरू हरिहर मण्डल र देवीनन्द यादवलाई ३५ दिनभित्र वैदेशिक रोजगारमा पठाई दिने भनी झुठ्ठा आश्वासन दिई निजहरूबाट रू.१,९०,०००।- (एक लाख नब्बे हजार) लिई वादीले लगाएको अभियोगबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको देखिन आउने ।

पुनरावेदक प्रतिवादी ग्यालिमेन्ट मेन पावरको एजेन्ट हो भन्ने जिकिर प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार पुष्टि हुन सकेको नदेखिँदा एजेन्टको हैसियतले जाहेरवालाहरूलाई मेन पावरसँग सम्पर्क गराएको र त्यहाँ पुऱ्याएको हुँदा अभियोग दाबीबमोजिमको कसुर नगरेकोले आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भनी लिएको पुनरावेदन जिकिर

कानूनसम्मत नदेखिँदा सो जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी कैला मन्सुरीले आरोपित कसुर गरेको देखिन आएको र जाहेरवालाहरूलाई विदेश पठाइसकेको अवस्था नदेखिँदा निजलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. को दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एकलाख पचास हजार) जरिवाना हुने र जाहेरवालाको हर्जानासहितको जम्मा बिगो रू.२,८५,०००।– (दुई लाख पचासी हजार) निजबाट जाहेरवालाले भराई पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।०९।१४ मा भएको फैसला मिलेको देखिँदा प्रत्यर्थी झिकाई रहनु परेन। वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको उक्त फैसला सदर हुने।

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत २१ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७२-CR-०२८४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामकुमार राई*

रामकुमार राई र मृतक विष्णु राईबीच वैवाहिक सम्बन्ध भएको २ महिना मात्र भएको प्रतिवादीले रामकुमार राईले मृतकलाई कर्तव्य गरी मार्नु पर्नेसम्मको कुनै रिसइवीसमेत रहेको भन्ने पनि देखिँदैन। प्रहरीमा बुझिएका बुद्धिराज राई, ऋषिधन राई, उर्मिला राई, ललिता राई, मृतकका बाबु श्रीप्रसाद राई, मृतकका दाजु वागवीर राईसमेतका व्यक्तिहरूले अनुसन्धानको क्रममा गरेको कागजमा मृतक र प्रतिवादीबीच रिसइवी, ठूलो झगडा भएको थाहा नभएको, लास सुतेकै ओछ्यानमा देखेको र मृत्यु कसरी भएको हो भन्ने थाहा नभएको भन्नेसमेत बेहोरा उल्लेख भएको पाइएबाट पनि प्रतिवादी रामकुमार राईले मृतकलाई कर्तव्य गरी मार्नु पर्नेसम्मको प्रतिवादी र मृतकबीच कुनै रिसइवीसमेत रहेको भन्ने पनि नदेखिने।

एकातिर मृतकको मृत्युको के कति कारणले भएको हो भन्ने कुरा यकिन रूपमा कहीँकतैबाट खुल्न सकेको देखिँदैन भने अर्कोतिर प्रतिवादी आरोपित कसुरमा पूर्ण रूपमा इन्कार रहेको र उक्त इन्कारी बयान खण्डन हुने तथा मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट नै भएको हो भन्ने कुरा प्रमाणित गर्ने वस्तुनिष्ठ ठोस प्रमाण वादी पक्षले पेस गर्न सकेकोसमेत देखिँदैन। वादी पक्षले अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन, त्यसलाई शङ्कारहित तवरले प्रमाणित गर्ने भार पनि प्रमाण ऐन, २०३१ को दफा २५ बमोजम वादीमा नै रहन्छ। वादी पक्षले प्रतिवादीउपर लगाएको अभियोग दाबी शंकारहित तवरले प्रमाणित गर्न नसकेको अवस्थामा शंकाको सुविधा प्रतिवादीले पाउने फौजदारी न्यायको सिद्धान्तविपरीत आधार प्रमाणबिना केवल शंकाको भरमा मात्र प्रतिवादीलाई दोषी ठहऱ्याउन नमिल्ने हुँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, आधार प्रमाणबाट पुनरावेदन अदालत, राजविराजबाट खोटाङ जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी मिति २०७१।९।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत २१ गते रोज ४ शुभम्।

५

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७२-CR-१६०६, जबरजस्ती करणी, अलिमुद्दिन *मलिक मुसलमान वि. नेपाल सरकार*

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा जाहेरवालीलाई मैले जबरजस्ती करणी गरेको होइन, उक्त समय म आफ्नै घरमा थिएँ, अनुसन्धानको क्रममा गरेको बयान आफ्नो स्वेच्छाले नभई प्रहरीले जबरजस्ती सही गराएको हो भनी आरोपित कसुरमा

इन्कार रहे पनि एकातर्फ सो इन्कारी बयान पुष्टि गर्न यी पुनरावेदकले कुनै प्रमाण गुजार्न सकेको देखिँदैन भने अर्कोतर्फ उक्त इन्कारी बयान वादी पक्षका गवाह विन्द्याचल कुर्मीले प्रतिवादी जाहेरवालीको घरमा गएका र घटना भएको राति १ बजे दुवै गाउँका मानिस जुटी प्रतिवादीलाई पक्राउ गरी प्रहरीमा बुझाएको हो भनी अदालतसमक्ष गरेको बकपत्रसमेत बाट खण्डन भएको देखियो । यसरी अदालतमा इन्कारी बयान गरेपनि अनुसन्धानका क्रममा मौकामा भएको साबिती बयान कागज अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको अवस्थामा उक्त मौकामा गरिएको बयानले प्रमाणिक महत्त्व राख्ने हुँदा उक्त साबिती बयानलाई अन्यथा भन्न मिल्ने नदेखिने ।

पुनरावेदकले बारदातको समयमा म आफ्नै घरमा थिएँ भनी Alibi को (अन्यत्रस्थल रहेको) जिकिर लिएको देखिए तापनि उक्त जिकिर विश्वसनीयरूपले प्रमाणित गर्न सकेको देखिएन । Alibi को जिकिर लिनु मात्र पर्याप्त हुँदैन उक्त जिकिर स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित भएमा मात्र प्रमाणको लागि ग्राह्य हुन्छ । Alibi (अन्यत्र स्थल) को जिकिर प्रमाणित गर्ने भार पनि प्रमाण ऐन, २०३१ को दफा २७(१) बमोजिम प्रतिवादीमा नै रहन्छ । Alibi को जिकिर अकाट्य र निर्विवाद प्रमाणबाट स्थापित र प्रमाणित हुन नसकेमा सो जिकिर निजकै विरूद्ध प्रमाण लाग्ने पनि हुन सक्ने ।

प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको हो भनी दिएको जाहेरी बेहोरा पुष्टि हुने गरी अदालतमा पीडितले गरिदिएको बकपत्र, पीडितको शारीरिक जाँच प्रतिवेदन, प्रतिवादीको मौकाको साबिती बयान, सरकारी पक्षका गवाहले अदालतमा गरिदिएको बकपत्रसमेतका मिसिल संलग्न प्रमाण कागजबाट यी पुनरावेदकले घरमा सुतेकी पीडितलाई रातको समयमा पीडितको घरमा गई प्रतिवादीले ढोका खोल्न लगाई निजलाई डर धाक देखाई कराउनसमेत नदिई कराएमा मारिदिने भनी डर त्रास देखाई पीडितलाई जबरजस्ती करणी गरी भागेको भन्ने देखिन आएकोले अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

विवेचित आधार र प्रमाणबाट प्रतिवादी अलिमुद्दिन मलिक मुसलमानलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं बमोजिमको कसुर अपराधमा सोही महलको ३ नं. को देहाय ५ नं. बमोजिम ५(पाचँ) वर्ष कैद सजाय हुने र सोही महलको १० नं. बमोजिम निज प्रतिवादीबाट पीडित "क" कुमारीलाई रू.३०,०००।- (तीस हजार) क्षतिपूर्ति भराई दिने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । अतः पुनरावेदन अदालत, बुटवलबाट मिति २०७२।३।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत २१ गते रोज ४ शुभम् ।

इजलास नं.११

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७३-WO-०२४३, उत्प्रेषण / परमादेश, *प्रभावती राई वि. राधिका लामासमेत*

सहकारी संस्थामा यी विपक्षी राधिका लामाले बुझाउनुपर्ने ऋण रकम नगदै नबुझाउने र उक्त ऋणबापत सहकारी संस्थाले सो जेथाबाट नै असुल गर्ने, यसरी असुल गर्दा सो जेथाबाट उक्त सहकारी संस्थामा तिर्नु बुझाउनुपर्ने ऋणभन्दा बढी अरू केही बाँकी नरही आफ्नो बिगो असुलउपर हुन नसक्ने भनी पहिले नै अनुमान गरी निजलाई बिगोबापत कैद गरिपाउँ भन्नु उपयुक्त हुँदैन । निज राधिका लामाले सहकारी संस्थामा नगदै बुझाउन सक्ने नै हुन्छ र नगदै नबुझाएमा पनि सो जेथाको मूल्याङ्कन सहकारी संस्थालाई बुझाउनुपर्ने ऋणभन्दा बढी पनि हुन सक्ने र सो बढी भएकोबाट यी निवेदकले आफ्नो बिगो असुलउपर हुन सक्ने सम्भावनालाई अहिले नै नकार्न नसकिने ।

बिगोबापत कैद गराउने सम्बन्धमा भएको लेनदेन व्यवहारको १९ नं., दण्ड सजायको महलको ४२ नं. लगायतका कानूनी व्यवस्थाहरू अन्तिम विकल्पका रूपमा मात्र अपनाउनुपर्ने हुन्छ । बिगो भरिभराउ गर्न सकिने अरू सम्भावना वा विकल्पहरू रहेभएको अवस्थामा अरू विकल्पहरूबाट बिगो असुलउपर हुन नसक्ने भनी अरू विकल्प अपनाउने प्रयास नै नगरी पहिले नै कैद गर्नु मिल्ने देखिँदैन । त्यसैले विपक्षी राधिका लामाको सम्पत्ति रहे भएको देखिएको यस अवस्थामा हाल निजलाई कैद गर्न कानूनतः मिल्ने देखिन आएन । तसर्थ निजलाई कैद गरिपाउँ भन्ने निवेदन मागबमोजिमको आदेश गर्न मिलेन भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।२।२८ मा भएको आदेश र सो आदेश बेरीतको नदेखिँदा बदर गरिरहनु परेन भनी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०७३।०४।०५ को आदेश मिलेको नै देखिन आयो । उक्त आदेशहरूबाट निवेदकको कुनै हकाधिकारको हनन भएको देखिन नआउने ।

अतः विवेचित आधार कारणहरूबाट काठमाडौं जिल्ला अदालतबाट विपक्षी राधिका लामाको नाममा रहेको कि.नं.३०४ को घर जग्गा सहकारीबाट लिलाम भएपछि रकम बाँकी भए सो रकमबाट वादीले आफ्नो भरिभराउ गर्न सक्ने नै भएको र सो रकमबाट बिगो असुलउपर हुन नसके लेनदेन व्यवहारको १९ नं. र दण्ड सजायको ४२ नं.को सुविधा वादीले माग गरेको बखत पछि पनि प्राप्त गर्न सक्ने नै हुँदा प्रतिवादीको सम्पत्ति रहेको देखिँदादेखिँदै हाल निवेदन मागबमोजिमको आदेश गर्न मिलेन भनी भएको मिति २०७३।२।२८ को आदेश र सो आदेशलाई बदर गरिरहनु परेन भनी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०७३।०४।०५ को आदेशमा कुनै कानूनी त्रुटि नदेखिएको र यसबाट यी निवेदकको कुनै संवैधानिक तथा कानूनी हकाधिकारको समेत हनन् भएको नदेखिएकोले निवेदन मागअनुसारको आदेशहरू जारी गरिरहनुपर्ने देखिन आएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७१-WO-०८८२, उत्प्रेषण, *श्यामसुन्दर चौधरीसमेत वि. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकुसमेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ मा उल्लिखित व्यवस्था तथा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७०।६।३ को नीतिगत निर्णयभित्र रही तालिममा सहभागी हुने कर्मचारीहरूको छनौट गर्न स्वास्थ्य सेवा विभागको मिति २०७१।९।६ को निर्णयले छनौट समिति गठन भएको र उक्त समितिले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मिति २०७१।०८।१७, च.नं.४९४ को तालिमसम्बन्धी परिपत्रमा उल्लिखित आधारभित्र रही नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २९ तथा ३२ को खण्ड (ख) मा उल्लेख भएको आधारमा बढुवाको लागि सम्भाव्य उम्मेद्वार हुन सक्नेलाई नै राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र टेकुमा तालिमका लागि सहभागीहरू छनौट गरेको देखिने ।

पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराको मिति २०७१।१२।२७ मा प्रकाशित नतिजाउपर परेको उजुरीउपर छानबिन तथा मूल्याङ्कन गरी मिति २०७२।१।८ मा संशोधित नतिजा प्रकाशन गरी सोअनुसार छनौट भएका सहभागीहरूको १८० दिने तालिमसमेत सम्पन्न भइसकेको, नीतिगत निर्णय गरी कसलाई सहभागी गराउने भन्ने अधिकारप्राप्त निकायले निर्णय गरी सिफारिस गरेको र सो निर्णयउपर उजुरी परी छानबिन भई मिति २०७२।१।८ मा संशोधित सूचना प्रकाशन भई कार्य सम्पन्न भइसकी निवेदनको औचित्यसमेत

समाप्त भएको हुँदा पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराको उक्त मिति २०७१।१२।२७ को सूचना बदर गरी उक्त तालिममा यी निवेदकहरू समेतलाई सहभागी गराउनु भनी परमादेशसमेतको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिने।

तसर्थ उल्लिखित तथ्य, कारण र आधारमा पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराको मिति २०७१।१२।२७ मा प्रकाशित नतिजाउपर परेको उजुरीउपर छानबिन तथा मूल्याङ्कन गरी मिति २०७२।१।८ मा संशोधित नतिजा प्रकाशन गरी सोअनुसार छनौट भएका सहभागीहरूको १८० दिने तालिमसमेत सम्पन्न भइसकेको अवस्थामा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७०।०६।०३ को नीतिगत निर्णय गरी कसलाई सहभागी गराउने भन्ने अधिकारप्राप्त निकायले निर्णय गरी कार्य सम्पन्न भई निवेदनको औचित्यसमेत समाप्त भएको हुँदा पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराको उक्त मिति २०७१।१२।२७ को सूचना बदर गरी उक्त तालिममा यी निवेदकहरू समेतलाई सहभागि गराउनु भनी परमादेशसमेतको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिएकाले निवेदन मागबमोजिम परमादेशसमेतको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल वैशाख १६ गते रोज १ शुभम्।

इजलास नं. १२

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०७३-CR-१२०७, कर्तव्य ज्यान, *शान्ति राई वि. नेपाल सरकार*

प्रतिवादी र प्रकाशमान राईबीच करणी लिनुदिनु भई गर्भ रहन गएको र सो गर्भको बच्चा फाल्न प्रतिवादीले प्रकाशमानसँग कुरा गरेको स्वयम् प्रतिवादीको अदालत, र अनुसन्धानमा स्वीकारोक्ति गरिदिएबाट र सो कुरा अन्य प्रमाणबाट समेत पुष्टि भएको छ । प्रतिवादी शान्ति राई आफैँले बच्चा जन्मने ब्यथा लागेको थाहा पाई घरबाट अन्यन्त्र एकान्तस्थलमा गएको भनी लेखाएको पाइन्छ। करणी गरी गर्भ रही गर्भको बच्चा जन्माउन एकान्त स्थलमा गएको जस्तो निर्विवाद परिस्थितिजन्य प्रमाणबाट यी प्रतिवादीले जिउँदै बच्चा जन्माई ढुङ्गाले किचेर मारेको भन्ने तथ्य स्थापित हुन आउने।

मृतकको मृत्युको कारण पत्ता लगाउने सम्बन्धमा लास जाँच मुचुल्का र पोस्टमार्टम रिपोर्ट महत्त्वपूर्ण प्रमाण भए तापनि अन्य परिस्थितिजन्य प्रमाणलगायतका प्रमाणहरूबाट मृत्युको कारण पुष्टि भइरहेको अवस्थामा केवल लासजाँच मुचुल्का र पोस्टमार्टम रिपोर्ट नभएकै कारणले अन्य प्रमाणबाट पुष्टि भइरहेको तथ्यलाई अन्यथा भन्न मिल्ने नदेखिने।

अपराधको परिणाम स्वरूप वा शंकास्पद स्थितिमा मृत्यु भएको अवस्थामा शव परीक्षण गर्न पठाउनु पर्ने भएपनि लास सडी गली गई परीक्षण गर्न नसकिने स्थितिमा शव परीक्षणका लागि नपठाई सोही बेहोराको मुचुल्का खडा गरी राख्न पनि मिल्ने नै देखिन आयो। लास फेला नै नपरेको वा पोष्टमार्टम गर्न सकिने अवस्थामा नै नरहेको स्थितिमा मिसिल संलग्न अन्य प्रमाणहरूको आधारमा पनि न्याय निरूपण गर्न बाधा पुग्ने देखिएन । त्यसैले लासको पोस्टमार्टम नभएका आधारमा कसुर स्थापित हुन नसक्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार प्रमाणबाट प्रतिवादीले अवैध गर्भबाट जातक जन्माई कर्तव्य गरी मारेको तथ्य प्रमाणबाट पुष्टि भइरहेको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट मिति २०७१।१२।१५ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७३।१।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीको परपुरूषसँग करणी लिनुदिनु गरी गर्भ रहन गएको र समाजबाट लाग्ने लाञ्छना र कलंकबाट बच्न सकिन्छ भनी निज पुनरावेदक प्रतिवादीले बच्चा जन्माई मारेको देखिन आउँछ । निज प्रतिवादी १९ वर्षकी कलिलो उमेरकी देखिन आउँछ । परपुरूषसँगको करणीबाट जन्मेको बच्चालाई जिउँदै राखी राखेमा जीवनभर आफू र बच्चासमेत समाजमा कलंकित भई बाँच्न नै अप्ठ्यारो पर्ने सोची बच्चा जन्मनासाथ मारेको देखिएकोले निजलाई ठहरेबमोजिम कैद सजाय हुँदा चर्को पर्ने देखिन आयो । त्यसैले उक्त परिस्थिति र उमेरसमेत विचार गर्दा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीलाई ५ वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृतः चेतराज पन्त

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल वैशाख २० गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई, ०७१-CR-०३५२, नागरिकता, ने*पाल सरकार वि. चिन्ना केवटसमेत*

प्रतिवादीहरूबाट सिफारिस दिएको समयमा साधिकार निकायबाट जारी भएको नेपाली नागरिकताको प्रमाणपत्र तथा तत्काल कुनै विवाद नरही कायम रहेको अवस्थामा सो कायम रहेको नागरिकताको प्रमाण पत्रको आधारमा निज प्रतिवादीहरूले सिफारिस गरेको देखिन आयो । आफूसमक्ष पेस गरेको लिखित प्रमाणलाई हेरी नागरिकताको सिफारिस गर्नुपर्ने कार्य कानूनले प्रतिवादीहरूलाई तोकेको हुँदा बदनियतपूर्वक सो सिफारिस गरेको हो भनी मान्न मिल्ने स्थिति नदेखिने ।

फौजदारी न्याय प्रणालीमा अभियुक्तको कुनै कार्य कसुर हुन अभियुक्तको सो आपराधिक कार्य (Actus reus) गर्ने आपराधिक मनसाय (Mens rea) समेत विद्यमान हुनु आवश्यक हुन आउँछ । कसुर गर्ने आपराधिक मनसायको अभावमा केवल कार्यलाई मात्र कसुर कायम गरी सजाय निर्धारण गर्न नमिल्ने ।

प्रतिवादीहरू रामसुभग गुप्ता र चिन्ना केवटको प्रतिवादी बिक्रम कोहारलाई नागरिकता प्राप्तिको प्रयोजनार्थ वडा अध्यक्ष र गा.वि.स. अध्यक्षको हैसियतबाट तत्काल कायम रहेको बाबुको नागरिकताको प्रमाण पत्रको आधारमा सिफारिस दिने कार्यमा आपराधिक मनसाय विद्यमान रहेको देखिन आएन । तसर्थ, प्रतिवादीहरू चिन्ना केवट र रामसुभग गुप्तालाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला अन्यथा भन्न मिलेन । वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादीहरू चिन्ना केवट र रामसुभग गुप्ताले साधिकार निकायबाट जारी भएको र तत्काल विवादमा नरही कायम रहेको बाबुको नागरिकताको प्रमाण पत्रको आधारमा छोरालाई वंशजको नेपाली नागरिकताको प्रमाण पत्र प्राप्तिको प्रयोजनार्थ आआफ्नो कार्यालयबाट सिफारिससम्म गरेको कार्य कसुरजन्य नदेखिँदा प्रतिवादीहरू रामसुभग गुप्ता र चिन्ना केवटलाई आरोपित कसुरबाट सफाइ दिने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।०९।०३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कालिबहादुर साम्यु लिम्बू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल फागुन २२ गते रोज ३ शुभम् ।

इजलास नं. १३

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०६९-CR-०७९३ र ०६९-CR-१०१९, गैडा मारी खाग बिक्री व्यवसाय गरेको, *ठाकुर सिंह तामाङ वि. नेपाल सरकार र कृष्णबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूले आआफ्नो बयानमा उल्लेख गरेको तथ्य र मिति २०५४।०८।०६

को घटनास्थल प्रकृति मुचुल्कामा उल्लिखित तथ्य मिल्न भिड्न आएको अवस्थामा निज पुनरावेदक प्रतिवादीहरूले मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयानलाई अन्यथा मान्न मिल्ने देखिएन । तसर्थ पुनरावेदक प्रतिवादीहरूको अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्षको बयान, घटनास्थल प्रकृति मुचुल्का, जाहेरवाला प्रतिवेदकको मुद्दा हेर्ने अधिकारीसमक्षको बकपत्रलगायतका मिसिल संलग्न प्रमाणबाट यी पुनरावेदक प्रतिवादीहरूले अभियोग मागदाबीअनुसारको कसुर गरेको तथ्य पुष्टि हुन आएको देखियो । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने निज पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

पुनरावेदक प्रतिवादी ठाकुर सिंह तामाङ र कृष्णबहादुर विश्वकर्माले मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा आसवीर राईले लगेको भरूवा बन्दुकले गोली हानी गैंडा मारी खाग निज आसवीर राईले नै बिक्री गर्न काठमाडौं लगेको भनी बयान गरेको देखिन्छ । यी प्रतिवादीहरू गैंडा मार्न सँगै गएको र खाग बिक्रीबाट प्राप्त रकमसम्म लिएको देखिँदा पुनरावेदक प्रतिवादीहरूलाई हदैसम्मको सजाय गरेको सुरू चितवन राष्ट्रिय निकुञ्जको निर्णयलाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला कसुरको मात्राअनुसार कैद सजाय निर्धारण नगरेको हदसम्म मिलेको नदेखिने ।

अतः विवेचित आधार, कारणबाट पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।०९।१७ को फैसला कसुर ठहर गरेको हदसम्म मनासिब देखिँदा सो हदसम्म सदर भई सजायको हकमा सम्म केही उल्टी भई प्रतिवादीहरू ठाकुर सिंह तामाङ र कृष्णबहादुर विश्वकर्मालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम जनही १२ (बाह्र) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) रूपैयाँ जरिवाना हुने ।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७५ साल असार १३ गते रोज ४ शुभम् ।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७२-CR-१००२, अपहरण तथा चोरी, *नेपाल सरकार वि. हिरामणि चौधरीसमेत*

अनुसन्धानको क्रममा कागज गर्ने यकेन्द्र शाह, गीर्दलाल नेपाली, गोविन्द शाह, हरिबहादुर बुढाथोकी, प्रकाशबहादुर के.सी. र गायत्री कँडेलले आफू वारदातको प्रत्यक्षदर्शी रहेको भनी बताएको देखिँदैन । अपहरित भनिएका बालक सुलभ भण्डारी र केशव वलीले अनुसन्धानको क्रममा कागज गर्दा मोटे अङ्कलले घर लैजान्छौँ भनी कता कता घुमाई पत्रे खोलामा लगी छोडेका हुन् भनी कागज गरे पनि मोटे अङ्कल भन्ने व्यक्ति यिनै हुन् भनी सनाखत नगराएको र पक्राउ परेका प्रतिवादी इन्द्रबहादुर सुनारलाई देखाई सनाखत कागज गराएकोसमेत मिसिलबाट देखिँदैन । जाहेरवाला, मौकामा कागज गर्ने व्यक्ति तथा पीडित बालक कोही कसैलाई पनि वादी पक्षले साक्षीको रूपमा उपस्थित गराई अदालतमा बकपत्र गराएको अवस्था छैन । फौजदारी मुद्दामा अभियोगदाबी लिएर मात्र पुग्दैन । आफ्नो दाबीलाई प्रमाणित गराउने कर्तव्य अभियोजन पक्षको हुन्छ । अपहरण जस्तो गम्भीर कसुरमा अनुमान र शंकाकै भरमा कसुरदार ठहऱ्याउन न्यायोचित नहुने ।

बरामदी मुचुल्काबाट मोटरसाइकल बेवारिसे अवस्थामा फेला परेको भन्ने देखिन्छ । प्रतिवादीहरूको सँगसाथ वा निवासबाट बरामद भएको भन्ने देखिँदैन । जाहेरवालाले प्रतिवादीउपर किटानी जाहेरी दिएको अवस्थासमेत छैन । जाहेरवालाको मोटरसाइकल यी प्रतिवादीहरूले नै चोरी गरेको भन्ने तथ्ययुक्त प्रमाणको अभावमा कसुरदार ठहर नगरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने ।

अतः विवेचित आधार कारणबाट वादी पक्षले जाहेरवाला, पीडित बालक तथा मौकामा कागज गर्ने व्यक्तिलाई गवाहको रूपमा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम उपस्थित गराई बकपत्र गराउन नसकेको

र अभियोग दाबी प्रमाणित गर्ने अन्य शंकारहित प्रमाण मिसिल संलग्न नरहेको हुँदा सुरू फैसला उल्टी गरी प्रतिवादी इन्द्रबहादुर सुनार, हिरामणि चौधरी, पारस हमाल, भानुभक्त बस्नेत तथा अ.बं.२०५ नं. बमोजिम प्र.लोकबहादुर सुनारलाई समेत सफाइ दिने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।१२।१७ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत २८ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७३-CR-००१५, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. गोठे सार्की*

वारदातमा प्रतिवादी र पीडित एवम् निजकी बहिनी मात्र रहेका र दुवै बालबालिका रहेको देखिन्छ । यस स्थितिमा हतियार साथमा रहेका यी प्रतिवादीले यी पीडितलाई मार्न नै चाहेको भए सो गर्न सक्ने अवस्थाको विद्यमानता देखिन्छ । ज्यान मार्ने उद्योगको कसुर ज्यान मर्नुअगाडिको अपूर्ण कार्यको रूपमा रहेको हुन्छ । यो त्यस्तो अवस्था हो, जुन कुनै तत्त्व, व्यक्ति वा परिस्थितिले हस्तक्षेप वा बाधा खडा नगरेको भए त्यहाँ अपराध हुने अर्थात् ज्यान मारिने निश्चित हुन्थ्यो । त्यस्तो स्थितिको विद्यमानता यहाँ नदेखिने।

पानीको पाइप काटी दिएको विषयमा जाहेरवाला र प्रतिवादीका छोराछोरीका बीचमा भएको सामान्य विवादको विषयको कारण प्रस्तुत वारदात घट्न गएको देखिएको र प्रतिवादी गोठे सार्कीले पीडितलाई मार्ने नै मनसायले चक्कुले प्रहार गरेका रहेछन् भन्न सकिने अवस्था नरहेको, घाउ जाँच केस फारमले घाउ चोट गम्भीर प्रकृतिको रहेको भन्ने देखिन नआएको, वारदातको अवस्था, कसुरको प्रकृतिसमेतलाई मनन गर्दा प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. ले परिभाषित गरेको कसुरअन्तर्गत पर्ने नदेखिएकोले प्रतिवादीलाई कसुरदार ठहर गरेको सुरू फैसला उल्टी गरी प्रस्तुत वारदातलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, तुलसीपुरको फैसला अन्यथा रहेको मान्नुपर्ने देखिन नआउने।

अतः विवेचित आधार कारणबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको सुरू रोल्पा जिल्ला अदालतको मिति २०७२।२।२६ को फैसला उल्टी गरी प्रतिवादी गोठे सार्कीले अभियोगदाबीबाट सफाइ पाउने र प्रस्तुत वारदात सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने गरी भएको तत्कालीन पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७२।९।५ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

इति संवत् २०७४ साल चैत २८ गते रोज ४ शुभम्।

इजलास नं. १४

मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-WO-००९६, उत्प्रेषण, *मीरा पाख्रिन वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६९।१२।२९ मा निर्णय गरी जिल्ला शिक्षा कार्यालय, दोलखाको तत्कालीन जिल्ला शिक्षा अधिकारीको संयोजकत्वमा शिक्षक संस्थाका प्रतिनिधिसमेतको बैठकबाट भएको शिक्षक राहत अनुदान कोटा वितरणको निर्णय बदर गरिदिएको देखिन्छ। यसरी कानूनबमोजिम नै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले जिल्ला शिक्षा समितिबाट हुनु पर्ने निर्णय जिल्ला शिक्षा अधिकारीको संयोजकत्वमा शिक्षक संस्थाका प्रतिनिधि सामेल भई गरेकोले उक्त कानूनविपरीत भएको निर्णय बदर गरिदिएको देखिन आउने।

निवेदक राहत कोटाअन्तर्गत नियुक्ति पाएको शिक्षक हो भन्नेमा विवाद देखिँदैन। निवेदकले निवेदनमा आफू शिक्षक राहत कोटामा ६/६ महिनामा म्याद थप हुने पदमा नियुक्त भएको हो भनी उल्लेख गरेकोसमेत देखिन्छ। राहत कोटा लियन कोटा नभई अस्थायी प्रकृतिको कोटा हो भन्ने देखिन्छ। अस्थायी प्रकृतिको कोटामा नियुक्त निवेदकको सो पदमा पदाधिकार कायम गराउनको लागि कुनै हक नहुने।

जिल्ला शिक्षा समितिको निर्णयबाट वितरण हुनुपर्ने शिक्षक दरबन्दी कोटा तत्कालीन जिल्ला शिक्षा कार्यालय, दोलखाका जिल्ला शिक्षा अधिकारी संयोजक र शिक्षक संस्थाका प्रतिनिधि रहेको बैठकको निर्णयबाट वितरण भएको र त्यस्तो नियम विपरीत भएको निर्णयअनुसार नियुक्त भएको निवेदकलाई शिक्षक पदबाट हटाउने गरी निर्णय भएको र निवेदकको पद नै अस्थायी प्रकृतिको लियन नरहने पद देखिएबाट समेत निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने देखिन आएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७४ साल असोज ३० गते रोज २ शुभम्।
यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-WO-००९७, उत्प्रेषण, *साबित्री राउत थापा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*
- ०७१-WO-००९८, उत्प्रेषण, *इन्द्रबहादुर जिरेल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*
- ०७१-WO-००९९, उत्प्रेषण, *सुमित्रा अधिकारी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*
- ०७१-WO-०१००, उत्प्रेषण, *मेनुका तामाङ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*
- ०७१-WO-०१०१, उत्प्रेषण, *लक्ष्मी घिमिरे वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*
- ०७१-WO-०१०२, उत्प्रेषण, *साबित्री शिवाकोटी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*
- ०७१-WO-०१०३, उत्प्रेषण, *जानुका खड्का वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*
- ०७१-WO-०१०४, उत्प्रेषण, *तारा पोख्रेल कोईराला वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*
- ०७१-WO-०१०५, उत्प्रेषण, *कमलप्रसाद दाहाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*
- ०७१-WO-०१०६, उत्प्रेषण, *कविता अधिकारी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*
- ०७१-WO-०१०७, उत्प्रेषण, *वसन्त आचार्य वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

इजलास नं. १७

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तेजबहादुर के.सी., ०७२-MS-००२५, अवहेलना, *भरतप्रसाद महतो वि. रामकृष्ण सुवेदीसमेत*

अदालतको अवहेलनाको विषय अदालतप्रतिको जनआस्था र जनविश्वास अभिवृद्धिका लागि अदालतलाई प्रदान भएको स्वविवेकीय अधिकार हो। यसले अदालतका आदेश वा निर्णयको पालना गर्न गराउन मद्दत गर्ने विश्वास गरिन्छ। अदालतको अवहेलनामा प्रस्तुत निवेदन आफैँमा मुद्दा वा विवादको विषय बन्ने नभई अदालतको निर्णय वा आदेशबमोजिम अवहेलनाको निवेदनलाई मुद्दाका रूपमा भन्दा सोसम्बन्धी सूचनाको रूपमा ग्रहण

गरिन्छ र त्यस सूचनाका आधारमा अवहेलना भयो भएन भन्ने सम्बन्धमा अदालत, आफैँले जाँचबुझ गर्दछ । अदालतको आदेश वा फैसलाको कार्यान्वयन तथा पालना नभएमा त्यसले कानूनको शासनको मूल्य मान्यतामा नै कुठाराघात गर्ने मात्र हैन नागरिकका हक अधिकार र स्वतन्त्रता नै कुण्ठित हुने हुन्छ । त्यसैले न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा अदालतले दिएको आदेश वा फैसलाको कसैले अवज्ञा गरेमा वा सोअनुसार कसैले कार्य नगरेमा अदालतको अवहेलना मानिने ।

हरेक सार्वजनिक निकाय वा पदाधिकारीले गरेको कामकारबाही नियमित र शंकारहित तवरले निष्पक्ष भएर सम्पन्न गर्नु निजहरूको समेत कर्तव्य हो । यसो नगरे जनताको सेवा सुविधाको लागि भनी कानूनले वैधता प्रदान गरेको सार्वजनिक निकाय तथा पदाधिकारीको वैधता र औचित्यतामाथि नै प्रश्न चिह्न खडा हुन जान्छ । यथास्थितिमा अदालतको अवहेलनालाई यान्त्रिक रूपमा एकतर्फी ढङ्गले व्याख्या र विश्लेषण गरी न्यायिक निर्णयमा पुग्नु उचित हुने ।

प्रस्तुत विवादका सन्दर्भमा विपक्षीहरूले दिएको लिखित जवाफबाट अदालतको अन्तरकालीन आदेशमा अवज्ञा गर्ने मनसाय रहेको भन्ने देखिँदैन । आदेशको अस्पष्टता नरहोस् र सबैले बुझ्न सक्ने गरी आदेश वा फैसला दिने कुरामा अदालत, स्वयम् पनि सचेत रहनुपर्ने देखिन्छ । आदेश वा फैसलामा अन्यौलता वा द्विविधा भएमा कुनै पनि पक्षले सोही आदेश वा फैसलालाई टेकेर अर्को पक्षलाई दुःख वा हैरानी दिने गरी काम कारबाही गर्न सक्नेतर्फ सचेत रहनु जरूरी हुन्छ । विपक्षीहरूको लिखित जवाफको बेहोराबाट अदालतको आदेशलाई पूर्ण रूपमा उपेक्षा गर्ने मनसाय राखेको भने नदेखिने ।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट प्रस्तुत निवेदनमा उल्लिखित विवादको मूल रिट निवेदन ०७२-WO-०५४४ नै तामेलीमा रहेको भन्ने मिसिल संलग्न मिति २०७३।६।३० को फैसलाबाट देखिइरहेको परिस्थितिमा सोही निवेदनका सन्दर्भमा जारी भएको आदेशको विषयमा प्रवेश गरी अदालतको अवहेलना मुद्दामा सजाय गर्ने नगर्नेतर्फ निर्णयमा पुग्नु उपयुक्त हुने देखिएन । अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदकको निवेदन खारेज हुने ।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख २८ गते रोज ५ शुभम् ।

इजलास नं. १८

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७१-CI-१०४६, लिखत बदर, *छक्कु थारूसमेत वि. रामकृष्ण थारूसमेत*

वादीहरू आफूले दायर गरेको अंश मुद्दामा तारिख गुजारी थमाउने अवधिसमेत व्यतित गराई बसेबाट अंश मुद्दाको कारबाहीमा निजहरूको सक्रियता रहे भएको पाइएन । अंश मुद्दा तामेलीमा रहनुभन्दा अघि दाबीको जग्गा मिति २०६२।०८।१४ मा राजीनामा गरी दिएकोमा अंश मुद्दा तामेलीबाट जगाएपश्चात् प्रस्तुत मुद्दाको फिरादपत्र मिति २०६८।०९।२५ मा मात्र परेको देखिन आएको र वादीहरूले राजीनामा लिखत बदर गरी पाउन लेनदेन व्यवहारको १० नं. ले निर्दिष्ट गरेको हदम्याद रजिस्ट्रेसन भएको मितिले एक वर्षसम्ममा थाहा पाएको पैंतीस दिनभित्रको अवधि व्यतित भएपश्चात् लामो समयको अन्तरालपछि प्रस्तुत लिखत बदर मुद्दाको फिराद दिएको देखिँदा वादीको लिखत बदरको मागदाबी न्यायोचित देखिन नआउने ।

घरका मुख्य व्यक्ति बाबुले घर व्यवहारको लागि दाबीको कि.नं.को जग्गा बिक्री गरेकोमा सोभन्दा बढी जग्गा बाँकी नै रही वादीहरूले अंशबाट विमुख हुने अवस्था छैन भने अर्कोतर्फ उक्त बिक्रीको लिखतमा यिनै वादीहरूमध्येले नै घरसारको लिखतबाट मन्जुरी दिएको र राजीनामा हुँदा वादीहरू अंश मुद्दामा तारेखमै रहे पनि धेरै ढिलो गरी करिब ६ वर्षको अन्तरालमा मात्र लिखत बदरमा प्रस्तुत फिराद दिएको अवस्था रहेको र

दाबीको लिखतउपर अंश मुद्दा दायर गरी प्रतिवादीलाई मुद्दामा अल्झाएपछि मात्र लेनदेन व्यवहारको १० नं.को हद म्याद नघाएर ६ वर्षको अन्तरालमा मात्र फिराद दायर गरेकोबाट प्रस्तुत फिराद शुद्ध मनसाय र सफा हातले दायर भएको नदेखिँदा फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलले गरेको फैसलालाई अन्यथा भन्नुपर्ने अवस्था देखिन नआउने।

अतः विवेचित आधार प्रमाणहरूबाट फिराद दाबीबमोजिम दाबीको राजीनामा लिखत बदर हुन नसक्नेमा सो लिखत बदर हुने ठहऱ्याएको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६९।०९।२३ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।०२।०५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः यदुराज शर्मा

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल मङ्सिर १० गते रोज १ शुभम्।

- यसै लगाउको ०७१-CR-१०२५, लिखत बदर, *छक्कु थारूसमेत वि. रामकृष्ण थारूसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

एकल इजलास

१

स.प्र.न्या.श्री सुशीला कार्की, ०७३-WO-०३७७, उत्प्रेषण / प्रतिषेध, *वेदप्रसाद काफ्लेसमेत वि. हरिप्रसाद चापागाईंसमेत*

सामुदायिक विद्यालयको हकभोगमा रहेको जग्गा सार्वजनिक सम्पत्ति मानिने र सो सम्पत्ति नेपाल सरकारबाहेक अन्य कसैले पनि बेचबिखन तथा हक हस्तान्तरण गर्न नपाउनुका साथै अन्य कसैलाई अस्थायी प्रयोजनका लागि भाडामा दिन वा सुम्पन पाउने अधिकार दिएको नदेखिने।

विद्यालयको हकभोगको सम्पत्ति कसैले हिनामिना वा नोक्सान गरेमा सोउपर उजुरी गर्ने तथा नोक्सान गरेमा त्यसरी नोक्सान गर्ने व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले निश्चित हदसम्म सजाय गर्न सक्ने स्पष्ट कानूनी व्यवस्था सोही शिक्षा ऐनले नै गरेको देखिन्छ। त्यसरी विद्यालयको सम्पत्ति नोक्सान गरेको वा हिनामिना गरेको सम्बन्धमा वैकल्पिक उपचारको व्यवस्था हुँदाहुँदै सोअनुसारको कानूनी उपचारको मार्ग अवलम्बन नगरी यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत रिट क्षेत्रमा प्रवेश गरेको देखिएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिन नआउने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एंव विवेचनासमेतको आधारमा निवेदकले निवेदनपत्रमा उठाएको विषयमा शिक्षा ऐनले नै उजुरी गर्ने तथा उपचार खोज्ने वैकल्पिक मार्ग प्रशस्त गरेको सन्दर्भमा रिट क्षेत्रबाट सो विषयमा प्रवेश गरी निराकरण हुन सक्ने अवस्था नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन, रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल मङ्सिर ५ गते रोज १ शुभम्।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७५-WH-००३३, बन्दीप्रत्यक्षीकरण, *अर्जुन पौडेल वि. महानगरीय प्रहरी परिसर टेकुसमेत*

बैकिंङ कसुर जस्तो फौजदारी मुद्दामा जाहेरी परेपछि त्यसउपर अनुसन्धान तहकिकात गर्ने दायित्व सम्बन्धित प्रहरी कार्यालयलाई तोकिएको छ। साथै अनुसन्धान तहकिकात पूरा भएपछि अभियुक्तउपर मुद्दा चलाउने, नचलाउने सम्बन्धमा सरकारी वकिल कार्यालयले निर्णय गर्ने गरी अधिकार प्रत्यायोजन गरेको पाइन्छ। यसरी कुनै पनि अपराधबारेको सूचना लिएर आएको व्यक्तिको सूचना दर्ता गर्नुपर्ने र अनुसन्धान प्रक्रियापश्चात् मुद्दा चलाउने निर्णय भएपछि साधिकार मुद्दा हेर्ने निकायमा अभियोग पत्र पेस भई मुद्दाको कारबाही किनारा हुन्छ। कुनै व्यक्ति विरूद्ध

जाहेरी परेकै आधारमा मुद्दा चल्ने भन्ने हुँदैन । मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ९ ले कसुरसँग सम्बन्धित व्यक्तिलाई अनुसन्धानको लागि निश्चित कार्यविधि पूरा गरी पक्राउ गर्न सकिने र त्यस्तो हिरासतमा रहेको व्यक्तिलाई अनुसन्धान अधिकारीले हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखेमा सरकारी वकिलको सहमति लिई वा ऐ.को दफा १५ मा उल्लिखित प्रक्रियाबाट छाड्न सक्ने वा संकलित प्रमाणबाट मुद्दा चल्ने भए ऐनले तोकेको अवधिभित्र मुद्दा चलाउनु पर्ने हुन्छ । हाल प्रहरी कार्यालयले अनुसन्धान गरिरहेको र सो प्रयोजनका लागि नियमानुसार अदालतबाट म्याद थपको अनुमतिसमेत लिई अनुसन्धान तहकिकात भइरहेको तथ्यलाई निवेदकले स्वीकार गरिरहेकै देखिन्छ । यसरी कानूनको रीत पुऱ्याई अदालतको अनुमतिले हिरासतमा रहेको अवस्थामा उक्त अनुसन्धान तथा कारबाहीमा असर पर्ने गरी यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्र प्रयोग गरी हस्तक्षेप गरिहाल्नु पर्ने अपरिहार्य अवस्था यहाँ विद्यमान नदेखिने ।

जहाँसम्म उक्त चेकहरू व्यावसायिक कारोबारको सिलसिलामा दिएको हुँदा विशुद्ध लेनदेनको विषय भएकोले देवानी प्रकृतिको विवाद हुँदा विनिमय अधिकारपत्र ऐन, २०३४ बमोजिम मुद्दा चल्नुपर्ने भन्ने जिकिर छ, सो सम्बन्धमा हेर्दा बैंक तथा वित्तीय संस्थाजस्तो छुट्टै ऐन, कानूनद्वारा नियमन भएका निकायको संलग्नता भएको र त्यस्तो निकायलाई चेकमार्फत भुक्तानी आदेश दिएको अवस्थामा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को मिति २०७३।६।१८ मा प्रमाणीकरण भएको पहिलो संसोधनबाट यस प्रकृतिको कार्यलाई पनि दफा ३(ग) अन्तर्गत बैंकिङ कसुरको परिधिभित्र समावेश गरिएको देखिने ।

निवेदकको संविधान एवम् कानून प्रदत्त हकाधिकारमाथि विपक्षीहरूले कानूनविपरीत कुनै हस्तक्षेप गरेको देखिँदैन । कानूनबमोजिम जाहेरी लिई अनुसन्धानको क्रममा अदालतको अनुमतिले म्याद थप गरेको विषयलाई गैरकानूनी थुना हो भनी अर्थ लगाउन मिल्ने होइन । कानूनी रूपमा स्वाभाविक अघि बढ्ने कामकारबाही (Due Process of Law) सम्बन्धमा निवेदकको कुनै असहमति भए प्रचलित कानूनअनुसारकै कार्यविधि अपनाई न्याय खोज्नु पर्ने हुन्छ । अन्य वैकल्पिक उपचारको अभाव रहेको वा भए पनि अपर्याप्त वा प्रभावहीन भएको अवस्थामा मात्र रिट क्षेत्र जस्तो असाधारण अधिकार क्षेत्रमा आउनु पर्ने हुन्छ । प्रस्तुत निवेदनको विषयउपर साधिकार निकायमा अनुसन्धान तहकिकातको कार्य चलिरहेको अवस्थामा साधारण अधिकार क्षेत्रअन्तर्गत नै न्याय निरूपण हुने नै हुँदा सो कुरालाई प्रभावित गर्ने गरी आदेश गर्न मिलेन । यस्तो अवस्थामा प्रस्तुत रिट निवेदनमा कारण देखाउ आदेशसमेत जारी गरिरहनुपर्ने अवस्था नदेखिने ।

अतः उल्लिखित आधार कारणबाट साधिकार निकायबाट बैंकिङ कसुरसम्बन्धी जाहेरीको विषयमा अनुसन्धानको लागि सुमन गुरूङलाई पक्राउ गरेको र मिति २०७५।५।१९ मा म्याद थप अनुमति लिएको भन्ने निवेदनबाटै खुल्न आएको हुँदा रिट निवेदन माग दाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल भदौ २७ गते रोज ४ शुभम् ।